# शील सन्देश

# Sil Sandesh



डा. अनोजा गुरुमाँ

Dhamma.Digital
Downloaded from http://dhamma.digital/

# धर्मदान प्रदान गर्नुहुने दाताहरू



श्री अभिरकाजी स्थापित



श्रीमती शशीप्रभा स्थापित

Downloaded from http://dh

# शील सन्देश

- डा. अनोजा गुरुमाँ

Downloaded from http://dhamma.digital/

Dhamma.Digital


- **कृति** : शील सन्देश
- **लेखक** : डा. अनोजा गुरूमाँ
- **प्रकाशक** : सुलक्षण कीर्ति विहार, चोभार *BLIA Nepal Chapter*
- **प्रकाशन मिति** : २०६७ फागुन २१
- **प्रति** : १००० प्रति
- **सहयोग** : रु. १००|-
- **आवरण** : बी.एण्ड.बी. कम्प्युटर सर्भिस, बनेपा
- **कम्प्युटर** : गीता मञ्जुश्री
- **कम्प्युटर डिजाइनिङ** : जनमत कम्प्युटर सेवा, बनेपा
- **मुद्रण** : कल्पतरू प्रकाशन प्रा.लि., डिल्लीबजार, फोनः ०१-४४२४१०१


Downloaded from http://dhamma.digital/

# लेखकीय

पहिले पनि सुलक्षण कीर्तिलाई लिएर 'सुलक्षण कीर्तिविहार एक परिचय' भनेर लेखेकी थिएँ। पछि गएर विहारको उद्घाटन गर्नका लागि एउटा पुस्तक निकाल्ने मन गरेकी थिएँ। कसरी निकाल्ने भन्ने चिन्ता भइरहेको थियो। दाताविना किताबहरू निकाल्न गाह्रो छ। अर्को कुरा, मेरो नेपाली कमजोरी छ। अनि मोहन दुवालले 'बहिनीले लेख्नु, म मिलाएर सच्याएर दिन्छु' भनेर किताब निकाल्नका लागि ठूलो प्रेरणा दिनुभएको थियो।

अहिले म धेरै नै खुसी छु। अस्ति म अमीररत्न र शशीप्रभा स्थापितको निमन्त्रणामा उहाँहरूको घरमा गएँ। अनि मेरो विचार पोखेँ। उहाँहरूको परिवारले सजिलैसँग यसको प्रकाशनका लागि जिम्मा लिने कुरा भन्नुभयो। म त धेरै खुसी भएँ। त्यसकारण म उहाँहरूप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु। मैले सुलक्षण कीर्तिविहारको विषयलाई र विहारलाई सहयोग गर्नुभएका दाताहरूलाई उहाँहरूको गुण सम्झेर र विभिन्न विषयमा भगवान् बुद्धका पालामा भएको घटनासम्बन्धित विषय लिएर लेखेकी थिएँ। विहारमा बस्ता र उन्नति गर्दा कस्ता आपत्त र मारहरू आए वर्णन गर्न गाह्रो छ, यसैगरी हौसला दिनेहरू धेरै नै हुनुहुन्छ। काम गर्दा उत्साह हुनुपर्छ, हतोत्साही हुनुहुँदैन। जुन व्यक्तिले धर्मलाई रक्षा गर्छ, उसलाई धर्मले रक्षा गर्नेछ। यो त पक्का पनि हो। शान्तिका लागि हामीलाई आध्यात्मिक चिन्तनको जरूर त हुन्छ। पैसा मात्र भएर मनमा शान्ति पाइदैन। यस्तै विभिन्न विचारका लेखरचनाहरू यसमा समावेश छन्।

यस पुस्तकको सम्पादन गरिदिनुभएकोमा साहित्यकार दाजु मोहन दुवालप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। उहाँले जिम्मा लिनु भएको भए यो पुस्तक प्रकाशित गर्न असमर्थ हुन्थेँ होला। यसैगरी मेरा पाँचवटा किताब पनि उहाँले नै सम्पादन गरिदिनुभएको थियो।

अमीररत्न स्थापित र शशीप्रभा स्थापितको परिवारले प्रकाशन गर्ने जिम्मा नलिएको भए यो पुस्तक तपाईंहरूसामु पुग्ने थिएन होला। त्यसैले उहाँहरूप्रति पनि म सुस्वास्थ्य होस्, मङ्गल होस्, सुख होस् भन्दै दीर्घायुको कामना गर्दछु। यसरी नै उहाँहरूबाट भविष्यमा पनि धेरै सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा राखेकी छु।

**– डा. अनोजा**

Downloaded from http://dhamma.digital/

# लेखसूची


| | |
|---|---|
| १. दानको महानता - | १ |
| २. प्रेमका कारण दुःख हुन्छ - | ५ |
| ३. आफ्नो कर्म आफैंले भोग्नुपर्छ - | १० |
| ४. भनेको कुरामा एकैचोटि विश्वास गर्न हुँदैन - | १६ |
| ५. कन्जुस सेठ - | २२ |
| ६. बूढाबूढी हुने अवस्था - | २४ |
| ७. राज्यको रक्षा कसरी हुन्छ ? - | २६ |
| ८. मिल्नेहरुलाई बिछोड गराउनु हुँदैन - | ३० |
| ९. बुद्धधर्ममा छोरा र छोरी समान - | ३४ |
| १०. रीसले कहिल्यै पनि शान्ति गर्दैन - | ३७ |
| ११. आ-आफ्नो स्वभाव - | ४२ |
| १२. मरणानुस्मृति - | ४४ |
| १३. साहस र लगनशीलता नै सफलताको खुड्किलो - | ४६ |
| १४. व्याधिपि दुःख - | ४८ |
| १५. अमनुष्यलाई देखेका घटना - | ५० |
| १६. नारीको स्थान - | ५२ |
| १७. एकता नै ठूलो शान्ति - | ५४ |
| १८. ऐतिहासिक तीर्थस्थल सुन्दरीघाट - | ५८ |
| १९. श्रीलङ्काको अनुभव - | ६० |
| २०. सुलक्षण कीर्तिविहार - | ६४ |
| २१. विश्वशान्तिका लागि बुद्धको उपदेश - | ६८ |
| २२. एक समूह नै सुख - | ७२ |
| २३. सही धर्मको पहिचान - | ७७ |
| २४. बुद्धि परिपक्क हुने आठ वटा गुण - | ८० |
| २५. मैत्रीपूर्ण शुभेच्छा - | ८४ |
| २६. अर्काको भनाइमा जानु हुँदैन हो-होइन हेर्नुपर्छ - | ८६ |
| २७. युद्ध होइन हामीलाई शान्ति चाहिन्छ - | ९० |
| २८. कर्तव्य पालन नै धर्म - | ९३ |
| २९. अभिधम्मामा ध्यान - | ९५ |
| ३०. गृह विनय - | ९८ |
| ३१. यात्रा एक परिचय र बौद्धदर्शन - | ९३ |
| ३२. बङ्गलादेश भ्रमणको अनुभव - | ९३ |
| ३३. बोधिसत्व सिद्धार्थ गौतम - | ९३ |
| ३४. विगतको दुःख सम्झिँदा - | १०२ |


Downloaded from http://dhamma.digital/

# दानको महानता

महान् व्यक्ति हुनका लागि गुणधर्म अत्यन्त आवश्यक छ । त्याग र गुणधर्मविना कुनै पनि व्यक्ति महापुरूष अथवा महान् व्यक्ति हुन सक्तैन । सुन्दर रूप हुँदैमा, राजकुमार हुँदैमा, महाजनको छोरा हुँदैमा, विद्वान्को छोरो हुँदैमा र धन, जन र सन्तानले पूर्ण हुँदैमा कुनै पनि व्यक्ति महापुरूष हुँदैन । महापुरूष हुनका लागि त्याग गर्नुपर्छ, नैतिकवान् र भद्र हुनुपर्छ, समान व्यवहार गर्न सक्ने हुनुपर्छ, परोपकारी कार्य गर्नुपर्छ । कार्यशील, सहनशील आदि गुणले युक्त व्यक्ति नै महापुरूष हुन्छ । तर यस्तो गुणसम्पन्न हुनका लागि लामो समयदेखिको तपस्याको आवश्यकता पर्दछ । सबैमा यस्तो गुण हुन सक्तैन ।

हेरौँ न, कसैलाई रक्तदान गर्न मन लाग्छ । कोही सियोले घोचेको नै हेर्न सक्तैनन्, डराउँछन् । हेर्नै नसक्ने व्यक्तिले कसरी रगत दान दिन्छ र ? अर्थात् जुन व्यक्तिले लामो समयदेखि तपस्या गरेको हुँदैन, त्यो व्यक्ति महापुरूष हुन सक्तैन । त्यसकारण हामीले सबैभन्दा राम्रो काम गर्नका लागि राम्रो र असल व्यक्तिको सङ्गत गर्नुपर्दछ । सकारात्मक विचार र उपकारी भावना हुनुपर्दछ । साथै गुणयुक्त र ज्ञानवर्द्धक पुस्तकहरूको अध्ययन गर्नं अत्यन्त आवश्यक पर्छ । राम्रो व्यक्तिसँग सङ्गत गरिएन भने राम्रो विचार आउँदैन । राम्रो व्यक्ति अथवा राम्रो साथीसँग सङ्गत गर्नाले अनि राम्रो कुरालाई सुनियो भने प्रज्ञा उत्पन्न हुन्छ । विनाप्रज्ञा-ज्ञानले महापुरूष हुन सकिँदैन । त्यसकारण सर्वप्रथम सुन्नुपर्छ, त्यसपछि चिन्तनमनन गर्नुपर्छ । जे कुरा पनि सुनेर काम गर्‍यो भने सफल अवश्य भइन्छ । मैले यसरी विचार गरेकी छु ।

पहिले बोधिसत्वहरूले गर्नुभएको काम र दानलाई अहिले धेरै जसोले अभ्यासमा ल्याएको देखिन्छ । बोधिसत्वहरूले गर्नुभएको काम अहिले आएर नेपालमा पनि धेरैजसोले बुझ्केको नै हो भने एक दिन अवश्य पनि शान्ति आउनेछ, शान्ति हुनेछ । मलाई यसमा विश्वास लाग्छ । हाम्रा बाजेबराजुले भनौं या सिद्धार्थ गौतम बोधिसत्वले रगत मात्र दान गर्नुभएको थियो र हामीले त्यो रगत जम्मा पारेर राखेका थियौँ भने खोलाजस्तो हुन्थ्यो होला रे ! आँखा मात्र दान दिनुभएको र त्यो जम्मा गरेको भए आकाशका ताराजति हुन्थे होलान् रे ! तपाई आफैँ सोच्नुहोस् – उहाँले कति दान दिनुभयो होला ?

मेरा साथी एकजना '६५ पटक रगत दान दिएँ' भन्नुहुन्छ । मैले त ११ पटक मात्र दिएँ । कारण के भने बर्सेनी रगत दान दिन्छु भनेर जान्छु, तर विभिन्न कारणवश रगत दिन नै नमिल्ने हुन्छ । त्यसैले श्रद्धा मात्र भएर पुग्दैन । दान दिने कुरामा तीनवटा तत्व पुग्यो भने दानपारमिता पूरा हुन्छ, नत्र पूरा हुँदैन । ती



Downloaded from http://dhamma.digital/

तीनवटा तत्व यसप्रकार छन् : श्रद्धा, सामान र लिने व्यक्ति । श्रद्धा छ तर लिने व्यक्ति र सामान छैन भने पनि हुँदैन । सामान पनि छ, लिने व्यक्ति पनि छ तर श्रद्धा छैन भने पनि पूरा हुँदैन । श्रद्धा पनि छ, सामान पनि छ तर लिने व्यक्ति छैन भने पनि त्यो दान पूरा हुँदैन । अमेरिका, जापान, बेलायत, ताइवानजस्ता आर्थिक रूपमा सम्पन्न देशहरूमा केही दान दिन खोज्दा पनि त्यहाँ लिने व्यक्ति हुँदैन । त्यहाँ श्रद्धा छ, सामान छ तर लिने व्यक्ति छैन । हाम्रो देश नेपाल, भारत, बङ्गलादेशजस्ता गरिब देशहरू ती होइनन् । त्यसकारण तीनवटा चीज मिल्यो भने मात्र दानपारमिता पूरा हुन्छ । हाम्रो नेपालमा अचेल रगतको अति आवश्यकता देखिन्छ । दिने व्यक्ति पनि धेरै भए । उनीहरूले बुझे रक्तदान नै जीवनदान हो भनेर । जसले बुझेको हुँदैन, त्यसले दिन पनि सक्तैन । त्यस्तै, आँखा दान दिने चलन पनि आयो । मृत्युपछि पनि काम लाग्ने भयो आँखा । यस्तो शरीरको अङ्ग पछि अरूलाई काम लाग्छ भने किन दान नदिने ? त्यसैकारण प्रज्ञा अत्यन्त आवश्यक छ ।

आँखा दान दिएको बेलामा कसैले मलाई प्रश्न सोध्नुभएको थियो – “गुरूआमा ! आँखा दान दियो भने मरेको अवस्थाजस्तै हुन्छ रे ! अथवा पछिल्लो जन्ममा कानो अथवा अन्धो हुन्छ रे, हो ?”

त्यसपछि मैले सम्झाएँ – “मृत्युपछि त्यो आँखा खरानी भएर जान्छ । कसैको आँखा जमिनमा गाडिन्छ र त्यो पनि कुहिएर माटो भएर जान्छ । कसैको आँखा पशुपन्छीलाई खुवाउने चलन छ । अशुभ लास पछि केही दिनभित्रै मल भएर जान्छ । खोइ त पछिल्लो जन्मका लागि ? त्यसो होइन । त्यो त दुःख नमानीकन पारमिता पूरा गर्ने ज्ञान र श्रद्धाको कुरा हो । श्रद्धा र ज्ञान भएका व्यक्तिहरूले आँखा दान दिएकाले नै धेरैजनाको उपकार भएको छ । अहिले धेरैजना अन्धा व्यक्तिहरूले पनि वैज्ञानिक ज्ञानका कारणले गर्दा संसार देख्न सक्ने सुअवसर पाइरहेका छन् । विश्वास लाग्दैन भने तिलगङ्गा आँखा अस्पतालमा गएर बुझ्नुहोला । यस्तो कार्य वास्तवमा बोधिसत्वहरूको कार्य हो । बुद्ध हुने व्यक्तिलाई बोधिसत्व भन्दछन् ।

एकजना बोधिसत्व शिविको जन्म अरिट्टपुर नगरमा शिवि महाराजका राजकुमारका रूपमा भयो । छोराको नाम शिवि राजकुमार भनेर नामकरण गरियो । ‘हुने बिरूवाको चिल्लो पात’ भनेजस्तै राजकुमार बिस्तारै बढेर आए । उनलाई अध्ययनका लागि तक्षशिलामा पठाइयो । तक्षशिला आजकाल पाकिस्तानतिर पर्छ । तक्षशिला विश्वविद्यालयबाट १६ प्रकारका विद्यामा पारङ्गत भएर उनी आफ्नो राज्यमा फर्केर आए । आफूले सिकेको शिल्पविद्या उनले आफ्नो बुबा राजालाई देखाए । राजा एकदम खुसी भएर राजकुमारको इच्छाअनुसार देशमा छवटा दानशाला बनाए र याचकहरूलाई दान दिने गरे । पछि राजा बितेपछि शिवि राजकुमार नै राजा भए । शिवि राजा हुँदा प्रत्येक पूर्णिमामा आफैं बाहिर गएर दान दिने गर्न थाले । बाहिर गएको समयमा दिनको ७-८ हजार दान दिने गर्न थाले । त्यति मात्र होइन, शील-सदाचार पनि उनमा त्यत्तिकै थियो । गरिबहरूमाथि उनी दया-माया गर्थे । उनी जनतालाई आफ्नो एक्लो छोरोजस्तो सम्झन्थे ।

एकचोटि पूर्णिमाको दिन दानशालामा गएर राजाले दानको निरीक्षण गरे । एक



Downloaded from http://dhamma.digital/

ठाउँमा बसेर उनले विचार गरे – 'यो दान त शरीरभन्दा बाहिरको हो । यसबाहेक अरू पनि लिन आयो भने म दिन तयार छु, मलाई सन्तोष लाग्नेछ । जस्तै : रगत दान लिन आयो भने पूरा रगत दिनेछु । कसैले मासु लिन आयो भने मासु काटेर दिनेछु । कसैले नोकर बन्नका लागि मलाई नै माग्न आयो भने पनि मेरो राज्य छाडेर राजवस्त्रसमेत त्याग गरी म अर्काको घरमा जानेछु र नोकरको काम गर्नेछु । मेरो आँखा नै लिन आयो भने पनि म सजिलैसित आँखा दान दिन तयार छु । म मेरो दानपारमी, दानउपपारमी र दानपरमत्थपारमी पूरा गर्नेछु ।'

यस्तो विचार गर्दै राजा दानशालामा बसिराखे । ती बोधिसत्वको यस्तो चिन्तन देवराज इन्द्रले थाहा पाए । शिवि राजाको चित्तको विषय थाहा पाई उनले आँखा दान दिन सक्छन् कि सक्तैनन्, सक्ने रहेछन् भने उनको पारमी पूरा गराइदिनुपर्‍यो भन्ने सोचेर दुईवटै आँखा नभएका एकजना वृद्ध ब्राह्मण बनी उनी राजाको दानशालामा पुगे । ती ब्राह्मण एउटा उत्तम ठाउँमा बसेर 'राजाको जय होस् ! राजाको जय होस् !' भनेर कराए । उनले भने – "हे महाराज ! तपाईंले दिनुभएको दानको विषयबाट सबै ठाउँमा तपाईंको कीर्ति फैलियो । तपाईं धेरै नै दयावान् र दानवान् महाराज हुनुहुन्छ । तपाईंसँग दुईवटा आँखा छन् । म अन्धो हुँ । त्यसैकारण मलाई एउटा आँखा दिनुहोस् ।

दूरे अपस्सं थेरो व, चक्खु याचितु आगते ।
एकं नेत्ता भविस्साम, चक्खु मे देहि याचितो ॥

धेरै टाढा बस्ने म वृद्ध टाढैदेखि आँखा माग्न आएको छु, मलाई आँखा दिनुहोस् । त्यति भए दुवैजनासँग एउटा-एउटा आँखा हुनेछ ।"

यस्तो सुनेर बोधिसत्वले 'अहिले मात्रै मैले दानशालामा बसेर सोचेको थिएँ, आँखा माग्न अन्धा आइपुगे, मेरो कीर्तिको ठूलो लाभ भयो, आज मेरो मनोकामना पूरा हुने भयो, यसभन्दा पहिले मैले कहिल्यै यस्तो दान दिएको छैन, अब दिनेछु' भन्ने सोचे । धेरै खुसी भएर उनले भने – "हे ब्राह्मण ! तिमीलाई एउटा मात्र होइन, दुईवटै आँखा दान दिनेछु । तर तिमी कसले भनेर माग्न आएका हौ ?"

ब्राह्मणले भने – "जुन व्यक्तिलाई देवलोकमा 'सुजम्पति' र मनुष्यलोकमा 'मछवा' भनिन्छ, उहाँले भनेर नै म आँखा माग्न आएको हुँ । म माग्ने हुँ । मलाई दानमध्ये आँखा सबैभन्दा श्रेष्ठ हो भन्ने सोचेर दान दिनुहोस् ।"

शिवि राजा बोधिसत्वले भने – "तिमीलाई दुईवटा आँखा दिने पक्का भयो । तिमीले एउटा मात्र आँखा मागेका छौ, तर म दुईवटा नै दिनेछु ।"

अनि राजाले जीवक वैद्यलाई बोलाएर भने – "यही ठाउँमा बसेर आँखा निकालियो भने जनतालाई दुःख लाग्छ, त्यसैले भित्र गएर मेरा आँखा निकाल ।"

राजाको कुराले सर्वत्र हल्लाखल्ला भयो । रानी, सेनापति, मन्त्रीगण, जनता सबैले बिन्ती गरे – "तपाईंको आँखा दान नदिनुस्, बरू हीरामोती, धनसम्पत्ति इत्यादि दान दिनुस् ।"

त्यसो भनेर उनीहरू चिच्याएर रून-कराउन थाले । अनि राजाले गाथाद्वारा भने –

यो वे दस्सं ति वत्वान अदाने कुरूते मनो



Downloaded from http://dhamma.digital/

भुम्या सो पतितं पासं गीवाय पटिमुञ्चति
यो वे दस्सं ति वत्वान अदाने कुरूते मनो
पापा पापरतो होति सम्पत्तोयम सादनं
यं हि याचे हि ददे, यं न याचे न तं ददे
स्वाहं तं एव दस्सामि यं मं याचति ब्राह्मणो ।

अर्थ – जुन वस्तु दिन्छु भनेर पनि नदिने इच्छा गर्छ, त्यसका लागि पृथ्वीमा राखेको बन्धन नै आफ्नो गर्दनमा राखेको जस्तो हुन्छ । जो दान दिन्छु भनेर पनि दिँदैन, त्यसले पापीले भन्दा पनि बढी पाप गरेको हुन्छ । त्यस्तो व्यक्ति यमलोकमा सजिलैसित जान्छ । जुन चीज मागेको छ त्यो दिनू, नमागेको नदिनू । त्यसैकारण ब्राह्मणले आँखा मागेका छन् भने मैले आँखा दिनुपर्छ ।"

ब्राह्मणले सोधे – "हे राजा ! आयु, वर्ण, सुख र बलमध्ये कुनचाहिँ पाउने इच्छा गरेर आँखा दान दिन लाग्नुभएको हो ?" शिवि बोधिसत्वले जवाफ दिए – "त्यस्ता कुरा मलाई केही पनि चाहिँदैन । मलाई सबै पर्याप्त छ । तर म सर्वज्ञ ज्ञानका लागि दान दिँदैछु ।"

त्यसपछि जीवक वैद्यले पनि राजाको आँखा निकालेर राजाकै हातमा राखिदियो । र ाजाले त्यसपछि 'मलाई दुखेको छ, वेदना छ, तर त्यसलाई सहेको छु, मेरा आँखा मलाई मन नपरेर दान दिएको होइन, यो मांसक आँखाभन्दा प्रज्ञा-ज्ञानको आँखा मलाई अत्यन्त आवश्यक छ' भने र दुईवटै हातले आदर र गौरवपूर्वक ब्राह्मणलाई आफ्ना आँखा दान दिए ।

दान दिइसकेपछि राजाले विचार गरे – 'अन्धो राजाले राज्यमा बसेर केही फाइदा छैन । त्यसैकारण राज्य सबै छोडेर म संन्यास लिन्छु र जङ्गलमा बस्छु ।'

यस्तो सोचेर राजा उद्यानतिर गए र उतै ध्यान गरेर बस्न थाले ।

केही समयपछि फेरि इन्द्र नै ब्राह्मणका रूपमा आएर राजालाई भने – "हे राजा ! तिमीलाई आँखा चाहिन्छ भने म दिन्छु । तिम्रो दान महान् छ । तिम्रो दिल चिन्न मात्र म ब्राह्मण बनेर आएको हुँ । वास्तवमा म इन्द्र हुँ । तिमीलाई चाहिन्छ भने म तिम्रो आँखा फिर्ता दिन्छु ।" अनि बोधिसत्वले भने – "मलाई कसैको आँखा चाहिँदैन । मैले दिएँ । मलाई फिर्ता पनि चाहिँदैन ।"

फेरि इन्द्रले भने – "होइन, दान दिनुको पनि केही कारण हुनुपर्छ । तिम्रो आँखा फिर्ता आउँछ । भन, तिमीले दान दिएको अवस्थामा कस्तो चित्तले दियौ ?"

राजाले भने – "मैले चित्त एकदमै खुसी राखेर दिएको हुँ । मसँग माग्न आउनेहरू सबै मेरा प्रियजन हुन् ।"

राजाको त्यही सत्य वचनका कारणबाट आफसेआफ उनलाई दिव्य चक्षु प्राप्त भयो । पहिले मासुको आँखा मात्र प्राप्त भएको थियो, पछि दिव्य आँखा नै प्राप्त भयो । राजाले दिव्य आँखाले देख्न सके ।

त्यसैकारण भन्ने गरिएको हो – स्वच्छ दिल या प्रसन्न चित्तले दिएको दान, मद्दत, सेवाको प्रतिफल अहिलेको अहिल्यै अथवा तुरुन्तै पाउन सकिन्छ ।

भवतु सब्ब मङ्गलम् ।



Downloaded from http://dhamma.digital/

# प्रेमका कारण दुःख हुन्छ

नमोतस्य भगवतो अरहतो सम्मासम्बुद्धस्य ।

सिमानाभन्दा नाघेर प्रेम गऱ्यो भने, माया र प्यार गऱ्यो भने धेरै नै दुःख हुन्छ । त्यसैकारण भगवान् बुद्ध के भन्नुहुन्छ भने 'सिमाना नाघेर प्रेम नगर । जुन वस्तुमा धेरै प्रेम छ, धेरै मन परेको त्यो वस्तु बिग्रियो भने दुःख हुन्छ । नित्य केही पनि छैन । यस संसारमा भएका सामान, वस्तु, जीव, मनुष्यहरू केही पनि नित्य छैनन् । त्यसै भएका कारणले धेरै माया, ममता, प्यार गर्नु हुँदैन ।'

'धम्मपद' पनि भनिएको छ –

जीरन्ति वे राजरथा सुचित्ता
अथो सरीरम्पि जर उपेति ।
सतञ्च धम्मो न जरं उपेति
सन्तो हवे सब्भि पवेदयन्ति ॥६॥

राम्रो पारेर, अलङ्कृत गरेर राखेको राजाको रथ जीर्ण भएर जानेजस्तै यो शरीर पनि जति राम्रो गरी केही बिग्रिएला कि भनेर रक्षा गरे तापनि बिस्तारै-बिस्तारै जीर्ण भएर जान्छ । तर तथागतहरूको सत्य-धर्म जीर्ण हुँदैन भनी सन्त र पण्डितहरू भन्दछन् ।

यो संसार नाशवान् त हो नै, कोही पनि यहाँ बसिरहन सक्ने छैन । एक दिन अगाडि, एक दिन पछाडि बिस्तारै-बिस्तारै विनाश भएर जान्छ । यो संसारको नियम नै हो । धेरै मन पर्नेसँग बिछोड हुँदा दुःख हुन्छ भन्ने क्रममा भगवान् बुद्धले एउटा घटना भन्नुभएको थियो ।

भगवान् बुद्ध श्रावस्तीको जेतवन बिहारमा बस्नुभएको थियो । त्यस समयमा एकजना साहु अर्थात् धेरै पैसा भएका महाजनको एक्लो पुत्र थियो । महाजन एक्लो छोरालाई धेरै नै मन पराउँथे, आफ्नो ज्यानलाई भन्दा बढी मन पराउँथे । अचानक छोराको मृत्यु भयो । कालगतिलाई कसैले पनि रोक्न सक्ने कुरा होइन । छोराको मृत्यु भएपछि जीवन व्यर्थजस्तो अनुभव गरेर महाजनले खाना-पानी केही खाएका थिएनन् । सुत्न पनि सकेनन् । बहुलाहाजस्तो भएर उनी यताउता घुमिरहने गर्थे ।



Downloaded from http://dhamma.digital/

एक दिन बाटोमा कतै जाँदाजाँदै महाजन भगवान् बुद्धकहाँ पुगे। भगवान् बुद्धलाई वन्दना गरेर उनी एउटा ठाउँमा बसे। भगवान् बुद्धले साहुको अनुहार देखेर सोध्नुभयो – "महाजन! तपाईंको मुख र चित्त शान्त देखेको छैन। एकदम दुःखीजस्तो देख्छु। के भयो ?"

साहुले भने – "मेरो एउटा मात्र छोरो थियो। ऊविना मेरो मनमा केही गर्ने इच्छा छैन। भोजन गर्न पनि मन छैन। म मसानघाटमा गएर रोइरहेको हुन्छु।"

"महाजन! प्रेम र मायाबाट नै यस्तो दुःख, पीडा, डाह, शोक हुने हो।"

महाजनले सोधे – "कसरी दुःख हुन्छ र ? माया, प्यारबाट त सुख हुने हो, आनन्द हुने हो। मैले तपाईंको कुरालाई स्वीकार गरिनँ।"

यति भनेर महाजन रिसाएर उठी एकातिर हिँडे। उनलाई लाग्यो – 'भगवान् बुद्धले नभएको कुरा भन्नुभयो। प्रेमका कारणले सुख मात्र हुन्छ, तर दुःख हुन्छ भनेर बुद्धले भन्नुभयो। अरूसँग यस्तै प्रश्न गर्दा सबैले प्रेमका कारणले सुख हुन्छ, आनन्द हुन्छ भनेर जवाफ दिएका छन्। भगवान् बुद्धले मात्रै प्रेमका कारणले दुःख, पीडा, डाह हुन्छ भन्नुभयो।'

यस्तो सोच्तासोच्तै महाजन राजाकहाँ पुगे। महाजन र भगवान् बुद्धको चर्चा राजभवनमा पुगेपछि उनले गरे। राजाले मल्लिकादेवीलाई बोलाए र मल्लिकासँग प्रश्न सोधे – "तिमीले भक्ति राखेको, तिमीले श्रद्धा राखेको तिम्रा गुरू गौतम बुद्धले प्रेमको, मायाको र प्यारको कारणबाट दुःख हुन्छ, पीडा हुन्छ र डाह हुन्छ भन्नुभएछ। त्यो हो त ?"

मल्लिकाले जवाफ दिइन् – "भगवान् बुद्धले भन्नुभएको भए हुन सक्छ।"

"मलाई यही कुरा मन पर्दैन, भगवान् बुद्धले भनेको कुरा सबै ठीक छ भनेर स्वीकार गर्ने। तिमी त यस्ती, छिः! गुरूले शिष्यलाई भनेका कुराहरू शिष्यले मान्ने र गुरूले भनेका कुरा सबै ठीक छ भनेर स्वीकार गर्ने, बुझ्नु नपर्ने! मलाई यस्तो कुरा ठीक लाग्दैन।"

यसो भनेर राजा उठेर हिँडे। मल्लिका महारानी पनि डराउने खालकी महिला थिइनन्। उनलाई विश्वास थियो भगवान् बुद्धले नभएको कुरा भन्नुहुन्न भनेर। अनि मल्लिका महारानीले 'जङ्घ ब्राह्मण' लाई बोलाई भनिन् – "भगवान् बुद्धकहाँ गएर मेरो वन्दना सुनाऊ र प्रेमका कारणले दुःख, भय, शोक र डाह हुन्छ भन्नुभएको हो कि होइन भनेर सोध, अनि भगवान् बुद्धले के जवाफ दिनुहुन्छ त्यो पनि सुनेर मलाई जवाफ दिन आऊ।"

मल्लिका महारानीले भनेजस्तै जङ्घ ब्राह्मण भगवान् बुद्धकहाँ गए र



Downloaded from http://dhamma.digital/

वन्दना सुनाएपछि 'प्रेमका कारणले दुःख हुन्छ भन्नुभएको हो कि होइन ?' भनी सोधे । अनि भगवान् बुद्धले जवाफ दिनुभयो – "हो, प्रेमका कारणले दुःख, डाह र पीडा हुन्छ ।"

"कसरी हुन्छ भगवान् सास्ता ?" – ब्राह्मणले फेरि सोधे ।

"सुन्नुहोस् ब्राह्मण ! यस श्रावस्तीमा एउटी महिलाकी आमाको मृत्यु भयो । मृत्यु हुँदा जबसम्म तृष्णालाई काट्न सकिँदैन, तबसम्म संसारमा जन्म लिनुपर्छ एउटा ठाउँबाट अर्को ठाउँमा, एक बीथीबाट अर्को बीथीमा सरेजस्तै । छोरीले एउटा बाटोबाट अर्को बाटोमा अथवा अर्को ठाउँमा गएर कसैले मेरी आमालाई देख्नुभएको छ कि भनेर रूँदै सोधिखोजी गरिन् । तर त्यसै समयमा अर्काकी आमाको मृत्यु भएको भए उनलाई त्यति दुःख हुन्थ्यो त ? त्यति डाह हुन्थ्यो त ? आफूलाई जन्म दिने, माया गर्ने, प्यार गर्ने, प्रेम गर्ने आमाको मृत्यु भएको कारणले नै उनलाई दुःख, पीडा र डाह भएको हो ।

अर्को एउटा कुरा सुन्नुहोस् ब्राह्मण ! यही श्रावस्ती नगरमा कुनै केटा र केटीका बीच प्रेम भएको थियो । एक-अर्काले छोड्न नसक्ने अवस्था भयो । उनीहरूले एक-अर्कालाई प्रेमको बन्धनले बाँधे । आमाबुबाले आफ्नी छोरी अर्कै केटालाई दिन खोजे । यो कुरा छोरी अथवा प्रेमिकाले आफ्नो प्यारो केटालाई सुनाइन् । केटाले विचार गरे – 'आफ्नी प्रेमिकाविना बाँच्नु बेकार छ । एक दिन मुख नदेख्ता त खाना खान मन नपर्ने, सुत्न नसक्ने हुन्छ भने जिन्दगीभरि नै नदेख्ता कति दुःख लाग्ने होला !' अनि केटीले पनि विचार गरिन् – 'दुईजना नै मरेर श्रीमान्-श्रीमती बनेर बस्नेछौं ।' त्यही विचार गरेर केटीले आफ्नो प्रियलाई मारिदिइन् र पछि आफूले पनि आत्महत्या गरिन् । यो प्यार या प्रेमका कारणले नै भएको थियो ।"

यस्तो कुरा भगवान् बुद्धबाट सुनेपछि जङ्घ ब्राह्मणले सबै कुरा मल्लिका महारानीलाई सुनाइदिए । जङ्घ ब्राह्मणका कुरा सुनेर मल्लिका महारानी प्रसेनजित राजा भएको ठाउँमा गएर भनिन् – "महाराज ! तपाईंकी आफ्नी एउटी मात्र छोरी वज्रा तपाईंलाई मन पर्छिन् ?"

"हो, मलाई असाध्यै मन पर्छिन् । मेरी छोरीविना म बस्नै सक्तिनँ । छोरी मलाई धेरै मन पर्छिन् ।"

"छोरीलाई केही सङ्कट पर्‍यो अथवा केही भयो भने तपाईंलाई दुःख हुन्छ कि हुँदैन ?"

"किन नहुने ? मेरी छोरीलाई केही भयो भने मेरो जीवन सङ्कटमा पर्छ ।"

"त्यसैकारण भगवान् बुद्धले भन्नुभएको थियो – प्रेमका कारणले नै दुःख,



Downloaded from http://dhamma.digital/

शोक आदि हुन्छ। महाराज ! वासभ क्षेत्रिय, विदूडभ तपाईंका प्रिय हुन् कि ?"

"हो महारानी !"

"उनीहरूलाई केही भयो भने तपाईंलाई दुःख हुन्छ कि हुँदैन ?"

"हुन्छ, किन नहुने ?"

"सुन्नुहोस् महाराज ! म तपाईंकी प्रिय महारानी हुँ कि होइन ?"

"हो मल्लिका ! तिमी मेरो जीवनभन्दा प्यारी हौ।"

"त्यसो भए महाराज ! मलाई केही आपतविपत आइपऱ्यो अथवा केही भयो भने तपाईंलाई दुःख हुन्छ कि हुँदैन ?"

"हुन्छ महारानी !"

"त्यसैकारण भगवान् बुद्धले यस्तो सबै जानेर नै प्रिय, प्यार, मायाका कारणले डाह हुने, दुःख हुने, पोल्ने भन्नुभएको थियो। प्रियका कारणले नै शोक उत्पन्न हुन्छ।"

"ठीक भन्नुभयो मल्लिका, भगवान् बुद्धले। ठीक भन्नुभयो।"

यति भनेर राजा उठे र भगवान् बुद्ध बस्नुभएको ठाउँमा हेरेर नमस्कार गरे। उनले 'भगवान् सम्यक् सम्बुद्धलाई नमस्कार' भनेर तीनचोटि नमस्कार गरे। नबुझेका बेलामा धेरै नै रिसाएका थिए, बुझेपछि शान्त भए। मल्लिका महारानी धेरै नै बुद्धिमती भएकी हुनाले राजालाई सम्झाउन सकिन्। त्यसैकारण प्रज्ञा (ज्ञान) अत्यन्त आवश्यक छ, बुझाउने र बुझ्ने क्षमता हुनुपर्छ।

त्यसपछि राजा र रानी खुसी भएर राजदरबारमाथि गए र त्यहाँबाट आफ्नो श्रावस्तीको प्राकृतिक दृश्यावलोकन गरी मनोरञ्जन गरे। राजा र रानी दुवैजना कुराकानी गर्दैगर्दा अचानक राजाले मल्लिका महारानीसँग प्रश्न सोधे – "तिमीलाई सबैभन्दा प्यारो र मन पर्ने को हो ? तिमीले सबैभन्दा प्रेम कसलाई गरेकी छ्यौ ? तिम्रो जीवनभन्दा ठूलो अरू कोही प्रेमी छ ? तिमीलाई मन पर्ने कोही छ ?"

मल्लिकाले जवाफ दिइन् – "महाराज ! जीवनभन्दा ठूलो यस जगत्मा अरू कोही प्रेमी अथवा प्यारो अथवा मन पर्ने हुनै सक्तैन। आफ्ना लागि सबैभन्दा प्यारो आफू नै हो। छोरा ठूलो, छोरी ठूलो, लोग्ने, स्वास्नी, श्रीमान्, श्रीमती, साथी ठूलो भनिन्छ, तर त्यो त भनाइ मात्र हो। आफू नै आफूलाई सबैभन्दा बढी मन पर्छ, प्यारो हुन्छ। अचानक भुइँचालो आएको बेलामा आफूलाई मन पर्ने श्रीमान्, श्रीमती, छोरा, छोरी माथि बसेका छन् र आफूचाहिँ तल बसिएको छ भने भुइँचालो आउने बेलामा मन पर्ने व्यक्तिलाई लिन माथि जाने भन्ने हुँदैन। आफ्नो ज्यान बचाउनका लागि आफू नै हत्तपत्त बाहिर निस्कने कोसिस गरिन्छ र जान्छौँ पनि। आफूलाई मन पर्ने अथवा प्रिय भनिने व्यक्ति माथि रहेको छ भनी



Downloaded from http://dhamma.digital/

बोलाउन गइयो भने आफू पनि सङ्कटमा परिन्छ । समयले नभ्याइएका कारणले मान्छेहरू आफ्नो ज्यान पहिले आफैँले बचाउँछन् । त्यसैकारण सबैभन्दा पहिले आफू नै आफूलाई मन पर्छ महाराज !"

त्यो सुनेर राजा खुसी भए। राजाले पनि विचार गरे – 'सबभन्दा पहिले मन पर्ने त आफू नै हो।' अनि दुईजना नै भगवान् बुद्धकहाँ गए। आफूले भनेका कुराजति सबै नै भगवान् बुद्धलाई सुनाउँदा भगवान् बुद्धले साधुवाद दिनुभयो। राजाले पनि विचार गरेको त्यस्तै थियो – 'आफूभन्दा मन पर्ने अरू कोही छैन। अरू त पछि मात्र आउँछन् ।'

अरूलाई धेरै माया, प्यार गर्‍यो भने नै दुःखको आगोले पोल्छ, दुःख हुन्छ, डाह हुन्छ, पीडा हुन्छ । प्रेमका कारणले आफूलाई जलाएर बस्नुपर्छ । जङ्गल जलेको, घर जलेको सबैले देख्न सक्छन्, तर आफ्नो मनभित्र प्रेमले पोलेको कसैले देख्न सक्तैन। त्यसैकारण सिमाना नाघी धन, माया, प्यार, प्रेम गर्न हुँदैन। त्यही कारणबाट दुःख हुन्छ, डाह हुन्छ, पोल्छ। आफूले गर्दा अरूलाई दुःख नदिनू।



Downloaded from http://dhamma.digital/

# आफ्नो कर्म आफैंले भोग्नुपर्छ

आमाबुबाले जन्म मात्र दिनुहुन्छ, तर कर्म आफैंले भोग्नुपर्छ चाहे राम्रो काम गर्नोस्, चाहे नराम्रो । राम्रो काम गरेको फल मीठो हुन्छ, खुसीसाथ भोग्न पाइन्छ । नराम्रो काम भनेको पाप हो । पाप भोग्नुपरेको अवस्थामा धेरै नै दुःख, पीडा, डाह हुन्छ । मनमा डाह भइरहन्छ, सधैंभरि पीडाले सताउँछ । पाप गर्दा अलिकतिजस्तो लाग्छ, तर भोग गर्नुपर्ने अवस्थामा धेरै नै दुःख हुन्छ । पाप गर्ने बेलामा मनोरञ्जन हुन्छ, रमाइलो लाग्छ, खुसी हुन्छ, अरूलाई दुःख दिँदा मजा लाग्ने हुन्छ ।

पापो पि पस्सति भद्रं याव पापं न पच्चति
यदा च पच्चति पापं अथ पापो पापानि पस्सति ॥

पापको फल नआएसम्म पापले पापलाई पुण्य सम्झिन्छ । जब पापको फल भोग्ने समय आउँछ, अनि मात्र पापलाई पाप भनेर याद आउँछ ।

आगोले सबैलाई पोल्छ । आगोको धर्म भनेको नै पोल्नु हो । त्यसैकारण आगोले भिक्षु, भिक्षुणी, उपासक, उपासिका, राजा, प्रजा, ऋषिमुनि, विद्वान् भनेर पक्षपात गर्दैन, सबैलाई पोल्छ । जसले छोयो, त्यसलाई पोल्छ । जातभात, धनी-गरिब पनि भन्दैन । त्यस्तै, बरफ चिसो हुन्छ । चिसो हुनु त्यसको धर्म हो ।

पापले दुःख हुन्छ र पुण्यले सुख पाइन्छ । पापले पोल्छ भन्ने कुराको दृष्टान्तका रूपमा एउटा घटना याद आयो । त्यस घटनाले भन्छ – मनलाई सफा गर्नुपर्छ ।

न अन्तलिक्खे न समुद्दमज्झे
नपब्बतानं विवरं पविस्स ।
नविज्जति सो जगतिप्पदेसा
यत्थट्ठितो मुञ्चेयय पापकम्मा ॥

आकाशमा, समुद्रमा, पर्वतको प्वालमा, गुफाहरूमा जतासुकै बसे तापनि पापकर्मफलबाट बच्न सक्ने ठाउँ कहीँ पनि हुँदैन, हुने छैन ।

भिक्षु भए पनि पापकर्म भोग्नुपर्ने विषयको पहिलेको एउटा घटना सुनाउँछु । यस घटनालाई भगवान् बुद्धले श्रावस्तीको जेतवन बिहारमा बस्नुभएको बेला



Downloaded from http://dhamma.digital/

लोसकतिस्स नाम भएको स्थविरका बारे बताउनुभएको थियो।

कोशल राष्ट्रको एउटा गाउँमा माछा मार्ने माझीहरू बस्ने गरेका थिए। तिनीहरूको काम नै माछा मार्ने र बेचेर खाने थियो। तिनीहरू गरिब भए तापनि जीविकाका लागि काम गर्नुपर्छ भन्थे र खुसीखुसी तिनीहरूको जीवनयापन भइरहेको थियो। त्यसै समयमा माझीकी श्रीमतीको कोखमा कुलनाशक बच्चाको गर्भप्रवेश भयो। त्यो बच्चा गर्भप्रवेश हुँदादेखि नै तिनीहरूको व्यापार कम भयो। माछा मार्नका लागि पोखरी र नदीतिर जाँदा माछा पाइँदैनथ्यो। धेरै माछा हुने समुद्र, खोलामा एउटा पनि माछा नपाइने भयो। गाउँमा पनि सातपटक आगो लाग्यो। सातपटकसम्म राजाले दण्ड दियो केही दोष नभए तापनि। सबैजना भन्न थाले – 'गजब भयो! यो के भएको हो? यस्तो त कहिल्यै पनि भएको थिएन! खानलाई पनि मुस्किल भयो।'

अचेल पनि यस्तो भएको सुनिन्छ। बच्चा गर्भमा हुँदादेखि नै आमाबुबाहरू झन्झन् गरिब भएर गएको कुरा मैले इन्डियामा हुँदा सुनेकी थिएँ।

माझीहरूले माछा मार्न जाँदा सानो माछा पनि नपाएपछि सबै मिटिङ बसेछन्। 'यहाँ अलच्छिनाको गर्भप्रवेश भयो। त्यो कसको गर्भमा छ, थाहा भएन। त्यसैकारण हामीहरू पाँच सय पाँच सय अलग-अलग बस्ने र कसको गर्भमा अलच्छिना छ भनेर हेर्ने।' यही सल्लाहअनुसार तिनीहरू अलग-अलग बसे।

तर त्यो गर्भवती बसेको ठाउँमा कसैले पनि खान पाएका थिएनन्। फेरि तिनीहरू पनि आधा-आधा गर्दागर्दै त्यही गर्भवती र उसको श्रीमान् मात्र बाँकी रहे। अरू सबै भागेर गए। तिनीहरूबाट अलग हुँदा पहिलेजस्तै सबै ठीक हुन्थ्यो। व्यापारमा पनि र माछा मार्नमा पनि केही आपतविपत आउने गरेको थिएन। तर त्यस स्त्रीले धेरै नै दुःख भोग्नुपर्‍यो। श्रीमान् भन्थ्यो म पनि छोडेर जान्छु। स्त्रीले बच्चा पाएकी थिइन। पछि १० महिनामा बच्चा पाई, खान भने केही पनि पाइन। बच्चा लिएर काम खोज्न जाँदा काम नै नपाउने। बच्चा छाडेर गयो भने काम पाउने। यस्तो गर्दागर्दै बच्चा अलि ठूलो भयो। त्यो अवस्थामा बाबुचाहिँले छोरा र श्रीमतीलाई छोडेर गएछ। आमा न हो, जस्तोसुकै भए पनि आफ्ना छोराछोरीलाई त्याग्न सक्तिन। त्यसैकारण बुबाको गुन १०० हुन्छ भने आमाको गुन १००० हुन्छ भनिन्छ।

जब त्यो बच्चा हिँड्न सक्ने भयो, अनि आमाले पनि सानो एउटा भाँडो दिएर 'अब तिमी आफैं मागेर खाऊ' भनेर हिँडी। त्यस दिनदेखि त्यो बच्चा एक्लै भयो। बच्चा मागेर खानका लागि कतै जान्थ्यो, तर केही पाउँदैनथ्यो। पाए पनि खाने बेलामा सबै खरानी भएर जान्थ्यो। उसले पेटभरि कहिल्यै पनि खान पाएको



Downloaded from http://dhamma.digital/

थिएन। उसले न नुहायो, न शरीर सफा नै गऱ्यो। यस्तो गर्दागर्दै बच्चा सात बर्षको पुग्यो। फोहोर फ्याँकेको ठाउँमा गएर एउटा-एउटा सिता भात निकालेर कागले खाएजस्तो गरी खान थाल्यो।

त्यही समय श्रीवस्तीमा भिक्षाचार गई फर्केर आउनुभएको समयमा धर्मसेनापति (सारिपुत्र) भन्तेले त्यस केटालाई देख्नुभयो। केटाको दशा अत्यन्त करूणाजनक थियो। कहाँबाट आएको होला भनेर त्यस केटाप्रति दया, माया र मैत्रीभाव राखेर भन्तेले 'यहाँ आऊ त बाबु' भनी बोलाउनुभयो। अनि त्यो केटो पनि गएर भन्तेलाई नमस्कार गरी उभियो। भन्तेले सोध्नुभयो – "तिमी कहाँका को हौ ? तिम्रा आमाबुबा कहाँ छन् ?"

अनि केटाले जवाफ दियो – "मलाई थाहा छैन। मेरो कारणबाट दुःख पाएर बुबाआमा मलाई छाडेर जानुभयो। अब म एक्लै छु।"

"त्यसो भए तिमी प्रव्रजीत हुन्छौ ?"

"म गरिब छु। मसँग केही छैन। मलाई कसले प्रव्रजीत गर्छ र ? कसैले गऱ्यो भने म प्रव्रजीत बन्छु।"

त्यसपछि भन्तेले आफ्नै हातले उसलाई सफासुग्घर गराएर प्रव्रजीत गराइदिनुभयो र २० वर्षको उमेर पुगेपछि उपसम्पदा पनि गराइदिनुभयो। अनि उसलाई 'लोसकतिस्स स्थविर' भनेर नाम राख्नुभयो। पुण्य नभएको, लाभ पनि धेरै कम भएको उसले असाधारण दानबाट पनि पेटभरि खान पाएको थिएन। जबर्जस्ती बाँच्नका लागि मात्र खान पुग्थ्यो। पेटभरि खानका लागि पुग्दैनथ्यो। भिक्षा दिँदा पात्र भरिएको जस्तो अनुभव हुन्थ्यो, तर बिहारमा आएर खान खोज्दा खाली हुन्थ्यो। अनि त्यस भिक्षुले विपस्यना ध्यान गर्न थाल्यो भगवान् बुद्धले सिकाउनुभएअनुसार। भगवान् बुद्ध ध्यान गर्दागर्दै अरहन्त हुनुभएको थियो। धर्मसेनापति सारिपुत्र भन्तेले त्यस भिक्षुलाई पनि ध्यानमा लगाउनुभयो। भिक्षुले पेटभरि खान पाएको थिएन। जब परिनिर्वाणको दिन आइपुग्यो, अनि सारिपुत्र भन्तेले उसलाई ध्यानमा राखेर आफूचाहिँ केही भोजनका लागि भिक्षा माग्न जानुभयो। दाताहरूले भोजन पठाए, तर बीचैमा बिर्सेर बाटैमा खाइदिए। यता सारिपुत्र भन्तेले केही विचार गर्नुभयो र भोजन लगे भनेर आफूले खाई बिस्तारै विहारमा फर्कनुभयो। अनि आएर 'भोजन खायौ ?' भनेर सोद्धा 'खाएको छैन' भन्ने जवाफ आयो। 'अब समय बित्यो, अब चतुमतु भए पनि पेटभरि ख्वाउँछु' भनेर दरवारमा गएर चतुमतु माग्नुभयो र ल्याएर आफ्नै हातबाट पेटभरि खुवाउनुभयो। पात्र आफ्नै हातमा लिएर नै पेटभरि खुवाउनुभयो। लाज लागे तापनि सारिपुत्र भन्तेले खुवाएको खाना पेटभरि खाई भिक्षुको परिनिर्वाण भयो। त्यसपछि दाहक्रिया सकिएपछि



Downloaded from http://dhamma.digital/

उनको अस्थिधातु लिएर चैत्य बनाइयो ।

त्यस समयमा भिक्षुहरूले आश्चर्य माने कि अरहन्त हुने क्षमता भएको लोसकतिस्स स्थविरले पेटभरि खान पाएको थिएन । अपुण्यवान्, अल्पलाभीले कस्तो प्रकारले आर्यधर्म अरहन्त प्राप्त गऱ्यो भन्ने विषयमा कुराकानी भइरहेको समयमा भगवान् बुद्ध त्यहाँ पुग्नुभयो । भिक्षुहरूले भगवान् बुद्धलाई सोध्नुभयो – "कसरी त्यस्तो व्यक्ति पनि अरहन्त भएको ?"

भगवान् बुद्धले जवाफ दिँदै 'प्रत्येकले आफ्नो-आफ्नो कर्मविपाकको फल भोग्नुपर्छ, अल्पाहार भएका कारण पेटभरि खान नपाएको कारण के हो भने पहिलेका एकजना अरहन्त भन्तेप्रति तिनले उपेक्षा गरेका थिए' भन्नुभयो । 'अहिले त हामीले थाहा पायौँ, तर पहिले भएको हामीलाई थाहा थिएन, बताइदिनुस् भगवान् शास्ता !' भनेर भिक्षुहरूले अनुरोध गर्नुभयो । अतीतको इतिहास यस्तो थियो –

पहिले काश्यप बुद्धका पालामा एकजना भिक्षु र एकजना गृहस्थ ( उपासक) गाउँमा बसेका थिए । ती भिक्षु शीलस्वभावयुक्त थिए । ध्यान पनि गरि रहने गर्दथे । उनको सानो विहार पनि थियो । त्यही समयमा आश्रवक्षीण (क्लेश नभएको), राग, द्वेष र मोह नभएका एकजना व्यक्ति त्यही गाउँमा आए । त्यो आश्रवक्षय भएको भन्तेलाई भेटेर घरमा लगी उपासकले भोजनदान दिए । भोजनपछि भन्ते पात्र लिएर विहारमा गएछन् । अनि उपासकले अरू भन्तेलाई पनि प्रार्थना गरे । आगन्तुक भन्तेलाई पनि भोलि लिएर हाम्रो घरमा भोजन गर्न पाल्नु भनेर निमन्त्रणा गरे । अनि उपासकचाहिँ घर फर्किए । भोलिपल्ट स्वादिष्ट भोजन खीर बनाए । अनि विहारमा बस्ने भन्तेमा खराब विचार आएछ – 'यो भिक्षु यहाँ बस्यो भने मलाई हानि हुनेछ, कारण उपासक-उपासिकाहरूलाई हातमा लिनेछ । एक दिनमा नै यो धेरै घुलमिल भइसकेको छ । अब यसलाई बोलाएर लगियो भने उसले नै प्रवचन गर्नेछ । अनि उसलाई नै अरूले मन पराउनेछन् ।'

यस्तो विचार आएर आगन्तुक भन्तेको कोठामा खालि नाखुनले मात्र ट्वाकट्वाक गऱ्यो र सानो स्वरले बोलायो । सँगै लानुपर्छ भन्ने विचारले त्यसो गरेको कुरा क्लेश नभएको ऋद्धिसहितका अरहन्त भन्तेले थाहा पाएकै कुरा थियो । त्यसै भएका कारणले उठ्नुभएन । अनि पुरानो भन्ते दाताकहाँ भोजनका लागि जानुभयो । दाता धेरै खुसी हुनुभयो । आगन्तुक भन्तेले हिजो पनि राम्रो मनपसन्द प्रवचन गर्नुभएको थियो, आज पनि प्रवचन सुन्न पाइने भयो भनेर खुसी व्यक्त गर्दै यसो हेर्दा आगन्तुक भन्ते आएको देखेन । अनि उपासकले सोधे – "आगन्तुक भन्ते खोई ?"



Downloaded from http://dhamma.digital/

त्यस भन्तेले जवाफ दियो – "धेरै बेरसम्म ट्वाकट्वाक गरिरहें, तर उठ्नुभएन। कतिपटक चिच्याएर बोलाएँ, तर सुन्नुभएन। हिजो तिमीकहाँ धेरै खाएर जानुभयो होला। खूब मानमनितो गरेर खुवायौ होला। धेरै खाएर उहाँ सुतिरहनुभएको छ।"

भन्तेले त्यसो भनेर हुँदै नभएको कुरा सुनायो। उपासकले भन्यो – "हिजो धेरै हिँडेर आएका कारणले थाक्नुभएको होला। त्यसै भएको हुनाले निद्रा आयो होला, भइगयो। आज विभिन्न मसलाहरू राखेर खीर बनाएको छु। पहिले तपाईं खानुस्, पछि उहाँका लागि लिएर जानुस्।"

उपासकले त्यस भिक्षुलाई खीर दान दियो। खीर खाँदा धेरै स्वादिष्ट थियो। 'यस्तो खीर खायो भने त आगन्तुक भन्ते मकहाँबाट जाने छैन, यो दाताले कति माया गरेर मीठो खीर बनाएछ' भन्ने मनमा विचार गर्दैगर्दै उसले खीर खायो। उसले खाइसकेपछि उपासकले एउटा पात्र दिएर यो खीर आगन्तुक भन्तेलाई दिनुस् भनेर पठायो।

भिक्षुका लागि खीर लिएर बिहारमा आउँदै गर्दा त्यस भिक्षुको मन परिवर्तन भयो। 'त्यो आगन्तुक भिक्षु यहाँ बस्यो भने मलाई दाताहरूले उपेक्षा गर्न सक्छन्, आगन्तुक भिक्षुलाई मान्न सक्छन्, त्यसै कारणले त्यस आगन्तुलाई यहाँ राख्नु ठीक छैन, अब यो खीर पनि उसलाई खुवाउनु हुँदैन, अब के गर्ने होला' भन्ने विचार गऱ्यो। 'मैले यो खीर मान्छेलाई दिएँ भने मेरो यो काम दातालाई थाहा हुन्छ, पानीमा फ्याँकिदिँदा घ्यू सबै माथिमाथि आउनेछ, जमिनमा राख्यो भने काग र चराहरूको बथान आएर खाइदिन्छन्, अब मैले यो खीर कहाँ फ्याँक्ने होला' भनी पापकर्म गर्ने विचार गर्दागर्दै एउटा खाल्डोमा आगो बलेर खरानी मात्र रहेको देख्यो। अनि 'यहीँ फाल्नु ठीक छ' भनेर सबै खीर तातो खरानीमा फ्याँकेर पात्र धोयो र विहारतिर आयो। विहारमा पुग्दा आगन्तुक भन्तेलाई देखेन। आगन्तुक त ऋद्धिको बलले आकाशमार्गबाट हिमालयतिर गइसकेछन् भन्ने कुरा थाहा पायो। उसले विचार गऱ्यो – 'मेरो नराम्रो काम र मेरो नराम्रो विचारले गर्दा उहाँजस्ता क्लेशरहित भन्ते आफ्नो ऋद्धिका कारण यहाँबाट फर्केर जानुभयो। मेरो यो पेटका कारणले मैले अकुशल काम गरेछु।' अनि उसले धेरै पश्चात्ताप गऱ्यो। घर आगोले जल्यो भने फेरि बनाउन मिल्छ। तर आफ्नो मन जल्यो, मनमा पोल्यो भने ज्यूँदो हुन गाह्रो हुन्छ, पोल्दापोल्दै मर्छ। त्यसै समयदेखि त्यो व्यक्ति भिक्षु भए तापनि प्रेत भयो र केही वर्षपछि मृत्यु भएर नर्कमा गयो।

वर्षौंवर्षसम्म त्यस भिक्षुले आगोबाट पोलिनुपऱ्यो। कैयौं जन्मसम्म राक्षस भएर जन्म लिनुपऱ्यो। जतिपटक जन्म लिँदा पनि पेटभरि कहिल्यै खान पाएको



Downloaded from http://dhamma.digital/

थिएन । तीनवटा जन्ममा मात्र उसले पेटभरि खान पाएको थियो । एकपटक कुकुर भएर जन्म लिँदा अरूले वान्ता गरेको खाएर पेट भरेको थियो । एकपटक राक्षस भएर जन्म लिएको अवस्थामा अरूले हगेको फोहोर खाएर पेट भरेको थियो । अन्तिमपटक अरहत प्राप्त भएपछि चार प्रकारका चतुमतु खाएर भेट भरेको थियो ।

पाप गरे पनि पुण्य गरे पनि भोग्ने आफैंले हो । त्यसकारण अरूको श्रद्धालाई, अरूले पाउने श्रद्धालाई रोकिदियो भने ठूलो दोष हुन्छ, ठूलो पाप लाग्छ । अरहन्त भन्तेको सेवा गरेका कारणले उपासकचाहिँ अरहन्त भयो, अरहन्त भन्तेलाई दिएको खीर फ्याँकिदिएका कारणले भन्तेले चाहिँ कहिल्यै पनि पेटभरि खान पाएन । त्यसैले पापलाई सानोतिनो सम्झनु हुँदैन । पोल्नका लागि आगो ठूलो चाहिँदैन, सानोले पनि पोल्छ । अहिले पनि छन् श्रद्धालाई रोकिदिनेहरू । 'त्यहाँ नदिनू, त्यसलाई नदिनू' भनेर रोक्नेहरू आजकाल मात्र भएका होइनन् । तर त्यसको पाप आफैंले भोग्नुपर्छ ।

पहिले त्यस भन्तेले लोकप्रसिद्ध आचार्यको सेवा गऱ्यो । त्यही समय मित्रविन्दक भएर जन्म हुँदा दुईजना परस्पर मिलेर आचार्यको सेवा गरेका थिए ।

त्यो घटना सुनाएर भगवान् बुद्धले भन्नुभयो – "आचार्य लोकप्रसिद्ध (दिशाप्रमुख) म नै हुँ र मित्र मित्रविन्दक यही लोसकतिस्स स्थविर थियो ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# भनेको कुरामा एकैचोटि विश्वास गर्नु हुँदैन

भगवान् बुद्धको सिद्धान्तअनुसार र उहाँले भन्नुभएअनुसार पहिले सुन्नुपर्छ, त्यसपछि चिन्तनमनन गर्नुपर्छ, अनि अभ्यास र ध्यान गर्नुपर्छ। एकैचोटि अर्काको कुरा सुनेर विश्वास गरियो भने खाल्डोमा खसेर मृत्यु हुन सक्छ, बाटो बिराएर दुःख पाइन्छ, जीवनमा नभोगेको दुःखभोग गर्नुपर्नेछ। त्यसैकारण विचार गर्नु अति आवश्यक छ।

भगवान् बुद्धले भन्नुभएको छ – "मैले भनेका कुरालाई पनि हो कि होइन भनेर विचार गर। त्यसपछि मन परे स्वीकार गर, मन नपरे अस्वीकार गर। यो भगवान्ले नै भन्नुभएको कुरा हो भनेर स्वीकार गर्ने कुनै आवश्यकता छैन।"

आजकाल पनि एकजनाले भनेको कुरालाई सही मानेर कसरी विश्वास गर्ने ? कुरा कस्तो छ ? त्यो व्यक्तिले भनेको कुरा हो कि होइन ? राम्रो छ कि छैन ? फाइदा छ कि छैन ? आफ्ना लागि भनेको हो कि अरूका लागि भनेको हो ? टाढा छ कि नजिक छ ? एकजनालाई बेफाइदा र १० जनालाई फाइदा भयो भने ठीकै छ भनेर स्वीकार्नुपर्छ। यस्तो कुरो देश बनाउने नेताहरूलाई, विहार चलाउने गुरूजनहरूलाई, घर चलाउने घरका नाइकेहरूलाई अत्यन्त आवश्यक छ। यस्तो विचार गरेर चलाउन सकियो भने देश या घर मन्दिर या स्वर्ग हुनेछ। प्राणी मात्रको मैत्री, करूणा, मुदिता र उपक्षा भयो भने शान्ति नै शान्ति हुन्छ। क्रान्ति नभएपछि स्वर्ग हुने होइन त ? मान्छेले एक दिन त मर्नैपर्छ। शान्तिपूर्वक मरेर जान पाइयो भने त्यसमा भन्दा शान्ति केमा छ र ? मूर्खहरूका, स्वार्थीहरूका कुरा सुनेर, लोभी र दोषीहरूका कुरा सुनेर काम गरिएको हुनाले नै शान्त देश पनि अशान्त भएर गएको हो। एकजना मूर्खको कुरा सुनेर सहस्र विद्वान्हरूलाई हानि हुने काम र कुरा सुन्नु हुँदैन। मूर्खको कुरा बारम्बार सुनेका कारणले आफूलाई ख्वाउने आफ्नो दातालाई नै मारेको एउटा घटना यहाँ राख्न चाहन्छु।

पहिलेको वाराणसीको घटना हो। बोधिस्व बोधिसत्व वाराणसीका राजाको सेवक थियो। त्यस समयमा राजाले चलाउने एउटा हात्ती थियो, माङ्गलिक हात्ती। उसको नाम थियो महिलामुख। महिलामुखको अर्थ हो महिलाहरू अगाडिबाट हेर्दा



डा. अनोजा

Downloaded from http://dhamma.digital/

एकदम सुन्दरी लाग्छन्। त्यो महिलामुख माङ्गलिक हात्ती शीलवान् र सदाचारबाट सम्पन्न भएको थियो। सुन्दर पनि थियो र भाषा सबै बुझ्थ्यो। पशु भए तापनि व्यवहार अति नै राम्रो थियो। कीरा एउटालाई पनि कुल्चेर मार्दैनथ्यो। कसैको खेतमा गएर नखाने, कसैलाई पनि दुःख नदिने, कष्ट नदिने, जति कुटे पनि सहने खालको एकदम गुणवान् हात्ती थियो। राजा जहाँसुकै जाँदा पनि त्यही हात्ती चढेर जान्थे। हात्तीहरू राख्ने एउटा हात्तीशाला थियो। यताउता बस्ने ठाउँ पनि थियो।

राम्रो र नराम्रो त संसारमा छँदैछन्। धनी र गरिब, पापी र धर्मातो, स्वर्ग र नर्क, चोर र सज्जन, कालो र सेतो आदि हरेकका दुई पक्ष छँदैछन्।

एक समयमा चोरहरूले भेला गरे। चोरहरूको चोर्ने काम राति हुन्छ। धर्म गर्नेहरू धर्म गर्ने, पुण्य गर्ने काम दिउँसो गर्छन्। चोर्दा कसैले नदेख्ने गरी चोर्नुपर्छ। पुण्य गर्दा, धर्म गर्दा सबैलाई देखाई दिउँसो गर्छन्। पाप गर्दा अर्काले देख्ला कि भनेर डराई-डराई गर्छन्। पुण्य गर्नेले सबैलाई देखाई खुसी-खुसी गर्छन्। त्यसैकारण चोरहरूले मिटिङ गर्नका लागि राति एउटा ठाउँ खोज्दा त्यही महिलामुख हात्ती राखेको नजिकै ठाउँ पाइयो। त्यहाँ राति भएपछि सबै चोरहरू आएर मिटिङ गर्ने गर्थे। चोरको सरदार अथवा नाइकेले चोरहरूलाई सिकाउँदै भन्ने गर्थ्यो – "चोर्न जाँदा मान्छेले फेला पार्ला, पार्‍यो भने उसलाई मार्नुपर्छ, कसैलाई पनि माया, दया, करूणा गर्नु हुँदैन, धनसम्पत्ति लुट्नुपर्छ, सामान लिएर आएको व्यक्तिको सामान लुटेर उसलाई मार्नुपर्छ, सामान लुटेपछि त्यस व्यक्तिलाई मार्नुपर्छ, त्यसो गरियो भने हामीलाई हानि हुने छैन, सत्य कुरा गर्नु हुँदैन, संयोगवश लुट्न अथवा चोर्न जाँदा कुनै मान्छेले चोर भन्यो भने 'म चोर होइन' भन्नुपर्छ, चोरहरूले शीलवान् र सत्यवान् हुनु हुँदैन, चोर्न जाँदा कठोर हुनुपर्छ, कसैलाई पनि माया गर्नु हुँदैन, संयोगवश धर्मकथा सुनाइयो भने धर्मका कुराहरू सुन्नु हुँदैन, राम्रो काम गर्नु हुँदैन, निःस्वार्थी हुनु हुँदैन।"

यसो भनेर चोर मन्त्र सिकाउने गर्थ्यो। एक दिन होइन, दुई दिन होइन, बारम्बार त्यहीँ मिटिङ हुने गर्थ्यो। अरूलाई हानि पुर्‍याउने काम गर्न अरूले देख्लान् भन्ने डर लिएर मिटिङ गर्नुपरेको हुनाले लामो समयसम्म पनि सकिँदैनथ्यो। राम्रो काम भए पो धेरै लामो हुँदैनथ्यो। अनि धेरैपटक राति-राति आएर मिटिङ गरेका हुनाले महिलामुख हात्तीले विचार गर्‍यो – 'त्यो कुरो मलाई नै भनेको होला।' अनि ऊ चोरहरू बस्ने छेउमा कान थापेर बस्ने गर्थ्यो। धेरैपटक मिटिङमा बसेपछि हात्ती पनि अलिअलि भएर फटाहा भएर गयो।

एक दिन आफूलाई खाना ख्वाउन हात्तीका अगाडि जाँदा आफ्नो सुँड घुमाएर माहुतेलाई हात्तीले त्यहीँ मारिदियो। त्यस्तो मङ्गल हात्ती, राजाको हात्ती।



Downloaded from http://dhamma.digital/

खाना त ख्वाउनु नै पऱ्यो । फेरि अर्को दिन नुहाइधुवाइ गराउनका लागि हात्ती हेर्न र खाना खुवाउन जाँदा हात्तीले तिनीहरूलाई पनि पछारेर मारि दियो । तीनचारजना व्यक्तिहरू मारेपछि अरू मान्छेले हात्तीका अगाडि जान नै आँट गर्न सकेनन् । यही कुरा राजालाई भनियो – "महाराज ! हात्ती त बहुला भएछ । उसलाई खाना खुवाउन जाँदा हात्तीले मारिदियो, अरूलाई पनि मारि दियो । त्यस्तो मङ्गल हात्ती आज के भएको होला महाराज ? केही रोग लाग्यो कि ? हात्ती त बहुलाजस्तो भयो । मान्छे देख्नै नहुने, त्यसै रिस उठ्ने र उफ्रने भयो । अब के गर्ने महाराज ?"

यस्तो बिन्ती सुनेपछि राजाले बोधिसत्व सेवकलाई भने – "हे पण्डित ! हात्ती के कारणले दुष्ट भयो ? किन हरामी भयो ? के कारणले जङ्गली भएर गयो ? राम्रोसित हेरेर, जाँच गरेर आऊ ।"

बोधिसत्वले पनि हात्ती राख्ने ठाउँमा गएर अलि टाढाबाट हेऱ्यो । उसले हात्तीलाई केही पनि रोग लागेको देखेन । स्वास्थ्य सबै ठीक थियो । यताउता हेऱ्यो, जाँच गऱ्यो, केही पनि पत्ता लागेन । हात्तीशालानजिकै केही दुष्ट्याइँ भयो होला भन्ने विचार गरेर हात्तीको हेरविचार गर्ने व्यक्तिलाई सोध्यो – "हात्तीशालातिर कोही आउने गर्छ कि ?"

"हो, यहाँ राति चोरहरू आएर चोरमन्त्र सिकाउने गर्थे ।" – उसले भन्यो ।

'यही कारणले हो हात्ती दुष्ट भएर गएको, चोरहरूको कुरा हात्तीले पनि सुनेको र त्यसलाई स्वीकार गरेको थियो होला, यही हो मुख्य कारण' भन्ने लागेर उसले राजाकहाँ गई सूचना दियो । उसले भन्यो – "हात्तीका शरीरमा कुनै पनि विकार अथवा रोगहरू छैनन् । चोरहरूको कुरा सुनेर हात्ती दुष्ट भएर गयो ।"

राजाले सोधे – "अब के गर्ने त ? के गर्दा शान्ति हुन्छ ? के गर्दा पहिलेजस्तै हुन सक्छ ?"

बोधिसत्वले भन्यो – "सदाचारी, शीलवान् भिक्षु, भिक्षुणी, श्रमण, ब्राह्मणबाट प्रवचन सुनाउने गर्नुपर्छ त्यही ठाउँमा । त्यसैले सदाचार र शीलसम्बन्धी प्रवचन गराउनुपर्छ ।"

"तिमी नै मिलाऊ न त ! जे गर्नुपर्छ गर, तर हात्ती राम्रो हुनुपर्छ ।" – राजाले भने ।

अनि बोधिसत्वले त्यस्तै शीलवान्हरूलाई बोलाएर चोरहरूको ठाउँमा बसाए र शीलसम्बन्धी, सदाचारसम्बन्धी कुराहरू, जस्तै : क्रोध गर्नु हुँदैन, राग निकाल्नु हुँदैन, माया, दया, प्रेम, ममता, करूणा राख्नुपर्छ, कसैलाई पनि मार्नु हुँदैन, कसैमाथि पनि क्रोध गर्नु हुँदैन' भनेर उपदेश दिन लगायो । 'आफूलाई खाना खुवाउनेलाई माया गर्नुपर्छ, माया गऱ्यो भने मात्र खाना खान पाइन्छ, रिसले या क्रोधले खान पाइँदैन' इत्यादि-इत्यादि भनी दिनदिनै



Downloaded from http://dhamma.digital/

प्रवचन गराउन लगायो । त्यसपछि महिलामुख हात्तीले विचार गऱ्यो – 'यो कुरा मलाई नै सुनाएको हो । मैले मान्छे मारेँ । अचेल खान पनि पाएको छैन । अरूलाई मारेर के गर्ने होला !'

उसलाई यस्तै विचार आयो । ५-१० दिन भएको थियो प्रवचन सुनाएको । पछि खाना पनि बिस्तारै ख्वाउन लगाइयो । हात्तीले केही पनि गरेन । अलिअलि नजिक जाँदा पनि केही गरेन । अनि पहिलेजस्तो स्वतः हुन गयो । त्यो अवस्थामा पनि केही गरेन । नुहाउन दियो, केही गरेन । पहिलेको जस्तै भएर गयो । हात्तीले सदाचारी हुनुपर्छ भन्ने सुनेकाले सदाचारी भयो ।

राजाले बोधिसत्वलाई सोधे – "के हाम्रो सेवक हात्ती शीलवान् र सदाचारी भयो ?"

"हो महाराज ! दुष्ट हात्ती पण्डितहरूको शीलसम्बन्धी उपदेशहरूका कारण सदाचारी भयो र आफ्नो पुरानो स्वभावमा नै आयो ।"

अनि बोधिसत्वले महिलामुख हात्ती पहिलेजस्तै भयो भनी गाथाद्वारा भन्यो –

> पुराणचोरान वचो निसम्म
> महिलामुखो पोथयमानुचारि ।
> सुसञ्तानं हि वचो निसम्म
> गजुत्तमो सब्बगुणेसु अट्ठा ॥

महिलामुख हात्तीले जसरी पहिले चोरहरूको कुरा सुनेर नराम्रो काम गऱ्यो, आफूलाई खाना खुवाउने मान्छेहरूलाई नै मार्ने भयो, त्यही हात्ती सदाचारी र संयमी मनुष्यहरूको कुरा सुनेर गजुत्तम, सदाचारी र शीलवान् भई प्रतिष्ठित भयो । हो, त्यो महिलामुख हात्ती चोरहरूको कुरा सुनेर, नराम्रा व्यक्तिहरूको कुरा सुनेर व्याकुल भई ज्यानमारा भएर गएको थियो । त्यही हात्ती शीलवान् र विद्वान्जनको कुरा सुनेर सदाचारी र शीलवान् भएर परि वर्तन भयो ।

त्यसैकारण मान्छेलाई राम्रा-राम्रा कुराहरू सुनाउनुपर्छ । बारम्बार सुनाइयो भने नराम्रो कुरा पनि राम्रो हुने रहेछ । राम्रा कुरा बारम्बार सुनियो भने उसको दिल सफा भएर उसले चाँडोभन्दा चाँडो मुक्ति पाउनेछ । त्यसैकारण सुनेर मात्र हुँदैन, हो कि होइन भनेर विचार पनि पुऱ्याउनुपर्छ । महिलामुख हात्तीले चोरहरूको कुरालाई यो नराम्रो हो भनेर बुझ्न सकेको भए ४-५ जना मान्छेको मृत्यु हुने थिएन । हो कि होइन भन्ने विचार गरेर मात्र काम गर्दा पश्चात्ताप गर्नुपर्ने छैन । पश्चात्ताप गर्नुपर्ने काम नै पाप हो । त्यसैकारण पहिले सुन्ने अनि चिन्तन गर्ने, त्यसपछि राम्रो र आफूलाई पनि फाइदा अरूलाई पनि फाइदा भयो भने त्यसलाई अभ्यास गर्ने काम गर्नुपर्छ ।



Downloaded from http://dhamma.digital/

# कन्जुस सेठ

जतिसुकै सम्पत्ति भए पनि एक दिन छोडेर जानुपर्छ, चाहे धनी होस् या गरिब। धेरै धन-सम्पत्ति भए पनि, धेरै गरिब भए पनि मृत्युले बाँकी राख्ने छैन। जसरी आगोले पक्षपात गर्दैन, त्यसरी नै मृत्युले पनि पक्षपात गर्दैन। आफ्नो कर्मअनुसार जानैपर्छ। पहिलेदेखि नै हामीले एक दिन मृत्युको सामना गर्नुपर्छ भन्ने भावना गरेर राखेका भए मृत्युबाट डराउनुपर्ने थिएन। जुन व्यक्तिले सबै चीजवस्तु, शरीर, मेरो परिवार भनेर मनले अथवा चुम्बकले जस्तो टाँसिराखेको हुन्छ, त्यस व्यक्तिलाई पहाडबाट खसेको जस्तो दुःख हुन्छ। त्यसैकारण यो संसार सबै उत्पत्ति भएकै विनाशका लागि हो। एकछिन मात्र यो संसार हेर्न आएको हुँ भनी अनित्य भावना गरिरहनु अति आवश्यक छ।

मृत्यु हुने कारण चार प्रकारका हुन्छन् – आयु सकिएर, कर्म सकिएर, आयु र कर्म सकिएर र अकालले। यसमध्ये कर्म सकिएको व्यक्तिलाई आयु थप्न मिल्छ। भनेको मतलब कर्म थप्न मिल्छ। उदाहरणका लागि बत्तीको दियोमा धागो बल्न बाँकी छ, तेल अथवा घ्यू पनि अलिकति बाँकी छ भने त्यसमा अलिअलि गरेर अल्छी नमानीकन तेल अथवा घ्यू राखेर त्यो बत्ती लामो समयसम्म बाल्न सकिन्छ। कन्जुस भएर घ्यू नै थपिएन भने बत्ती निभेझैं व्यक्तिको छिटोभन्दा छिटो मृत्यु हुन्छ, अलिकति धागो र घ्यू भएको पनि सिद्धिन्छ।

धेरै सम्पत्ति हुने भनेको पनि आफ्नै कर्म र पुण्यका कारणले हो। धन, जन, सम्पत्तिबाट परिपूर्ण हुने या नहुने भन्ने विषयलाई लिएर दर्शनमा भनिएको छ – 'आफूले मात्र दान दियो भने ऊसँग धेरै धनसम्पत्ति हुन्छ तर सन्तान हुँदैन। आफूले दान नदिईकन छोराछोरीहरूलाई मात्र दान दिन लगायो भने धनसम्पत्ति धेरै हुँदैन, सन्तानचाहिँ धेरै नै हुनेछन्। आफूले पनि दान दिएन र सन्तानलाई पनि दिन लगाएन भने निःसन्तान हुन्छ। आफूले दान गर्ने तर अरूले दिएको दानमा डाहा भयो भने गरिब हुन्छ। त्यसैकारण आफूले पनि दिने, अरूलाई पनि दिलाउने र अरूले गरेकोमा पनि खुसी हुने हुनुपर्छ।'

कुनै व्यक्तिहरूसँग धनसम्पत्ति धेरै नै हुन्छ, तर एक पैसा पनि अरूलाई मद्दत गर्दैनन्। भिक्षु-भिक्षुणीहरूलाई मद्दत गर्नु त कहाँ हो कहाँ, टोलमा अथवा



Downloaded from http://dhamma.digital/

कहीं पाटीपौवा, बाटोघाटो बनाउने ठाउँमा पनि मद्दत गर्न चाहँदैनन्। विचार गर्छन् होला धनसम्पत्ति सबै लिएर जाने। कन्जुसले कमिलाले माटो जम्मा पारेझैं गरी धन जम्मा गरेर राख्छ। मौरीले मह जम्मा पारेको जस्तो धन जम्मा गरेर राख्छ। एउटा भटमासलाई नौपटक दाँतले काट्ने गर्छ। त्यस्ता कन्जुसहरू छिटै खायो भने छिटै सकिन्छ भनेर होला, आफ्ना परिवारलाई पनि खान दिँदैनन्, लगाउन पनि दिँदैनन्।

सन्तान नभएका व्यक्तिहरू त झनै कन्जुस हुने रहेछन्। एउटा उखान नै छ – 'कोरीको ज्यू प्यारो, निःसन्तानको धन प्यारो।' जुन व्यक्तिको सन्तान हुँदैन, त्यसको धनसम्पत्ति सिद्धिन्छ, अरूले खान्छन् भन्ने डर हुन्छ। जसको शरीर तगडा छ, ऊ आफ्नो शरीरलाई प्यारो गरेर बस्ने हुन्छ। हाम्रो देशमा पनि धन नभएको होइन, धनसम्पत्ति धेरै छ, तर सन्तान छैनन्। साथै, कन्जुसहरू पनि थुप्रै छन्।

कन्जुसका विषयमा एउटा घटना सम्झें। यहाँ बताउन चाहन्छु। २०-२५ सय वर्षपहिले भगवान् बुद्ध श्रावस्तीको जेतवन बिहारमा बस्नुभएको समयमा घटेको घटना थियो। भगवान् बुद्ध अनाथपिण्डिक महाजनले बनाएर दिएको बिहारमा हुँदा दिउँसोतिर कोशलराज प्रसेनजीत आउनुभयो र भगवान् बुद्धको नजिकै पुगेर वन्दना गरी एक ठाउँमा बस्नुभयो। त्यस समयमा भगवान् बुद्धले सोध्नुभयो – "महाराज ! तपाईं दिउँसो किन र कहाँबाट आउनुभएको हो ?"

"भगवान् शास्ता ! एकजना धेरै धनसम्पत्ति भएका महाजनको मृत्यु भयो। ऊ निःसन्तान थियो। म उसैकहाँबाट आएको हुँ।"

"उसको धनसम्पत्ति के गर्नुभयो ?" – भगवान्ले सोध्नुभयो।

"उसको धनसम्पत्ति सबै नै दरबारमा राखेर आएँ। कारण, उसको सम्पत्ति खाने व्यक्ति कोही पनि थिएन। हकदार कोही पनि नभएको हुनाले दरबारमा राखेको हुँ।" – राजाले जवाफ दिनुभयो।

भगवान्ले सोध्नुभयो – "उसको धनसम्पत्ति कति थियो त ?"

"भगवान् शास्ता ! उसको धनसम्पत्ति र ऊसँग भएको सुनको सिक्का मात्र असी लाख चक्का थिए। पैसाको त हिसाब गर्न नै गाह्रो छ। कति थियो, कति थियो। हीरामोती एउटा कोठामा राखिएको थियो। मलाई गजब लाग्यो त्यति सम्पत्ति देखेर। तर त्यो साहु चामलका साना-साना टुक्राको भात बनाएर खाने गर्थ्यो। उसले मीठो गरेर कहिल्यै पनि खान सकेको थिएन। ऊ आफूले पनि खान सकेन, अरूलाई पनि खुवाएन। उसले लगाउने कपडा नै गजबको थियो। तीन-चार टुक्रा सिलाएर राखेको कपडा लगाउँथ्यो। उसले चलाएको रथ पनि



Downloaded from http://dhamma.digital/

धेरै नै दयनीय थियो। रथको सबै ठाउँमा पातले टालेको थियो। मलाई धेरै गजब लाग्यो।"

अनि भगवान् बुद्धले भन्नुभयो – "खराब व्यक्तिहरू आफू पनि भोग गर्न सक्तैनन्, अरू छोराछोरी, आमाबुबा र दाजुभाइहरूलाई पनि भोग गर्न दिँदैनन्। तिनीहरू त जतिसुकै सम्पत्ति भए पनि खालि हेरिरहने मात्र हुन्। आफ्नो सम्पत्ति अरूले खर्च गरिदेलान् कि भन्ने मात्र डर मानेर बस्छन् तिनीहरू। जुन व्यक्ति आफ्ना आमाबुबाका लागि धन खर्च गर्न सक्तैन, आफ्ना छोराछोरीहरूका लागि खर्च गर्न सक्तैन, त्यसको धनसम्पत्ति आगोले खाएर नाश हुन्छ, ठगाहाहरूको हातमा पर्छ, चोर-डाका र बदमासहरूको हातमा पर्छ, पानीले बगाएर लान्छ, भूकम्प आएर नाश हुन्छ, मन नपरेको व्यक्तिको हातमा जान्छ। भोग नगरेको धनसम्पत्ति यसरी नै व्यर्थ भएर जान्छ। महाराज! जुन राम्रो व्यक्ति धन पाएर पछि स्वयं सुख प्राप्त गर्छ, मातापिताहरूलाई सुख दिन्छ, १० प्रतिशतमा १ प्रतिशत दान दिने गर्छ, केही समाजसेवाका लागि खर्च अथवा मद्दत गर्छ, उसको बाँकी भएको धनसम्पत्ति मात्र राजाको कोषमा जान्छ। यसबाट पुण्य पनि लाग्छ। सबै जनतासँग राम्ररी परिचित हुन्छ। तिनीहरूको धनसम्पत्तिको सदुपयोग हुन्छ। तिनीहरूको धन सफल हुन्छ। खेतमा पनि राम्रो पानी र माटोका कारणले राम्रो फसल फल्छ। कुनै चिन्ता गर्नु आवश्यक हुँदैन, सबै चीजहरू मिलेर आउँछ। आफूले राम्रो काम गऱ्यो भने, अरूलाई मद्दत गऱ्यो भने, अर्कोको चित्त दुखाएन भने, अरूको भलाइ सोच्यो भने आफ्नै भलो हुन्छ। अर्कालाई खाल्डोमा खसाल्ने विचार गऱ्यो भने आफैं खस्छ।"

मेरै कुरा गर्छु। त्यस्तै ८-९ वर्षकी थिएँ हुँला। मेरो मामाघर साँगामा छ। म रोपाइँका समयमा मामाहरूकहाँ गएँ। मामाहरूको खेत धेरै थियो। ठूलो खेतमा एक-दुईजनाले रोपाइँ गरेर सकिँदैनथ्यो। त्यसैकारण रोपाइँका लागि खेताला धेरै राखिएका थिए। तिनीहरूमा तरूण-तरूणीहरू पनि थिए। रोपाइँ गर्दा अगाडि धान रोपेर पछाडि बिस्तारै रोप्तै जानुपर्छ। तरूण मामाहरूले रोपाइँ गरि रहेका तरूनीहरूलाई खाल्डोमा खसाउनका लागि खाल्डो खने। म सानै थिएँ, हेरि रहें। पछि तरूण मामाहरूले ठूलो खाल्डो भयो भने दुःख हुन्छ भन्ने विचार गरेर पहिले आफैं खाल्डोमा पसेर हेरे। म हेरिरहेकै थिएँ। पछि त अरूलाई खसाउने भनेर खनेको खाल्डोमा आफू नै खसे। त्यसैकारण अरूलाई दुःख दिनु हुँदैन र कन्जुस पनि हुनु हुँदैन। जुन व्यक्ति दाता हुन्छ, त्यस व्यक्तिसँग नोकर, चाकर, साथीहरू आफन्तहरू सबै साथ हुन्छन्। त्यस्तो दान गर्ने व्यक्ति धन, जन, सम्पत्तिले परिपूर्ण हुन्छ। मृत्यु भएपछि उसले सुगति पनि प्राप्त गर्छ।



Downloaded from http://dhamma.digital/

फेरि त्यो घटनातिरै लाग्छु। राजाले भन्नुभयो – "भगवान् शास्ता ! त्यस साहुले आफ्नो दाजुको एक्लो छोरालाई पनि धनसम्पत्तिका कारणले मारिदियो। आखिर यत्रो धनसम्पत्ति छोडेर गयो।"

भगवान् बुद्धले भन्नुभयो – "आफूले गरेको कर्मफल भोग्नैपर्छ। पहिलेको जन्ममा त्यस साहुले दान दिएको र भिक्षा माग्न आएको भिक्षुलाई पनि दान दिन लगाएको हुँदा ऊसँग धेरै सम्पत्ति भएको हो। तर पहिले पनि एउटा सन्तलाई मारेर आएको कारणले निःसन्तान भएको हो। लोभलालच धेरै भएका कारण र एक दिन यो सम्पत्ति छोडेर जानुपर्छ भनेर याद नगरेका कारणले सबै सम्पत्ति छोडेर उसको मृत्यु भएको हो।"

त्यसैकारण सके पाँच खण्डको एक खण्ड दान दिनुपर्छ, नसके दस खण्डको एक खण्ड त दिनैपर्छ र अरूलाई मद्दत गर्नुपर्छ। त्यति गरिएन भने उसको धनसम्पत्ति चोर, डाँका, लुच्चा, फटाहा, आगो, हावा, पानीले भए पनि खाएर नास हुन्छ। त्यसैले धेरै कन्जुस हुनु हुँदैन।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# बूढाबूढी हुने अवस्था

हामीहरूको जब १५-२० वर्षको उमेर हुन्छ, हामीलाई केही पनि हुँदैन। रूप, लावण्य धेरै नै राम्रो देखिन्छ। बूढाबूढी भइन्छ भनेर यादै आउँदैन। यौवन अवस्थामा त बूढाबूढी भएकै हुँदैन। त्यो अवस्था, त्यो स्वभावधर्म पछि मात्रै आउने हो। जब वर्ष बढ्छ, शरीर स्थिर भएर जान्छ। अनि मात्र अलिअलि बुझिएको हुन्छ। आजकाल मासु चाउरी परेर गयो भने प्लास्टिक सर्जरी गर्ने चलन छ, झट्ट हेर्दा बूढाबूढी देखिँदैनन्। तर जतिसुकै सुन्दर सिँगार गरे पनि प्रकृतिले छोड्ने छैन। यो हामीले नै बोकेर ल्याएका हौं। यो प्रकृतिको नियम हो। कपाल सेतो भएर आउँछ। मन पर्दैन, तर के गर्ने? यो पनि प्राकृतिक कारण नै हो।

खुट्टा दुख्यो भनेर अप्रेसन गरी फलामको खुट्टा हाले पनि एकछिनका लागि मात्रै काम दिन्छ। बाँचेसम्म त्यो काम लाग्ने होइन। जन्मँदै कालो भएँ भनेर विभिन्न क्रिम, पाउडर लगाए पनि सेतो बनिने होइन। त्यस्तै हो बूढाबूढी हुने कुरा पनि। जतिसुकै मिहिनेत गरेर तरूण-तरूणी भइरहन्छु भने पनि र जतिसुकै पैसा खर्च गरे पनि बूढाबूढी हुनबाट बच्न सक्ने कोही छैन।

हो, बूढाबूढी हुनबाट कोही पनि बच्न सक्तैन। राजा, प्रजा, धनी, गरिब, सेतो, कालो कोही पनि बाँकी रहँदैन। बूढो भएपछि घुँडा दुख्छ, ढाड दुख्छ, हिँड्न सकिँदैन, खानामा रूचि हुँदैन, खाना नखाए निद्रा लाग्दैन, खोकी लाग्छ, शरीर कमजोर हुन्छ। हामीसँग भएका पाँचै इन्द्रियले काम गर्नेनन्। बूढो भएपछि आँखाले देख्दैन, कानले सुन्न नसक्ने हुन्छ, सधैं मीठो मानेर खाएको खाना मीठो हुँदैन, राम्रो वासना सुँघ्ने नाक पनि कमजोर हुन्छ, ठूलो र मोटो ओछ्यान लगाए पनि गाह्रो अनुभव हुन्छ मासु शरीरमा नभएकाले।

जीर्ण भएर गएको शरीरको जर्जर अवस्था कसलाई मन पर्छ र? बिग्रिएको, कुच्चिएको, रङ्ग उडेको सामान कसैलाई पनि मन नपरेझैं दुर्बल र शिथिल भएको शरीरले पराधीन भएर जिउन कसलाई मन लाग्छ र? सबैलाई सधैं तन्नेरी भएर बस्न मन लाग्छ। तर मन लागेर मात्र के गर्ने? आफूले भनेजस्तो गर्न सकिँदैन। त्यसैकारण घमण्ड, अभिमान गरेर के फाइदा? मसँग धन छ, मसँग जन छ,



Downloaded from http://dhamma.digital/

म सुन्दर या सुन्दरी छु भनेर अभिमान गर्ने व्यक्ति महामूर्ख हुन्छ। किनभने आफू काली छे र आफूलाई सेती पार्न सक्तिन भने त्यस्तीले अरूका लागि के गर्छे ?

बृद्ध भएपछि जवानीमा सिधा भएको शरीर कुप्रिएर जान्छ । कमलको फूलझैं फक्रेको मुहार मुर्झाएर जान्छ। मासु सुकेर हाड र छाला मात्र बाँकी रहन्छ र रूप पनि विरूप भएर जान्छ। यसमा कसैको केही लाग्दैन। यो त प्रकृतिको नियम हो। प्रकृतिको नियमबाट अलग हुन कसैले पनि सक्तैन। यो विधान अथवा नियमअनुसार सबैले चल्नैपर्छ। यो त आफ्नो जन्म हुँदा आफैँले ल्याएको नियम हो। बृद्धावस्थाले भगवान् बुद्ध, राजा, प्रजा, देवता, कुनै एकदमै शक्तिशाली व्यक्ति आदि जो होस्, कसैलाई पनि बृद्ध हुनबाट बाँकी राख्तैन।

श्रावस्ती नगरमा मिगारमाता विशाखा उपासिकाले आफ्नो दाइजोमा गहनाका रूपमा आएको बाह्र करोड रूपियाँ मूल्यको महालता प्रशाधन बेचेर भगवान् बुद्धका लागि पूर्वाराम बिहार बनाई दान दिनुभएको थियो। भगवान् बुद्ध त्यही पूर्वराम बिहारमा छत्तीस वर्ष बास बस्नुभएको थियो। एक दिन त्यही अवस्थामा आनन्द भन्तेले एउटा प्रश्न भगवान् बुद्धलाई सोध्नुभएको थियो। भगवान् बुद्धको भोजनकर्म सकिएपछि बरन्डामा बसिराखेको समयमा आनन्द भन्तेले शरीरमा उसिउसि गरेर मालिस गर्दागर्दै भन्नुभयो – "भगवान् शास्ता ! पहिले तपाईंको शरीर कस्तो राम्रो थियो। हृष्टपुष्ट थियो। जसले देखे पनि माया लाग्ने खालको थियो। तर अहिले आएर त्यति हृष्टपुष्ट भएको छैन। शरीर नै शिथिल भएर गएछ। मासु चाउरी परेर गएछ। हड्डी मात्र बाँकी भएछ। कम्मर अथवा शरीर कुप्रिएर गएछ। किन यस्तो भएको हो ?"

अनि भगवान् बुद्धले भन्नुभयो – "आनन्द ! यौवन अवस्थामा बृद्धधर्म पछाडि हुन्छ। यौवन अवस्थामा आरोग्य अथवा निरोगी धर्म अथवा स्वभाव पछाडि हुन्छ। जीवनमा मरण-स्वभाव पछाडि नै हुन्छ। आनन्द ! बूढाबूढी भएका कारणले गर्दा शरीर राम्रो हुँदैन। जतिसुकै पैसा खर्च गरे पनि र जतिसुकै मिहिनेत गरे पनि बूढो भइसकेको शरीरलाई सुन्दर बनाउन सकिँदैन।"



Downloaded from http://dhamma.digital/

# राज्यको रक्षा कसरी हुन्छ ?

जुन राज्यमा सातवटा अपरिहार्य धर्म हुन्छन्, त्यो राज्य कसैले पनि छुट्याउन, बिगार्न र लुट्न सक्ने छैन। ती सातवटा नियमहरू देशका नेताहरूले पालन गर्न नसकेका कारणले नै आजकाल हाम्रो नेपाललगायत सारा संसारमा झैझगडा भइरहेको हो। जतिसुकै पैसा भए पनि मानिसहरूलाई शान्ति छैन। जताततै अशान्ति मात्र भइरहेको छ। घरहरू ठूला-ठूला भए पनि आफ्ना सन्तानलाई नै आफूले भनेजस्तो गरी राख्न सक्तैनन्। करोडौं, अरबौं पैसा भए पनि मनमा शान्ति पाउन गाह्रो छ। खेतबारी धेरै भए पनि लोभले छोडेको छैन। भोलि मृत्यु हुने अवस्था भए तापनि आजसम्म 'यो मेरो सम्पत्ति अरूले खान्छन्' भनी डरले कामिरहन्छन्। जतिसुकै धनसम्पत्ति, हीरामोती, जग्गाजमिन भए पनि पुगेको छैन। एक माना चामलको भात खान र एक जोर लुगा लगाउनका लागि हामी कतिसम्म लोभी र लालची भइरहने ? यही लोभलालच भएका कारणले नै राजा-महाराजाहरूले पनि मनले नचिताएको या कल्पना नै नगरेको काम हुन जाने गरेको हो। त्यसो भएपछि आफूले मोजमजा गरी बसेको राज्य पनि छोडेर जानुपर्ने अवस्था आउँछ र आएको पनि थियो।

हाम्रो नेपालमा जन्मिनुभएका भगवान् बुद्धको उपदेशलाई वास्ता नगर्दा यस्तै हुन्छ। त्यसैकारण शिक्षाज्ञानका लागि आफूभन्दा ज्ञानीगुणीहरूको र निःस्वार्थी, निर्लोभी, लालच नभएका विद्वान्जनका कुराहरू सुन्नु अत्यन्त आवश्यक छ। विद्वान् र आचार पालना गर्नेहरूसँग बस्नुपर्छ भनेर भगवान् बुद्धले धम्मपद बालवग्गों श्लोक नं० ६१ मा यस्तो उल्लेख गर्नुभएको छ –

चरं चे नाधिगच्छेय्य सेय्यं सदिसमत्तनो  
एकचरियं दल्ह कयिरा नत्थि बाले सहायता।

सकेसम्म आफूभन्दा विद्वत्जन या उत्तम पुरुषहरूको सत्सङ्गत गर्नू अथवा आफूसमान आफूले जति जानेको छ त्यति नै जान्नेसँग सत्सङ्गत गर्नू। त्यस्तो व्यक्ति पाइएन भनेर बालमूर्खहरूसँग सङ्गत गर्नुभन्दा बरू एक्लै बस्नु उत्तम छ।

हाम्रो नेपालमा ठूलाबडाहरूको सङ्गत मूर्खहरूसँग मात्र थियो। सल्लाहकारहरू स्वार्थी, लोभी, लालची, अरूलाई अथवा कमजोरहरूलाई थिचोमिचो गर्ने गर्थे। त्यस्तै विचार भएकाहरूसँग मात्र सङ्गत थियो। त्यसै भएका कारणले राज्य छाडेर



Downloaded from http://dhamma.digital/

जानुपर्ने अवस्था आएको हो। त्यसैकारण भगवान् बुद्धको कुरालाई ध्यान गरी राम्ररी सुनेर र चिन्तन गरेर व्यवहारमा उतार्नु अत्यन्त आवश्यक छ भनिएको हो।

भगवान् बुद्धले वैशालीमा बज्जियो राजाहरूको विषयलाई लिएर सातवटा उपदेशहरू दिनुभएको थियो। ती सातवटा ज्ञान, उपदेश या नियमहरूमा कुनै राज्य रहन्छ भने त्यस राज्यलाई कसैले पनि बिगार्न अथवा अलग्याउन सक्ने छैन। त्यसै कारणले राज्य चलाउने या देश चलाउने ठूलाबडाहरूले ती सातवटा अपरिहार्य धर्महरूको पालना गर्नु अत्यन्त आवश्यक छ। ती उपदेशहरू यस प्रकारका छन् –

१) मिटिङ गर्ने भनेपछि नै सम्पूर्ण राजा र राजकुमारहरूले बैठकमा जम्मा हुनुपर्दछ। सबैलाई बेग्लाबेग्लै बोलाइरहनु आवश्यक छैन। मिटिङमा राजा र राजकुमारहरू भनेर मान या आदरसत्कार गरेर बोलाइरहनु आवश्यक पर्दैन। उनीहरू सबैले जम्मा हुनुपर्छ।

२) पुराना नियमहरूलाई पालना गर्नुपर्छ। नियमभन्दा शपथग्रहण गर्नु राम्रो हुन्छ र त्यसलाई पालना गरेर व्यवहारमा पनि उतार्नुपर्छ। खालि मुखले मात्र शपथ लिने होइन, तदनुरूपको व्यवहार नै गर्नुपर्छ।

हाम्रो नेताहरू धेरैजसोले शपथग्रहण त गर्नुहुन्छ, तर व्यवहारमा उतार्नुहुन्न। तर बज्जीजनले पालना पनि गरेका थिए, व्यवहारमा उतारेका थिए। मुखले भनेर पुग्दैन, नियम पालना गर्नुपर्छ।

३) आफूभन्दा ठूला र बृद्धहरूलाई सेवा गर्नुपर्छ। आफूभन्दा उमेरले ठूला व्यक्तिहरूलाई सत्कार गर्नुपर्छ। त्यो व्यक्ति धनी, गरिब, राम्रो, नराम्रो, आफ्नो नातेदार होस् या नहोस्, आफ्ना आमा, बुबा, दिदीहरू, दाजुहरू, काका, काकी आदि जोसुकै होउन्, सबैलाई आदर गर्नुपर्छ।

४) जुन-जुन व्यक्तिहरू, बृद्धहरू, गुरूहरूलाई आदरसत्कार गरिन्छ, उहाँहरूले दिनुभएका उपदेशहरू पनि सुन्नुपर्छ। त्यही उपदेशअनुसार नियमको पालना गरेर व्यवहारमा पनि उतार्नुपर्छ। आफूलाई पनि फाइदा हुने र अरूलाई पनि फाइदा हुने कुरा अथवा काम गर्नुपर्छ। समय-समयमा धर्मका उपदेशहरू सुन्नुपर्छ। निःस्वार्थी, निर्लोभी, राग, द्वेष र मोह कम हुने व्यक्तिका कुराहरू पालना गर्नुपर्छ, पालना गर्नु अत्यन्त आवश्यक छ। त्यस्ता व्यक्तिहरूलाई देश या राज्यबाट अलग राख्नु ठीक हुँदैन।

५) कुनै पनि व्यक्तिले आफ्नो कुलका स्त्रीहरूलाई अथवा केटीहरूलाई आफ्नो शक्तिबाट जबर्जस्ती गर्न हुँदैन, भनेको मतलब हो करणी गर्न हुँदैन, बलात्कार गर्न हुँदैन उनीहरूको इच्छाविना। महिलावर्गलाई आफ्नै दिदी, बहिनी, आमा, सानीआमा सम्झने गर्नुपर्छ। आफ्नी श्रीमतीबाहेक अर्काकी श्रीमतीमाथि



Downloaded from http://dhamma.digital/

आँखा लगाउनु हुँदैन। अर्काकी श्रीमतीमाथि हक जनाउनु हुँदैन। जति शक्ति भए पनि स्त्रीहरूलाई जबर्जस्ती अत्याचार गर्न हुँदैन। त्यसो भएमा आफ्नो देश कसैले पनि लिन सक्तैन।

हामीलाई थाहा नै छ श्रीमान्-श्रीमतीका कारणले कति झैझगडा भइरहेको छ। त्यसैकारण अर्काको हकदार श्रीमान्-श्रीमतीतर्फ मायाप्रीति बसाउनु हुँदैन।

६) कुनै पनि व्यक्तिहरूले पुराना चैत्यहरूलाई पूजा गर्नुपर्छ, सत्कार गर्नुपर्छ, तिनीहरूको गुण गाएर राखेका चैत्य र मन्दिरहरूलाई आदर गर्नुपर्छ, भत्काउन, बिगार्न र नाश गर्न हुँदैन। ती चैत्य, मन्दिर आदिमा भएका गुणहरूलाई धर्मअनुसार रक्षा गरेर राख्नुपर्छ।

हाम्रो नेपालमा त ठूलाबडाहरू नै चैत्य र मूर्तिहरू चोरेर विदेशमा लगी बेच्छन्। रक्षा कहाँ गर्छन् र ? बाजेबराजुहरूले र साहुमहाजनहरूले बनाएर राखेका चैत्य र मूर्तिहरू चोरेर बेचिदिन्छन् पैसाको लोभले गर्दा। जति धेरै पैसा भए पनि तिनीहरूको चित्तलाई पुग्दैन। पुराना चैत्यहरू र मूर्तिहरू चोरेर नबेचेका भए आज यो गतिमा पुगिने थिएन होला। त्यसैकारण पुराना चैत्य, मूर्ति र मन्दिरहरूलाई सुरक्षा गरेर, आदरसत्कार गरेर राख्नुपर्छ।

७) कुनै पनि क्लेश नभएका श्रमण, ब्राह्मण, भिक्षु, भिक्षुणीहरूको आदर गर्नुपर्छ। पछिपछि आउने अरहन्त, भिक्षु, भिक्षुणीहरूलाई पनि हाम्रको राज्यमा आउनुहोस् भनी प्रार्थना गर्नुपर्छ। अरहन्तहरूलाई राम्रोसित ध्यान गरेर हेरविचार, सेवसुसार गर्नुपर्छ। उनीहरू सुखपूर्वक जीवन बिताउन् भन्ने इच्छा राख्नुपर्छ। त्यसका लागि राम्रोसित प्रबन्ध गरिदिनुपर्छ। जबसम्म यस्तो गरिन्छ, तबसम्म त्यस्तो ठूलाबडाहरूको राज्यमा सुख हुन्छ र राज्य पनि छिन्नभिन्न हुँदैन। तिनीहरूको राज्य या देशलाई कसैले पनि छुन अथवा कसैले पनि छिन्नभिन्न गराउन सक्ने छैन।

आफूभन्दा साना व्यक्तिहरूमाथि माया, प्रेम, दया, करूणा राख्नु अत्यन्त आवश्यक छ। सके धनसम्पत्तिले मद्दत गर्नुपर्छ, नसके शरीरले सकेसम्म मद्दत गर्नुपर्छ, त्यति पनि गर्न सकिएन भने ईर्ष्या र डाहा नगरीकन राम्रो विचार, राम्रो सल्लाह दिने गर्नुपर्छ। त्यसो गरियो भने त्यो देशको नाश हुँदैन। त्यस देशमाथि कसैले केही लान्छना लगाउन, उपहास र निन्दनीय काम गर्न सक्ने छैन। देश अरूले लिने र छिन्नभिन्न गर्ने त कुरा नै छैन।

भगवान् बुद्धले उपदेश दिनुभएका कुराहरूलाई हामीहरूले अलिकति मात्र सुनेर व्यवहारमा उतारेका भए यो नेपाल सिङ्गापुर, जापान, बेलायत, अमेरिका



Downloaded from http://dhamma.digital/

र ताइवानभन्दा पनि माथि पुगिसक्थ्यो होला । हाम्रा नेपालीहरूले बाहिर या विदेशतिर जानु आवश्यक नै पर्दैनथ्यो होला । सबै चीज यहाँ पूर्ण भएको भए हाम्रो देश यस्तो हुँदैनथ्यो । आजकाल त धेरैजसो काम गर्न सक्ने विद्वान्हरू बाहिर अर्काको देशमा पसिना बगाएर अरूलाई धनी बनाइरहेका छन् । आफ्नो पैसा अरूलाई पोसेका छन् । यी कुराहरूलाई हामी नेपालीहरूले बिर्सिराखेका छौं । हामी नेपालीहरू सुतिराखेका छौं । अरू देशमा नभएका प्राकृतिक वस्तुहरू नेपालमा नै छन् ।

हो, हाम्रो देशमा समुद्र छैन । त्यही एउटा मात्रै कमजोरी भएको छ । तर त्यसलाई मात्र याद गरेर हुँदैन । नभएकोमा पनि सन्तोष मान्नुपर्छ । हाम्रो नेपालजस्तो शान्ति नभएको कुनै पनि देश छैन । तर शान्ति अब पनि ल्याउन सकिन्छ । सबैले मैत्री, करूणा, मुदिता र उपेक्षा गरेको भए गर्नु नै पर्छ ।

त्यसैकारण संसार, देश, राज्य या घर चलाउनका लागि भगवान् बुद्धले ती सातवटा अपरिहार्य धर्मसम्बन्धी उपदेशहरू जुन दिनुभएको थियो, त्यसैअनुसार वैशालीका बज्जीराजा र राजकुमारहरूलाई कसैले पनि केही गर्न सकेका थिएनन् । तिनीहरूको देशलाई भगवान् शुद्धले स्वर्गको उपमा दिनुभएको थियो । त्यति शान्तिपूर्ण र सुन्दर देश थियो तिनीहरूको । त्यस समयमा भगवान् बुद्धले भन्नुभएको थियो – "मनुष्यलोकको स्वर्ग हेर्ने हो भन् वैशालीमा गएर हेर भन्नुपर्छ ।"

हाम्रो नेपाललाई पनि स्वर्गजस्तै बनाउने हो भने उल्लिखित सातवटा नियमहरूलाई पालना गर्नुपर्छ र उपयोग पनि गर्नुपर्छ सबै जनताले । अनि मात्र शान्तिपूर्ण र सुन्दर भएर विश्वको एउटा नमुना देशका रूपमा हामीले खोजेजस्तो नयाँ नेपाल बन्न पुग्छ ।



Downloaded from http://dhamma.digital/

# मिल्नेहरूलाई बिछोड गराउनु हुँदैन

कुरा गर्न पाइयो भन्दैमा जथाभावी गर्नु हुँदैन। शङ्का लागेर, मिलेको हेर्न नसकेर डाहा गर्नु हुँदैन। आगो भनेको ठूलो आवश्यक पर्दैन। सानो आगोका कारणले घर जलाइदिन्छ, देश जलाइदिन्छ र जङ्गल जलाइदिन्छ। त्यसैकारण शुद्ध भएका व्यक्तिहरूलाई या राग, द्वेष नभएका व्यक्तिहरूलाई कुरा लगाउँदा र तिनीहरूको डाहा गर्दा ठूलो भोग भोग्नुपर्छ। धम्मपदमा भगवान् बुद्धले यस्तो उपदेश दिनुभएको छ –

पापों पि पस्सति भद्रं याव पापं न पच्चति
यदा च पच्चति पापं अथ पापो पापानि पस्सति।

पापको फल नआएसम्म पापीहरू पापलाई पुण्य सम्झेर बस्छन्। जब पापको फल भोग्ने समय आउँछ, अनि मात्र पापलाई पाप भनेर बुझ्छन् र थाहा पाउँछन्।

त्यसैकारण आफूसँग धन छ, आफू राम्रो छु, म सम्पूर्ण धनजनबाट परिपूर्ण छु, म बलियो छु भनेर अरूलाई हेप्ने गरिन्छ, अरूलाई खिज्याउने गरिन्छ, अर्काको यश या कीर्तिलाई बाधा पुऱ्याइदिइन्छ भने पछि गएर आफूलाई नै हानि हुन्छ। मान्छे सधैँभरि बलियो हुँदैन। सधैँभरि आफूले भनेको जस्तो पनि हुँदैन। आफ्नो शक्ति भएको बेलामा अरू मिलेको सहन नसकेर डाहा भई मिल्नेहरूलाई बिछोड पार्दा पछि आफूले गरेको त्यस पापको फल भोग्नुपर्छ। धान रोप्यो भने धान नै फल्छ, गहुँ रोप्यो भने गहुँ नै फल्छ। सुन्तला रोपेर अनार फल्दैन, धान रोपेर गहुँ फल्दैन। त्यस्तै, आफूले के रोपेको हो त्यसैअनुसार फल पाउने हुन्छ।

यसै सन्दर्भमा आफूले डाहा गरेर मिल्ने भिक्षुहरूलाई बिछोड पारेको एउटा घटना याद आयो।

श्रावस्तीमा एकजना धनाढ्य ब्राह्मणको छोरो थियो। छोराको नाम राखिएको थियो कुण्डधान। कुण्डधान अत्यन्त तीक्ष्ण बुद्धि भएको हुनाले सानो छँदा नै ध्यान गरेर बस्थ्यो। जुनसुकै कुरा पनि ध्यान दिएर पढ्थ्यो, काम गर्ने गर्थ्यो। 'हुने बिरूवाको चिल्लो पात' भनेझैँ सानै उमेरमा तीनैवटा वेदहरू उसले कण्ठस्थ पारेको

 डा. अनोजा

Downloaded from http://dhamma.digital/

थियो । तर त्यसै कारणले ऊ धेरै नै घमण्डी पनि थियो । मजस्तो अरू कसैले पढ्न सक्तैन भन्ने भावना उसमा थियो । उसको जीवन सुखपूर्वक बितेको पनि थियो । तर एक दिन भगवान् बुद्धले उसलाई एउटा उपदेश दिनुभयो । बुद्धको त्यही उपदेश सुनेर कुण्डधान आफ्नो घरपरिवार छाडेर, गृहत्याग गर ेर बुद्धकहाँ भिक्षु बन्न गयो र उपसम्पदा पनि प्राप्त गऱ्यो ।

जतिसुकै धनसम्पत्ति भए पनि प्रव्रज्या ग्रहण गरेपछि अर्काको भरमा नै बाँच्नुपर्छ । त्यसैकारण भिक्षु या भिक्षुणी भएपछि भिक्षा मागेर खानुपर्छ । त्यसै भएर कुण्डधान भिक्षु पनि भिक्षा माग्न श्रावस्ती नगरतिर गयो । भिक्षा माग्न जाँदा उसका पछाडि एउटी राम्री केटी अथवा आईमाई हुन्थी । भिक्षुका पछाडितिर राम्री केटी देख्थे सबैले । एक-दुईजनाले मात्र होइन र एक दिन मात्र होइन, दुई दिन मात्र होइन, सधैँ देख्थे । त्यसैले केटी पछाडि राखेर आउने-जाने गर्छ जस्तो लाग्ने भयो । दाताहरूले भिक्षा दिँदा पनि 'त्यस्तो केटीलाई पछाडि-पछाडि राखेर आउने भिक्षुलाई के दिने ! केटी छोड्न नसक्ने मान्छे पनि किन भिक्षु बनेको होला' भन्न थाले । उसको निन्दा र उपहास हुन थाल्यो । कसैले भिक्षा दिँदा पनि 'यो तिमीलाई र यो तिम्री श्रीमतीलाई' भनेर रिसले भिक्षा अथवा भात दिने गर्न थाले ।

त्यस्तो वचन सुनेर कुण्डधान भिक्षुलाई आश्चर्य लाग्यो । 'मैले विवाह नै गरेको छैन, मैले कुनै केटीसँग सम्पर्क नै गरेको छैन, मैले कुनै केटी लिएर गएको नै छैन, किन यस्तो भनेको होला' भनेर कुण्डधानको कहिलेकाहीँ झगडा पर्ने गरेको थियो । ऊ कराउँथ्यो, रिसाउँथ्यो । भिक्षुहरूले पनि उसलाई गिज्याए र दाताहरूले पनि निन्दा गरे 'केटीलाई पछाडि राखेर हिँड्ने भिक्षु' भनेर । श्रावस्तीमा यस कुरालाई लिएर हलचल मच्चियो । यो कुरा सुनेर राजा प्रसेनजीत पनि मध्याह्न कालमा बिहारमा जानुभयो । भिक्षु कुण्डधान त्यस बेला आफ्नो चिवर सिलाएर बसिरहेको थियो । एउटी सुन्दरी केटी उसका पछाडि बसिराखेको दृश्य राजाले देख्नुभयो । तर भित्र पुग्दा भन्ते मात्र देखियो, केटी थिइन । राजाले त्यस केटीलाई यताउता बिहारमा खोज्नुभयो । खाटमुनि र कुनाकाप्चामा पनि हेर्नुभयो, तर देख्नुभएन । उहाँ बाहिर आएर हेर्दा फेरि भिक्षुका पछाडि केटीलाई देख्नुभयो ।

यस्तो क्रम तीनपटकसम्म भयो । बाहिर र भित्र गएर हेरेपछि राजाले थाहा पाउनुभयो यो भिक्षुको कर्मविपाक नै होला भनेर । राजाले चतुप्रत्य


Downloaded from http://dhamma.digital/

दाता बनाएर भोजनको निमन्त्रणा गर्नुभयो । चतुप्रत्य भनेको भिक्षुहरूलाई नभई नहुने खाना, बस्नका लागि बिहार, बिरामी हुँदा औषधि र लगाउनका लागि चिबर हो ।

भिक्षुहरूले गिज्याउने त भइहाले सधैंभरि केटीलाई पछिपछि राखेर हिँड्दा । यही कुरा भगवान् बुद्धकहाँ पनि पुग्यो । भगवान् बुद्धलाई सबै कुरा थाहा थियो । कुण्डधान भिक्षु भिक्षुहरूसँग कराउने गर्थ्यो – "मैले केटी लिएर गएकै छैन । तिमीहरू नै हिँडेको होउला । तिमीहरू नै हौ लाज नभएका ।"

यसरी दिक्क मानेर कुण्डधान भिक्षु अरू भिक्षुहरूलाई जवाफ दिने गर्थ्यो । यस कुरालाई लिएर कुण्डधान भिक्षु भगवान् बुद्धकहाँ गयो । भगवान् बुद्धले 'तिमीले सहनुपर्छ' भनेर उपदेश दिनुभयो र यस्तो भन्नुभयो –

सचे नेरेसि अत्तानं कंसो उपहतो यथा
एस पत्तोसि सारम्भो तेन विज्जति ।

जसरी फुटेको सिसाबाट शब्द आउँदैन, त्यस्सरी नै तिमी बस्यौ भने छिटै निर्वाण प्राप्त गर्न सकिन्छ, निर्वाण प्राप्त हुन्छ । तिमीले कसैलाई जवाफ दिनु आवश्यक छैन । तिमी खालि ध्यानमा मात्र मन लगाऊ । मलाई यस्तो किन भएको होला भनेर चिन्ता नगर ।

अनि भगवान् बुद्धले कुण्डधान भिक्षुलाई ध्यान गर्न सिकाउनुभयो र ध्यान गर्दागर्दै ऊ अरहन्त भयो । 'अरहन्त हुने क्षमता भएको भिक्षुलाई त्यसरी केटी पछिपछि भएको देखाउनुपर्ने के विपाक होला भगवान् शास्ता ?' भनेर प्रश्न गर्दा भगवान् बुद्धले भिक्षुको विपाक विषय यसरी बताउनुभयो –

पहिले एकदम मिल्ने दुईजना भिक्षुहरू थिए । तिनीहरू सानैदेखि सँगै खेल्ने, खाने, बस्ने गर्थे । पछि गएर भिक्षु पनि सँगसँगै भए । ती भिक्षुहरू एकदम विनयमा बस्थे, भिक्षुको नियम बिग्रन्छ कि भनेर डराउँथे । तिनीहरूले आफ्नो नियम राम्रोसित पालना गरिरहेका थिए र वर्षावास पनि बसेर, आफ्नो-आफ्नो धुताङ्ग पाली विमुक्तिसुख अनुभव गर्दै मार्गफलको बाटोमा पुगेका थिए ।

अनि एकपटक उनीहरू दुईजना नै भगवान् काश्यप बुद्धलाई बन्दना गर्ने भनेर बाटोमा गइरहेका थिए । ध्यान गरी-गरी हिँडिरहेका थिए । त्यसै समयमा बाटोमा हुने एउटा रूखदेवताले केही विचार गर्नुभयो । 'यिनीहरूले जिन्दगीमा झैझगडा गरेका छैनन्, आजसम्म पनि यति धेरै मिलेर बसेका छन्, यिनीहरूलाई बिछोड पार्न सकिन्छ कि सकिँदैन, हेर्नुपर्‍यो' भन्ने विचार गरेर उहाँ बन्नुभयो देवकन्या । संयोगवश एकजना भिक्षुलाई पिसाब गर्नपर्‍यो । त्यहाँ जङ्गलजस्तो पनि थियो । अर्को भिक्षुलाई 'तपाईं यहाँ पर्खिराख्नुस्, म ट्वाइलेट गएर



Downloaded from http://dhamma.digital/

आउँछु' भनेर झाडीमा पसे । त्यही समयमा वृक्षदेवता केटीको रूप धारण गरी भिक्षुको पछिपछि जङ्गलबाट निस्कनुभयो ।

उता पर्खिराखेका भिक्षुले त्यो दृश्य देखे । केटी पछिपछि राखेर आएको दृश्य देखे । 'झाडीमा गएर यसले आफ्नो शील बिगार्‍यो, पिसाब फेर्ने निहुँ गरेर केटीसँग बिग्रियो' भन्ने ठाने । 'अब तिमीसँग म बाटोमा पनि सँगै हिँड्ने छैन, कारण के हो भने मेरो पनि नियम बिग्रिन्छ' भनी सुनाएर अर्का भिक्षु अलग गए । बाटोमा एउटै बिहारमा पनि सँगै सुतेनन् । दुईजनाको चित्त फाट्यो । त्यस दिनदेखि दुईजना भिक्षुहरू अलग भएर बसे ।

देवकन्याले दुईजनालाई मिलाउन नसकी आफूले धेरै दुःख भोगिन् र अहिले भिक्षु बनिन् । केटी पछाडि राख्ने भिक्षु यही हो । पहिले यो देवकन्या थियो । भिक्षुहरूलाई अलग पारिदिएको कर्मले गर्दा आज अरहन्त हुने क्षमता भए पनि आफूले नदेख्ने अरूले मात्र देख्ने केटी पछाडि हुने निन्दा र उपहास सहेर बस्नुपर्ने विपाक भोग्नुपर्‍यो यसले । भगवान् बुद्धले पूर्वको विषय यही बताउनुभएको थियो ।


Downloaded from http://dhamma.digital/

# बुद्धधर्ममा छोरा र छोरी समान

नेपाल र भारतमा महिलाहरूलाई कमजोर ठान्ने गरिएको छ। महिलाहरू अथवा छोरीहरूको बुद्धि दुई औँलामा मात्र हुन्छ भन्ने भावना छ। दुई औँला भनेको के हो भने भात पकाउने बेलामा भात पकाउने भाँडामा चामल हालिसकेपछि पानी हाल्छन्, पानी हाल्दा हात भित्र पठाएर औँला हेर्छन्, दुई औँला पानी भए पुग्छ भन्ने विचार गर्छन्। त्यस्तै, महिलाहरूले अरू केही पनि ठूलो बुद्धि चलाउनु आवश्यक छैन भन्ने गर्छन्। त्यसैकारण आमाले नै छोरीलाई घरको काम मात्र गराउन खोज्छन्। जन्म दिने आमालहरू नै छोरा र छोरीलाई फरक-फरक व्यवहार गर्छन्। छोरालाई राम्रो-राम्रो लुगा र मीठो-मीठो खाना दिन्छन्, तर छोरीले ती सबै कुराहरू कहाँ पाउनु! स्कुलमा पढाइयो भने पनि छोरालाई बोर्डिङ स्कुलमा र छोरीलाई साधारण स्कुलमा पढाउने गर्छन्।

छोरीहरूले बाहिर जानु हुँदैन भनेर घरभित्र नै राख्ने गरिन्छ। छोराले जताततै गए पनि हुन्छ। पहिले त झनै महिलाहरूलाई केवल बच्चा पाउने मिसिन मात्रै हो भनेर सम्भिने गर्थे। भारतमा त झन् महिला अथवा केटी भएर जन्म नै नलिए पनि हुन्छ। कारण के हो भने विवाह गरेर दिन्छन् छोरीलाई, दहेज अलि कम भयो भने या ज्वाइँलाई एउटा साइकल दिइएन भने गँवार सासू, नन्द र श्रीमान् मिलेर बुहारी अथवा श्रीमतीलाई मट्टितेल खन्याई आगो लगाएर जिउँदै जलाई मारिदिन्छन्। यस्तो केस त मैले धेरै नै देखें मैले बनारसमा बसेर पढेको समयमा। यस्तो चलन अब नेपालमा पनि अलिअलि लागू भएर आयो। छोरा र छोरीमा भेदभावहरू बढ्दै आयो। अब त झन् पेट बोक्ता नै स्टेथिस्कोपबाट हेरेर छोरी भए अपरेसन गर्ने र छोरा भए जन्माउने गर्छन्। कत्तिको न्याय र अन्याय छ त यस संसारमा!

तर भगवान् बुद्धले छोरा र छोरीमा, स्त्री र पुरूषमा, भिक्षु र भिक्षुणीमा भेदभाव गर्नुभएको थिएन। भगवान् बुद्धले आफ्नै मुखले भन्नुभएको छ – "छोरा र छोरी बराबर छन्। दुवैमा कुनै फरक छैन।"

हुन पनि हो, दुवैमा फरक छ बुद्धि मात्रको, ज्ञान मात्रको। आजकाल हेरौं, महिलावर्गले के गरेका छैनन्? श्रीलङ्कामा राष्ट्रपति र प्रधानमन्त्री महिला नै



Downloaded from http://dhamma.digital/

भएका छन् । भारतमा महिला पनि राष्ट्रपति र प्रधानमन्त्री भएका छन् । माओवादी महिलाले बन्दुक बोक्न जानेका छन् । भिक्षुणीहरूले निर्वाणमार्ग प्राप्त गरेका थिए । अफिस-अफिसमा कुन ठाउँमा महिला छैनन् ? धेरैजसो अफिस र कलकारखानामा महिलावर्ग नै बढी मात्रामा देख्न सकिन्छ । जताततै महिलावर्ग नै देखिन्छन् । महिलाले गर्न नसकेको केही पनि छैन । महिला त धर्तीमातासमान हुन् ।

चाइनिज, ताइवानिज, जापानिजहरू महिलालाई धेरै आदर गर्छन् । उनीहरू महिलाहरूलाई करूणामय र धर्तीसमान भन्छन् । त्यस्ता करूणामयलाई धेरै नै आदर गर्छन् । महिलाहरूमा धेरै नै सहन सक्ने शक्ति छ । जस्तै : धर्तीमाथि फोहोरमैला, मन परेको या नपरेको कुरा, पिसाब, दिसा गरिन्छ । साथै, अत्तर पनि छरिन्छ । जे गरे पनि धर्तीले रिस गरेको छैन । त्यस्तै, महिला आमाहरू त्यत्तिकै सहन्छन् । बच्चाले छातीमा कुल्चे तापनि, श्रीमान्ले कुटे तापनि सहेर बस्छन् । त्यसैकारण सहने शक्ति भएका महिलाहरू भनेर महिलालाई देवी मानेर पूजा गरिन्छ । भगवान् बुद्ध पनि पुरूष र महिलालाई समान मान्नुहुन्छ ।

एक दिन भगवान् बुद्ध श्रावस्तीमा अनाथपिण्डिक महाजनले बनाएर दिएको जेतवन बिहारमा बस्नुभएको थियो । त्यही समयमा कोशलराज प्रसेनजीत भगवान् बुद्धकहाँ गएर एकछेउमा बसी धर्मसम्बन्धी उपदेश सुनिरहनुभएको थियो । राजा भगवान् बुद्धकहाँ बारम्बार जाने र धर्मको उपदेश सुनेर ज्ञान, प्रज्ञा उत्पन्न गरी राज्य चलाउने गर्नुहुन्थ्यो । उपदेश सुनिरहेको समयमा एकजना समाचार सुनाउन आउने मान्छे आएर कोशलराजलाई कानमा सुटुक्क भन्यो – "महाराज ! तपाईंलाई पुत्रीरत्न प्राप्त भयो । मल्लिका महारानीले पुत्रीरत्नलाई जन्म दिनुभयो ।"

त्यस्तो वचन सुन्नेबित्तिकै मुसुमुसु हाँसेर प्रवचन सुनिरहनुभएका राजाको मुख एकैचोटि झुक्यो र बिस्मात मानेजस्तो गर्नुभयो । त्यस अवस्थामा राजाको मुख हेरेर भगवान् बुद्धले भन्नुभयो – "महाराज ! कुनै-कुनै ठाउँमा पुरूषभन्दा महिलाहरू सर्वश्रेष्ठ हुन्छन् । पुरूषले गर्न नसकेका कामहरू स्त्रीहरू गर्न सक्छन् । महिलाहरू शीलवान् हुन्छ, पतिव्रता हुन्छन् । राजकुमारलाई दरबारमा दिएजस्ता शिक्षाहरू राजकुमारीलाई पनि सिकाउनुस्, राजकुमारलाई दिइने अर्तिबुद्धि राजकुमारीलाई पनि दिनुस्, शिक्षा, ज्ञान, दया, मायामा पक्षपात नगर्नुस्, अनि हेर्नुस् सबै प्रकार का काम महिलाहरूले पनि गर्न सक्छन् । महिलाहरूले के गर्न सकेका छैनन् ? महिलाहरू अरहन्त हुन सक्छन् । राजपाटमा बसे भने राज्य चलाउन सक्छन् । धनुषविद्या सिकाइयो भने धनुष चलाउन सक्छन् । महाराज ! तपाईंले मुख अँध्यारो गर्नुपर्दैन । खालि फरक त बुद्धि मात्र हो । सिकायो भने आफ्नो क्षमताअनुसार



Downloaded from http://dhamma.digital/

गर्छन्। पुरूषहरू पनि कमजोर हुन्छन्। राजकुमार भए तापनि शक्तिहीन हुन्छन्। त्यो त आ-आफ्नो कर्म हो महाराज !

न हि सब्बेसु ठानेसु पुरिसो होति पण्डितो
इत्थियी पण्डिता होति लहुँ अत्थ विचिन्तिकाति।

सबै ठाउँमा पुरूषहरू मात्र पण्डित हुँदैनन्। छिटै अर्थ बुझ्न सक्ने महिलाहरू पनि पण्डित हुन सक्छन्। त्यसैकारण छोरीको जन्म भयो भएर कत्ति पनि बिस्मात मान्नु आवश्यक छैन।"

भगवान् बुद्धको यति आश्वासन सुनेपछि राजा प्रसेनजीत लज्जित भएर बुद्धको उपदेशलाई शिरोपर गर्नुभयो र खुसी भएर भगवान् बुद्धलाई वन्दना गरी आफ्नो दरबारमा फर्किनुभयो। अनि राजाले राजकुमारी र महारानीलाई अति नै माया गर्नुभयो। हो त नि! छोरा र छोरी बराबर नै हो। पुरूष नभए स्त्री हुँदैनन्। स्त्री नभए छोरो पाइदिने कसले ? मानिसले यो कुरो नबुझेर नै छोरा र छोरीमा पक्षपात गरी मनमा डाहा पालेर र मनलाई अशान्त बनाएर बसेका हुन्।

आजकालको जमानामा छोराभन्दा छोरी ठूला भएका छन्। कारण के हो भने छोरीलाई विवाह गरेर पठाए तापनि आफ्ना आमाबुबा भनेर माया गर्दै सेवा गर्न आउँछन्। जतिसुकै फुर्सद नभए तापनि आफ्नो लोग्नेलाई खुसी पारेर आमाबुबाको गुणलाई सम्झिँदै सेवा गर्न आउँछन्। तर छोराहरूचाहिँ आमाबुबाको गुनलाई यादै गर्दैनन्। मूर्ख श्रीमती पायो भने श्रीमतीको कुरा सुनेर झन् आमाबुबाको अंश मात्रै लिएर आमाबुबालाई घरबाट निकाल्ने गर्छन्। आफूलाई गरेको गुन त्यति याद गर्दैनन्।

भगवान् बुद्धले जुन उपदेश र हौसला दिनुभएको छ, अहिले आएर सबै त्यहीअनुसार भइरहेको छ। केटीहरूले पढ्नु हुँदैन भनेर अनपढ बनाएर राखियो। नपढ्दा पूरा आँखा भए तापनि कानाजस्ता भए केटीहरू। अहिले आएर पढ्दाखेरि सबै गर्न सके। महिलाहरू डाक्टर, इन्जिनियर, पाइलट, राष्ट्रपति, प्रधानमन्त्री, पुलिस इन्सपेक्टर, वकिल इत्यादि के मात्र छैनन् ? महिलाले शासन चलाउनका लागि बन्दुकसमेत चलाउन जाने, हामीले देखिराखेका छौँ। पुरानो विचारधारालाई हटाएर नयाँ विचारधारालाई अपनाउनुपर्‍यो। बुद्धको उपदेश अहिले झन्झन् अभिवृद्धि भएर आएको छ। महिला खालि बच्चा पाउने मेसिन मात्र नभई शासन चलाउन सक्ने राष्ट्रपति र प्रधानमन्त्री पनि भएका छन् र आफ्नो चित्तबाट क्लेश हटाएर निर्वाण प्राप्त गर्न सक्ने भिक्षुणीहरू पनि बनेका छन्।


Downloaded from http://dhamma.digital/

# रीसले कहिल्यै पनि शान्ति गर्दैन

हाम्रो देश नेपाल शान्तिपूर्ण देश थियो । अब नयाँ नेपाल बनाउने भनी लोकतान्त्रिक र गणतान्त्रिक व्यवस्था ल्याइयो । नयाँ नेपाल बनाउने भन्दाभन्दै देश अशान्त भइरह्यो । मनमा लोभलालच भएसम्म शान्ति कहिल्यै पनि पाइने छैन । त्यस्तै अशान्त, लोभी, पापी एक-दुईजना भएपछि देशै अशान्त गराइदिन्छन् । एक पाथी चामल पकायो भने र त्यसमा एउटा-दुइटा मुसाको लिँड पऱ्यो भने त्यो एक पाथी चामलको भातले सबैको पेट ढुस्स पारेर अशान्त बनाइदिन्छ । त्यस्तै, हजारौँ भिक्षुहरूका अगाडि एकजना देवदूतले एउटा कृत्य गरेर सबैजना भिक्षुहरूलाई अशान्त बनाइदियो । एकजना मूर्खले धेरैजनालाई मूर्ख बनाइदिन्छ । हामीसँग विवेक नै छैन, त्यसैले त्यही मूर्खको कुरालाई हामी सही ठान्दछौँ । त्यसैकारण हामीलाई दु:ख भइरहेको हो ।

भगवान् बुद्धले त्यस बेला जतिसुकै उपदेश दिए तापनि सुन्ने व्यक्ति कमै थिए । सुन्ने व्यक्ति धेरै भएका भए सबैलाई फाइदा र शान्ति हुने थियो ।

भगवान् बुद्ध कौशाम्बीमा बस्नुभएका बेलामा त्यस नगरमा अहिले हाम्रो नेपालमा जस्तो गणतन्त्र र लोकतन्त्रका विषयमा झैझगडा भइरहन्थ्यो । शान्ति भनेको त अलिकति मात्र पनि थिएन । भगवान् बुद्धले देशमा झैझगडा गर्नेहरू झैझगडाबाट टाढा बसून् भन्ने चाहनुभएको थियो । मानिसहरूको मनमा अशान्ति भइरहेको हुँदा उहाँ तिनीहरूलाई शान्ति दिलाउन चाहनुहुन्थ्यो । उनीहरूको हृदय परिवर्तन गराएर सुबुद्धि आओस्, लोभलालचमा मन नलगाऊन्, अहङ्कार, द्वेषभावना र क्रोधहरूको सट्टा मैत्री र करूणा जागोस् भनेर भगवान् बुद्ध भिक्षु-भिक्षुणीहरू र उपासक-उपासिकाहरूलाई बोलाएर उपदेश दिनुहुन्थ्यो ।

पहिले एउटा समयमा काशी अथवा वाराणसी देशमा एकजना राजा थिए । उनको नाम थियो ब्रह्मदत्त । उनीसँग धन, जन, सम्पत्ति पूरा थियो । सेना, हतियार, हीरा, मोतीलगायत भौतिक सुखसम्पत्ति थुप्रै थियो । त्यति भए तापनि लोभका कारणले उनलाई धनसम्पत्तिले पुगेन । एक दिन मरेर जानुपर्छ भन्ने कुरा यादै नहुने रहेछ मान्छेलाई । वाराणसीबाट १२० किलोमिटर कौशाम्बी भन्ने राज्य थियो । पहिले-पहिले एउटा देशमा एउटा राजा हुन्थे, आजकाल नगरपालिकाको



Downloaded from http://dhamma.digital/

मेयर भनेजस्तो। अनि कौशाम्बीका राजासँग धन त्यति थिएन। घोडा, हात्ती, तरबार र सिपाही, पुलिस पनि धेरै थिएनन्। काशीका राजाका भन्दा सबै कुरा कम थिए। यो कमजोरी देखेर काशीराजको मनमा लोभ उत्पन्न भयो। उनले कौशाम्बी राज्यमा हमला गरेर राज्य लिन खोजे। त्यो कुरा कौशाम्बीका राजाले थाहा पाएर 'मैले जित्न सक्ने होइन, बरू देश नै छाडेर अथवा राज्य नै त्याग गरेर गएँ भने त जनताको पनि ज्यान बाँच्छ र हाम्रो जीवन पनि सुरक्षित रहन्छ' भन्ने विचार गरे। अनि उनले आफ्नो राज्य त्याग गरेर ऋषिमुनिको भेष लिए। राजा र रानी दुवैजना काशीतिर गई एकजना कुमालेको घरमा गएर बसे। रानी त्यस बेला गर्भवती भएकी थिइन्। उता ब्रह्मदत्त राजाले सजिलैसित राज्य लिए। उनी त खुसी'नै थिए। धेरै मानिसहरूको ज्यान बच्न सक्यो कौशाम्बीका राजा त्यागी र बुद्धिमान् भएका कारणले गर्दा।

कौशाम्बीकी रानी गर्भवती भएको सात-आठ महिना भएपछि उनलाई चतुरङ्गिणी सेनाहरूले खेलिरहेको दृश्य हेर्ने र तरबार धोएको पानी खाने इच्छा लाग्यो। 'पहिले-पहिले केही कुरा मैले मागेकी थिइनँ, तर अहिले यति इच्छा पूरा गरि दिनुस्' भनेर उनले राजासँग एकदमै जिद्दी गरिन्। राजाले विचार गरे – 'म बाबाजीको भेषमा छु, त्यसैले यो इच्छा पूरा गराउन असम्भव छ, तर काशीराजका पुरोहित पहिले एकदम मिल्ने साथी थिए, उनैलाई भन्नुपर्ला।'

अनि साथीसँग उनले सल्लाह गरे। पुरोहितले पनि 'म रानीको इच्छा पूरा गराइदिन्छु' भनेर मिहिनेत गरे।

काशीराजका पुरोहितले राजालाई खुसी पारी चतुरङ्गिणी सेना खेलमैदानमा खेलाए र तरबार धोएर पानी पनि लिए। अनि कौशाम्बीकी रानीलाई बोलाई एउटा कौसीमा राखेर चतुरङ्गिणी खेलहरू देखाए र पानी पनि पिलाए। रानी धेरै खुसी भइन्। आफ्नो इच्छा पूरा हुँदै गएपछि दस महिना पुग्दा राजकुमार जन्माइन्। बच्चालाई स्याहारसुसार गरेर नामकरण गर्दा दीर्घायु भनेर नाम राखियो। दीर्घायु कुमारलाई अलग्गै प्रान्तमा राखेर शिक्षा दिइयो। उनलाई आमाबुबासँग नराखीकन पढाइयो। किनभने उनका आमाबुबालाई काशीराजले खोजिरहेका थिए र देखे भने मारिदिन्छन् भन्ने ठानिएको थियो।

कोशलराजको पहिले एकजना कपाल काट्ने नाऊ थियो। राज्य पतन हुँदा काशीराजाकहाँ आएर उसले सेवा गरेको थियो। त्यही नाऊले कौशाम्बीका राजारानी ऋषिको भेषमा कुमालेको घरमा बसेको कुरा थाहा पायो र त्यही कुरा काशीराजलाई सुनायो। काशीराजले पनि कौशाम्बीका राजारानीलाई समात्न पठाए। समातेपछि मार्नका लागि एउटा मैदानमा लगियो। त्यही समयमा दीर्घायु



Downloaded from http://dhamma.digital/

कुमार आफ्ना आमाबुबालाई भेट्नका लागि आए। बाटोमा आउँदा हुलमुल देखेर त्यहाँ पसे। देखे त आफ्नै आमाबुबा परेछन्। आमाबुबाले पनि छोरालाई देखेछन्। अनि राजाले अन्तिम उपदेश दिए – "प्यारो पुत्र ! तिमीले सानो र ठूलो हेर्नू।

नहि वेरेन वेरानि सम्मन्ती ध कुदाचनं
अवेरेन च सम्मन्ति एस धम्मो सनन्तनो।

वैरभावले कहिल्यै पनि वैर शान्त हुँदैन। अवैरभावले मात्र वैर शान्त हुन्छ। यो पहिलेदेखि चलिआएको धर्म हो। मैत्रीभावबाट नै मैत्री उत्पन्न हुन्छ।"

ती राजाले 'मेरो अन्तिम वचन पालन गर्नू' भनेर सङ्केत गरे, अनि ती राजा र रानीलाई ऋषिमुनिको भेषमा भए तापनि काटिदिए। फेरि शरीरलाई चार भाग गरेर चारै दिशामा फ्याँक्न लगाए त्यति त्यागी राजारानीलाई। ती सबै दृश्यहरू उनका छोरा दीर्घायुले देखे। उनलाई धेरै नै दुःख लाग्यो। 'रोएर हुँदैन यहाँ, राजकुमार भएको थाहा पाए भने मलाई पनि मारिदिन्छन्' भन्ने पनि सोचे।

दीर्घायु कुमारले राति भएपछि मारिएको शरीर पर्खिरहेका पालेपहरेदारलाई टन्नै पूरै उठ्न नसक्ने गरी रक्सी पिलाइदिए। त्यसपछि आफ्ना बुबाआमाको शरीर सबै जम्मा गरी रगतको एक थोपो पनि नछुटाईकन दाहसंस्कार गरे। त्यसपछि भागेर हात्ती पाल्ने मान्छेको घरमा अथवा हात्तीखोरमा गएर हात्तीहरूको खूब सेवा गरे। हात्तीका मालिक उनीसँग खुसी भए।

त्यहीँ बसेर दीर्घायुले गाना पनि सिके। उनको आवाजमा मधुर स्वरले गाना गाएको काशीराजले पनि सुने। काशीराजलाई दीर्घायुको गाना र गला मन पर्‍यो। वीणा बजाएर गाइरहने बानी थियो दीर्घायुको। मधुर स्वरले वीणा बजाएर गाना गाएको काशीराजले सुने। त्यो वीणाको आवाज राजालाई मन पर्‍यो। राजाले दीर्घायु कुमारलाई बोलाएर सोधे र उनको शरीर पनि एकदम लक्षणले युक्त देखे। अनि राजाले भने – "तिमीले वीणा बजाएका हौ ?"

राजकुमारले भने – "हो महाराज !"

"त्यसो भए तिम्रो स्वर सुन्न मलाई मन लाग्यो, सुनाइदेऊ।" – राजाले राजकुमारसँग भने।

अनि दीर्घायु कुमारले वीणा ल्याएर मधुरो स्वरले गीत सुनाइदिए। काशीराज अत्यन्त खुसी भई 'तिमी मकहाँ नै सेवाका लागि बस्न सक्छौ ?' भनेर सोधेपछि एकदमै खुसी भएर राजकुमार राजाको सेवामा बसे। उनी राजाको कोठामा नै सुत्न थाले। राजा नउठ्तै दीर्घायु उठ्थे। राजा सुतेपछि मात्र आफू सुत्थे। उनले पूरा सेवा गरेर राजाको मनलाई जिते। उनी राजाको विश्वासपात्र बने।

एक दिन काशीराजले मृगको सिकार गर्नका लागि जङ्गलतिर जाने मन गरे।



Downloaded from http://dhamma.digital/

'घोडा ठीक पार' भनेर सेनालाई उनले भने। दीर्घायु कुमारलाई पनि आफ्नो रथमा बसाई राजा हिंडे। अरू पनि मृगको सिकारका लागि जङ्गलतिरै गए। राजकुमारले बेसरी रथ हाँके र जङ्गलमा अर्कै दिशातिर लगे। राजाले अत्तोपत्तो केही पनि थाहा पाएनन्। बेसरी रथ हाँकेर लगेको हुनाले राजा थाके। रथ रोकेर एउटा ठाउँमा सुत्ने भनेर राजकुमारको काखमा राजा सुते। त्यस समयमा राजकुमार दीर्घायुको मनमा यस्तो आयो – 'मेरा आमाबुबाको सम्पत्ति र राज्य सबै यसैले हरण गऱ्यो। मेरा बुबाले राज्य त्याग गरेर ऋषि भेष लिंदा पनि नछोडी यसले मारिदियो। अब यो मेरो हातमा परेको छ। यसलाई म पनि मारिदिन्छु।'

यस्तै सोचेर राजकुमारले तरवार झिके। त्यसै बेला उनलाई मर्ने बेलामा बुबाले दिएको उपदेश याद आयो। 'वैरभावले वैरको शान्ति हुँदैन' भनेको सम्झिए। अनि तरबार म्यानभित्र राखे। त्यसै बेला राजा डराएर उठे। अनि दीर्घायु कुमारले सोधे – "किन महाराज ? धेरै नै डराउनुभएको जस्तो छ नि ? के भयो ?"

राजाले भने – "कौशाम्बी राजाको छोरो दीर्घायु कुमारले मलाई मार्न खोजेको सपना देखें। त्यसै कारणले म डराएँ।"

दीर्घायु कुमारले जुरुक्क उठेर राजाको कपाल समाते। अनि उनले भने – "हो महाराज, म नै दीर्घायु राजकुमार हुँ, कौशाम्बीराजको छोरो। तिमीले मेरा आमाबुबालाई मारिदियौ। राज्य मात्र लिएर नपुगी ऋषि भइसकेका व्यक्तिलाई पनि तिमीले बाँकी राखेनौ। दुवैजनालाई एकैचोटि मारिदियौ। त्यति मात्र हो र, मारेर पनि नपुगेर लासलाई पनि चार टुक्रा गरेर फ्याँकिदियौ। यो कतिको अन्याय हो ! त्यसैकारण त्यही हालत म तिम्रो पनि गरिदिन्छु।"

उनले राजाको कपाल समातिरहे। मार्न र अरूलाई दुःख दिन सजिलो छ, तर आफू मर्न लाग्दा र आफूलाई दुःख हुँदा गाह्रो हुन्छ। धेरै डराएर राजाले भने – "बाबु ! मलाई नमार। मलाई जीवनदान देऊ।"

त्यति भनेर हात जोडी राजाले धेरै बिन्ती गर्दै माफी मागे। अनि राजकुमारले भने – "मैले त धम्की मात्र दिएको हुँ, तिमीसँग रिस छैन। ल, जीवनदान दिएँ, अब मलाई पनि जीवनदान देऊ।"

त्यसपछि दुईजना परस्पर मुक्त भए। राजाले राजकुमारसँग आफूलाई मुक्त गर्नुको कारण सोधे। राजकुमारले भने – "कौशाम्बीराजको अन्तिम वचन मैले बुझेको थिएँ। मलाई उहाँले दिएको उपदेश यही थियो – 'वैरले वैर शान्त हुँदैन।' अर्थात् मैले तिमीलाई मारिदिएँ भने तिम्रा छोरा र प्रजाहरूले मलाई मारि दिन्छन्। फेरि तिनीहरूलाई मेरा मान्छेहरूले मारिदिन्छन्। अनि त कहिल्यै



Downloaded from http://dhamma.digital/

शान्ति हुँदैन । बरू मैत्रीभावना राखेर गयो भने जिन्दगीमा शान्ति हुन्छ । एकछिनको जिन्दगी आराम र शान्तिपूर्वक जिएर जान पनि सकिन्छ । यही मेरो पिताको उपदेश हो । त्यसैकारण मैले तिमीलाई नमारेको हुँ ।"

त्यो कुरा सुनेर राजा अत्यन्त खुसी भए र दुवैजना दरबारमा फर्के । काशीराजका छोरा भएका नाताले उनले आफ्नी छोरी अर्थात् राजकुमारीको विवाह राजकुमार दीर्घायु कुमारसँग धुमधामपूर्वक गरिदिए र कौशाम्बीराजको धन, जन, सम्पत्ति सबै फिर्ता दिए। दीर्घायु कुमार राजकुमारी लिएर आफ्नो देशमा गए र उनले सुखपूर्वक राज्य चलाए। उनले जनतासँग पनि आफ्नै छोराछोरीका रूपमा व्यवहार गरे र सुखपूर्वक जीवन बिताए ।

भगवान् बुद्धले यही घटनालाई उदाहरण बनाई उपदेश दिनुभएको थियो। यही उपदेशले गर्दा देशमा शान्ति भएको थियो ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# आ-आफ्नो स्वभाव

हरेक व्यक्ति-व्यक्तिपिच्छे स्वभाव फरक हुन्छ। यो तपाईं-हामी सबैलाई थाहा भएकै कुरा हो। कोही धेरै बोल्न मन पराउँछन् भने कोही थोरै बोल्न मन पराउँछन्। कसैको बोली कडा हुन्छ त कसैको नरम र मीठो हुन्छ। त्यस्तै, व्यक्ति नै पिच्छे रूचि पनि फरक-फरक हुने गर्दछ। चाहे त्यो व्यक्ति कुनै साधारण मान्छे होस् या मन्त्री, शिक्षित होस् या अशिक्षित, मूर्ख होस् या विद्वान्, भिक्षु होस् या भिक्षुणी, जो र जस्तो भए तापनि सबैमा जन्मँदै लिएर आएको केही न केही बानी अवश्य हुन्छ। सायद त्यसैले होला कसैले सानो र नरम बोली बोल्न मन पराउँदा पनि बोल्दा ठूलो र कडा आवाज भइदिन्छ।

मेरो व्यक्तिगत कुरा गर्ने हो भने मेरो आवाज ठूलो छ, सुन्नमा कमजोर वृद्धवृद्धाहरूलाई अति नै उपयोगी छ। पूर्वजन्ममा घन्टी दान दिएर आएको फलस्वरूप स्वर ठूलो हुने गर्दछ भनेर बाजेबज्यै भन्नुहुन्थ्यो, मलाई याद छ। त्यस्तै, धार्मिक दृष्टिकोणले हेर्ने हो भने पनि स्वभाव भन्ने कुरो आफ्नो पूर्वसंस्कारले पनि हुने गर्दछ। हामी मरणशील प्राणी हौं। मरण हुँदा शरीरको मात्रै त्याग हुन्छ, संस्कारचाहिँ सँगसँगै जहाँजहाँ जन्म हुन्छ, त्यहाँत्यहाँ गएको हुन्छ। अनि संस्कार सँगै स्वभाव, बानीव्यहोरा पनि जोडिएको हुन्छ। उदाहरणका लागि सात वर्षको केटोले ट्रक चलाएको हामीले समाचारमा सुनेका छौं। त्यस केटोले पक्कै पनि यस जन्ममा सिकेको त होइन, अनि ट्रक चलाएर आफ्नो जुन खुबी देखायो, त्यसलाई पूर्वसंस्कार नभने के भन्ने त ? अर्को कुरा, कुनै पनि योगीले ध्यान-भावना गर्दा उसले पूर्वजन्ममा पनि गरिसकेको हो भने उसलाई तुरून्तै विनाकठिनाइ सजिलै समाधि प्राप्त हुने गर्दछ।

साँच्चै भन्ने हो भने बानीमा परिवर्तन गर्न सकिँदैन भन्ने भनाइ गलत हो। किनकि स्मृति राख्नाले नराम्रो बानी त्याग गरेर राम्रो बानीलाई वृद्धि गर्न सक्तछौं।

भगवान् बुद्धको अन्तिम वचनलाई पनि हामी यही अर्थमा बुझ्न सक्तछौं कि 'अप्पमादेन सक्पादेय' अर्थात् हरेक क्षण होस राख। हिँड्दा, खाँदा, बस्ता, कुरा गर्दा हरेक क्षण होस अर्थात् स्मृति राख्नाले बानी हटेर गएको र अर्हत् भए तापनि बानी रहिरहने र स्मृति राख्नाले हटेर गएको कुरासँग सम्बन्धित एउटा बुद्धकालीन घटना यहाँ म प्रस्तुत गर्न चाहन्छु।

काश्यप भन्तेको नाम नसुन्ने व्यक्ति सायद कमै होलान्। काश्यप त्यस्ता भिक्षु हुनुहुन्थ्यो जसले भगवान् बुद्धको चिवर साटेर लगाउनुभएको थियो। काश्यप नै भगवान् बुद्धको महापरिनिर्वाणपश्चात शासन चलाउने भिक्षु हुनुहुन्छ भन्ने



Downloaded from http://dhamma.digital/

यथार्थता थाहा पाएर नै भगवान् बुद्धले चिवर साटेर लगाउनुभएको थियो। उहाँका विषयमा भगवान् बुद्ध प्रायः प्रशंसा गर्नुहुन्थ्यो। त्यही प्रशंसा एकजना उपासकले सुनेर उहाँप्रति श्रद्धा जाग्यो र मनमनै उसले उहाँलाई घरमा भोजनका लागि निमन्त्रणा दिने, प्रवचन सुन्ने अनि तीनजोर चिवर पनि दान दिने भनेर योजना बनायो। काश्यप भन्ते पनि उपासकको निमन्त्रणा स्वीकार गरेर उपासकसँगै घर पुग्न गाउँको बाटो भएर जानुभयो। बाटोमा जाँदाजाँदै पानीको कुलो आइपुग्यो। कुलो देख्नेबित्तिकै काश्यप भन्ते फुत्त उफ्रेर पार गर्नुभयो। यो देखेर उपासकको मनमा 'कस्तो भिक्षु होला ! यस्तो भिक्षुलाई पनि तीनजोर चिवर दान दिने, भो ! दुईजोर चिवर मात्र दान दिन्छु' भन्ने लाग्यो र श्रद्धा बिगा्र्यो।

फेरि जाँदै गर्दा बाटोमा अर्को कुलो आयो। यसपटक पनि काश्यप भन्तेले पहिलेजस्तै फुत्त उफ्रेर पार गर्नुभयो। यो सबै हेरिरहेको उपासकको मनमा फेरि श्रद्धा बिग्रियो र 'भिक्षु भएर पनि उफ्रने, आ ! दुईवटा चिवर दान दिने भनेको त भो ! एउटा मात्रै दान दिन्छु' भनेर मनमनै सोच्यो।

जाँदै गर्दा फेरि अर्को कुलो आयो। यसपटक भने काश्यप भन्तेले होसपूर्वक उफ्रेर पार नगरी साधारण तरिकाले कुलो पार गर्नुभयो। यो देखेर उपासकको मनमा खुल्दुली भयो र सोध्यो – "भन्ते ! अघि दुईवटा कुलो पार गर्दा तपाईंले उफ्रेर पार गर्नुभयो, अहिले भने बिस्तारै जानुभयो, किन ?"।

त्यो प्रश्न सुनेर काश्यप भन्तेले जवाफ दिनुभयो – "उपासक ! अहिले पनि उफ्रेको भए तपाईंले दान दिने भन्नुभएका तीनवटा चिवरमध्ये एउटा पनि पाइने थिएन। तपाईंले तीनजोर चिवर दान दिन्छु भनेर निमन्त्रणा गर्नुभयो। त्यसमध्ये दुईवटा चिवर त श्रद्धा बिग्रेकाले गइसके। अब एउटा बाँकी भएको पनि जान्छ भनेर मैले होसपूर्वक अहिले बिस्तारै कुलो तरेको हुँ।"

यो जवाफ सुनेर उपासक जिल्ल परेछ। अनि 'धन्य काश्यप भन्ते, मेरो मनको कुरो थाहा पाउनुभयो, मेरो सोच गलत रहेछ, तीनजोर चिवर नै दान दिन्छु' भनेर सोचेछ र साँच्चै भोजनका साथ तीनजोर चिवर दान दिएछ।

भनिन्छ काश्यप भन्ते पूर्वजन्ममा ५०० वर्षसम्म बाँदर भएर आएका कारणले उफ्रने बानी रहिरहेको थियो।

यो बुद्धकालीन घटनाबाट हामीले थाहा पाइसक्यौं – कतिपय हाम्रो बानी पनि पूर्वजन्मको संस्कारअनुरूप हुने गर्दछ।

एकैचोटि राम्रो या नराम्रो बानी भनेर भन्नु हुँदैन। सङ्गत नै सबभन्दा ठूलो कुरो हो। सङ्गतगुनाको फल भनेर हामी यदाकदा भन्ने गर्दछौं र सुन्ने पनि गर्दछौं। जस्तो मान्छेको सङ्गत गर्‍यो हाम्रो बानी र स्वभाव पनि त्यस्तै हुने कुरा त एक ठाउँमा छँदैछ। चाहे त्यो सङ्गतको बानी होस् या पूर्वसंस्कार होस्, नराम्रो स्वभाव या बानी छ भने स्मृतिको माध्यम बन्छ र त्यसलाई हटाएर राम्रो बानी वृद्धि गर्न सकिन्छ।



Downloaded from http://dhamma.digital/

# मरणानुस्मृति

एक दिन म सुलक्षणकीर्ति बिहारको बार्दलीमा बसेर एकछिन पनि नरोकिई निरन्तर बगिरहेको खोला हेर्दै आफ्नो जीवन पनि यस्तै छिनछिनमै परिवर्तन हुँदै बितिरहेको छ भनेर विचार गर्दै थिएँ। खोला हेरिरहेकै क्षणमा दाहसंस्कारका लागि लास लिई केही मानिसहरूको समूह घाटमा आयो। दाहसंस्कार कसरी गरिँदो हो भनेर उत्सुकताका साथ मैले हेरिरहेँ।

घाटमा पुगेको केही छिनपछि नै लास जलाउने काम सुरू भयो। दाउरामाथि लास राखिएको थियो भने लासको चारैतिर परालले छोपिएको थियो। आगो सल्कँदै गयो र पराल जल्दै गर्दा नाङ्गो लास पनि ढुङ्गाझैँ विनाहलचल बिस्तारै जल्दै गयो। जलनसँगसँगै लासबाट तपतप पानीजस्तो तरल पदार्थ झर्न थाल्यो, हातखुट्टा खुम्चँदै गयो। हेर्दाहेर्दै लास पहिलेभन्दा कम भएर गयो। न त्यहाँ हातखुट्टा नै थियो, न कुनै शारीरिक अङ्गहरू पहिचान गर्न सकिन्थ्यो। मात्र त्यहाँ आगोले पोलिरहेको मासुको डल्लो मात्र थियो। त्यो मासुको डल्लोमा मात्र सीमित लास बिस्तारै-बिस्तारै जल्दै गयो र अन्तिममा पूर्ण रूपले खरानीको थुप्रोमा परिणत भयो।

हाम्रो जीवनको यथार्थता वास्तवमा यही हो। जीवित कालमा शरीर जति सुन्दर भए तापनि, धन र मान-सम्मानमा जतिसुकै घमण्ड गरे तापनि अन्तिममा आएर यही मरण, जलन र खरानीलाई नै हामीले स्वीकार्नुपर्दो रहेछ। मेरो यो शरीर पनि एक दिन यस्तै हुनेछ भनेर म मरणानुस्मृति भावना गरिरहेँ।

दाहसंस्कारको त्यो दृश्य हेरिसकेपछि पढाइ र अन्य काम केही गर्न मन लागेन। जीवनप्रति विरक्तिभाव आइरह्यो। एक दिन यसरी नै जानुपर्छ भने म, तिमी भनेर किन कराइरहने भन्ने खालका कुराहरू मनमा खेलिरहे। के गरूँ, कहाँ जाऊँ, कसकहाँ जाऊँ जस्तो भयो। यो शरीर त आफूले भनेजस्तो छैन भने अरूले मात्र के गर्न सक्लान् र भन्ने लाग्यो।

जीवित अवस्थामा हामी मानवहरू प्रायः मृत्यु हुन्छ भन्ने यथार्थ बिर्सेर क्षणिक रमझमको संसारमा रही लोभ, द्वेष, मोह, माया र प्रेमको जन्जालमा अल्झिरहेका हुन्छौँ।



Downloaded from http://dhamma.digital/

यही प्रसङ्गमा म यहाँ एउटा बुद्धकालीन घटना प्रस्तुत गर्न चाहन्छु। कुनै एक समय भगवान् बुद्ध श्रावस्तीको जेतवन बिहारमा बिहार गरिरहनुभएको थियो। त्यति बेला श्रावस्तीमा हर्षोल्लासका साथ सर्वसाधारण श्रावस्तीवासीहरू एवं व्यापारीहरू मेलामा रमाइरहेका थिए। त्यही मेलामा कुनै एक व्यापारी पनि व्यापारसँगसँगै मेलामा रमाइरहेको थियो। एक दिन त्यही मेलाको भीडसँगै भगवान् बुद्धसहित अनन्त भन्ते भोजनका लागि जाँदै थिए। जाँदै गर्दा भगवान् बुद्ध त्यही व्यापारीको नजिक पुग्नुभयो। व्यापारी भने आफ्नी श्रीमती र छोराछोरीका लागि लगिदिने सामान एवं कोसेलीका लागि विचार गरिरहेको थियो, त्यसैले नजिकै पुग्नुभएका भगवान् बुद्धलाई पनि उसले देखेन। ठीक त्यही बेला भगवान् बुद्धले थाहा पाउनुभयो त्यस व्यापारीको आयु मात्र सात दिन बाँकी थियो। मृत्यु नजिक आइरहेको थियो, तर ऊसँग प्रबल तृष्णायुक्त इच्छा थियो र ऊ आफ्ना परिवारलाई भौतिक कोसेली चढाउन चाहन्थ्यो। तर उसको त्यो इच्छा पूरा हुन नपाउँदै मृत्युको मुखमा ऊ पर्नेवाला थियो, किनकि बाँकी सात दिन त मेला नै थियो। यो रहस्य थाहा पाउनुभएका भगवान् बुद्ध मन्द मुस्कुराउनुभयो। नभन्दै सातौँ दिनमा त्यस व्यापारीको कुनै कारणवश मृत्यु भयो।

मानिसका तृष्णा अनगन्ती छन् धनसम्पत्ति र जग्गाजमिन जति भए पनि नपुग्ने। जीविकाका लागि धनसम्पत्ति, जग्गाजमिन आदि भौतिक वस्तुहरूको आवश्यकता पर्दछ र समयअनुरूप त्यसको उपभोग पनि गरिन्छ, तर त्यसप्रति लिप्त भएर आसक्त हुनु हुँदैन। तृष्णा अनगन्ती छन्, आसक्तियुक्त भयो भने त्यस व्यक्तिका लागि मरणक्षण बडो कठिन हुने गर्दछ। धनसम्पत्ति, घरगृहस्थ, छोराछोरीहरूसँग अलग भएर बस्नु भनेर भगवान् बुद्धले भन्नुभएको छैन। त्यसै गरी धनसम्पत्ति नजुटाउनु पनि भन्नुभएको छैन। धनसम्पत्ति जोड्नु राम्रो हो, तर त्यसैमा लिप्त भएर आसक्तिमा डुब्नु हुँदैन। भौतिक सम्पत्तिमा आसक्त हुनु नै दुःखको कारण हो भनेर भगवान् बुद्धले भन्नुभएको छ।



Downloaded from http://dhamma.digital/

# साहस र लगनशीलता नै सफलताको खुड्किलो

सुलक्षणकीर्ति बिहारको निर्माण-इतिहासलाई हेर्ने हो भने यो तेह्र वर्षको भइसकेको छ। वि० सं० २०५३ साल फागुन १७ गतेदेखि निर्माण गर्न सुरू गरेको यस सुलक्षणकीर्ति बिहारको निर्माण-अवस्थाभरमा मैले व्यक्तिगत रूपमा थुप्रै कठिनाइ एवं सङ्घर्षमय अवस्थाहरू पार गरेकी छु। साथै, ढल्कँदै गएको उमेरसँगै आफूलाई बूढी भएको अनुभव पनि गर्दैछु।

बिहार-निर्माणको सुरूको अवस्थामा नजिकै रहेको पाटीमा बसेर निर्माण गराएकी थिएँ। यसमा थुप्रै उपासक-उपासिका, दाजुभाइ-दिदीबहिनीहरूको श्रद्धादान र श्रमदानप्रति म आभार व्यक्त गर्दछु। त्यति बेला पाटीमै रहेर कामदारहरूलाई खाना बनाइदिनेदेखि लिएर हिसाब राख्ने काम म आफैं गर्दथें। सुरूवातमा जग नै माथि आएको थिएन। मसँग भएको पैसा सकिइसकेको थियो। मलाई पर्नु पीर पऱ्यो। कसैसँग उद्धारका लागि सोध्न पनि लाज लाग्थ्यो। खाना र ज्याला दिनमा समेत समस्या भएर आयो। अनि आफ्नो यो समस्या मेरी आमालाई भनें। उहाँले आफूसँग भएको अलिकति पैसा र सुनको बाला 'समस्या परेको बेलामा काम चलाउनू' भनेर पठाइदिनुभयो। गहना भनेको भरोसा रहेछ, आवश्यक परेको बेलामा धेरै नै काम लाग्दो रहेछ। तर गहनाको कारण घमण्ड गर्नु भने राम्रो होइन।

घर बनाउँदा होस् या बिहार बनाउँदा, जति पैसा भए पनि नपुग्ने रहेछ। भएको पैसा सकिँदै जाने अनि रातरातभर निद्रा नपर्ने। के गर्ने, कसलाई भन्ने, कल्पनामै रात बित्छ। उद्धारका लागि रतिराम भाइलाई सोद्धा 'जति चाहिन्छ दिन्छु' भन्ने जवाफ पाएपछिचाहिँ म ढुक्क भएकी थिएँ। कसैले श्रद्धाअनुरूप दान दिएर सहयोग गरे। जति समस्याहरू आए तापनि मैले हरेस खाइनँ। जसरी भए पनि बिहार बनाएरै छाड्छु भन्ने आँट ममा थियो।

कुनै एक जन्ममा बोधिसत्व जिद्धीवाल र आँटिलो राजकुमार थिए। एकचोटि राजकुमारलाई एउटा गाउँमा जानुपर्ने काम आयो। गाउँमा पुग्नका लागि एउटा छोटो बाटो पनि थियो, तर त्यस बाटोमा घना जङ्गल अनि एक

 डा. अनोजा

Downloaded from http://dhamma.digital/

भयङ्कर राक्षसको डर थियो। सबैले राजकुमारलाई त्यस बाटोबाट नजान रोक्न खोजे, तर आँटिला राजकुमार त्यही बाटो भएर गए। राक्षस भने तातो आलो र गतमासु खान पाउने भएँ भनेर खुसी हुँदै राजकुमारका अगाडि आयो। राजकुमारमा अलिकति पनि डर र भय थिएन। उनी राक्षससँग लड्न तयार भए। त्यत्तिकैमा राजकुमारले दायाँ हातले राक्षसलाई हिर्काए, तर हात नै राक्षसको शरीरमा टाँसियो। लगत्तै बायाँ अनि दायाँ र बायाँ खुट्टाले हिर्काउँदा क्रमश: सबै अङ्ग राक्षसको शरीरमा टासिँदै गए। यसरी राक्षसको शरीरमा हातखुट्टा टाँसिनुको कारण थियो राक्षसको शरीरमा भएको टाँसिने शक्ति भएको रौँ। त्यसपछि अन्तमा राजकुमारले आफ्नो शरीरको सहायताले राक्षसलाई हिर्काए। उनको शरीर पनि टाँसियो। शरीर नै टाँसिएपछि राक्षसले राजकुमारलाई भन्यो – "अब तिमीसँग केही शक्ति बाँकी रहेन। म अब तिमीलाई सजिलै खान्छु।"

तब बुद्धिमान् र आँटिला राजकुमारले भनेछन् – "मलाई खायौ भने मेरो चित्त पनि तिम्रो शरीरमा मिसिन्छ। मेरो शरीरभित्र भएको त्यो मिसिनले तिमीलाई ध्वस्त पारिदिन्छ। खाने भए खाऊ।"

त्यो कुरा सुनेर राक्षसले विचार गऱ्यो – सायद यो राजकुमारले ठीक भनिरहेको छ, त्यसैले यो मसँग डराएन, अरू भए मसित डराउँथे।

यति सोची राक्षसले राजकुमारलाई छोडिदियो।

यही घटना मनमा राखेर जतिसुकै कठिनाइ, समस्या अनि चुनौतीहरू आए तापनि राम्रो कामका लागि अगाडि बढ्दैछु र सफल हुनेछु भन्ने मनमा विश्वास राखेर अगाडि बढिरहेकीले नै आजको अवस्थासम्म आइपुग्न म सफल भएकी छु। यो सफलता मेरो एक्लैको प्रयासबाट भएको होइन, यसमा थुप्रै श्रद्धालु, उपासक र उपासिकाहरूको सहयोग एवं प्रयासरत खुड्किलाहरू छन्। अत: म सम्पूर्ण शुभेच्छुकहरूमा हार्दिक धन्यवाद एवं कृतज्ञता व्यक्त गर्दछु।



Downloaded from http://dhamma.digital/

# व्याधिपि दुःख

दुई महिनाअगाडिको कुरो हो, म बाहिरबाट बिहारमा फर्कंदा एकदमै जोडजोडले टाउको दुख्यो। सिटामोल खाएर केही दिन आराम गरेँ। तर पनि निको भएन। त्यसपछि डाक्टरको औषधि लिएँ। औषधिको पावर भएसम्म आराम मिल्यो, अनि फेरि त्यस्तै जोडजोडले दुख्न थाल्यो। त्यसपछि भने आफ्नो शरीर नै आफूले भनेजस्तो छैन भन्ने यथार्थता मनमा राखेर दुखेको वेदना भावनाद्वारा हेरेर बसेँ।

लगत्तै मेरी आमा बिरामी भएको खबर पाएर म बनेपा गएँ। उहाँ लामो समयदेखि दमको रोगी हुनुहुन्थ्यो। त्यति बेला भाइ, बुहारी र घरका सबै सदस्यहरू राम्रोसँग बिरामी आमाको सेवामा संलग्न भएको पाएँ। तर पनि बिरामी आमाको वेदना न अरूलाई दिन सकियो, न त कसैले लिन नै सक्यो। वास्तवमा आ-आफ्नो शारीरिक वेदना या दुखाइ आफैँले हेरेर सहनुभन्दा अरू विकल्प नै छैन। रोगी व्यक्ति साधनामा संलग्न योगी हो भनेचाहिँ रोगसित सजिलै सामना गर्न सक्ने कुरामा द्विविधा छैन। यसका साथै भगवान् बुद्धले दुःखसत्यमा भन्नुभएको छ – 'जरापि दुःख व्याधिपि दुःख' अर्थात् वृद्ध हुनु दुःख, रोग लाग्नु दुःख। यही दुःखसत्यलाई मनन गर्दा पनि ठूलो सहायता मिल्छ।

निरोगी जीवन नै हाम्रा लागि अमूल्य सम्पत्ति हो। त्यो सम्पत्ति भौतिक धनसम्पत्तिको प्राप्तिभन्दा कैयौं गुणा महान् छ। किनकि भौतिक धनसम्पत्ति, नातागोता सबै क्षणिक मिलन हुन्, जसलाई जीवनको अन्तिम घडीमा मृत्युशैयामा छाडेर जानुपर्छ। जीवन-अवधिभर आफूले गरेका सुकर्म या कुकर्म मात्र हामीले लिएर जाने गर्छौं। त्यही कारणले सकभर यो अमूल्य मानव-जीवनमा हामीले समाजका लागि कल्याणकारी कार्यहरू गरेर सुकर्मिक कर्महरू नै जम्मा गर्नु राम्रो हुन्छ। राम्रो काम गर्दा आफूलाई पनि हित हुने र अरूलाई पनि हित हुने गर्दछ भने नराम्रो गर्नाले न आफूलाई फाइदा हुन्छ न अरूलाई नै।

यसै प्रसङ्गमा म यहाँ एउटा घटना प्रस्तुत गर्न चाहन्छु।

धेरै पहिले एकजना अप्रिय राजा थिए, जनतालाई दुःखबाहेक सुख कहिल्यै दिँदैनथे। राजाबाट दुःख पाइरहेका जनता एवं सेवकहरूमध्ये ढोकापालेले पनि



Downloaded from http://dhamma.digital/

हरेक दिन राजा बाहिर निस्कँदा र भित्र पता दुःख पाइरहेको थियो। कारण हरेकपल्ट राजा बाहिर निस्कँदा र भित्र पस्ता ढोकापालेको टाउकोमा हातले बेस्सरी हिर्काएर जाने गर्दथे जसले गर्दा उसको टाउकोमा उठेका फोकाहरू कहिल्यै निको नभई झन् बढ्दै गइरहेका थिए। समय बित्दै जाँदा बूढो राजाको कुनै कारणवश मृत्यु भयो। दाहसंस्कारपश्चात दरबार फर्केको राजकुमारले त्यो ढोकापाले अति नै शोकाकुल भएर रोइरहेको देख्यो। यो देखेर राजकुमारले सोच्यो – 'मेरा बुबाले कसैलाई गुन लगाएर गएनन्, त्यसैले कसैले पनि राजाको मृत्युमा दुःख मानेनन्। तर यहाँ ढोकापालेलाई केही न केही गुन पक्कै गरेका रहेछन्, त्यही भएर यही एकजना मात्र शोकमा डुबिरहेको छ।'

त्यसपछि राजकुमारले रूनुको कारण सोध्यो। जवाफमा ढोकापालेले राजकुमारलाई सुनायो – "राजकुमार! महाराज बाहिर निस्कने र भित्र पस्ने बेलामा हरेकपल्ट मेरो टाउकोमा हिर्काएर जाने गर्नुहुन्थ्यो। त्यसैले राजा पक्कै पनि मृत्युपश्चात नर्कमा जानुभयो होला। त्यहाँ पनि राजाले यस्तै कुकर्म गर्नुहुनेछ र त्यहाँ पनि कसैले मन पराउने छैनन्, अनि राजालाई फेरि यहीँ फर्काउनेछन् भन्ने पीर लागेर म रोएको हुँ।"

यस्तो जवाफ सुनेका राजकुमारले जनतालाई चित्त दुखाएर दुःख दिन नहुने पाठ सिक्यो। अनि राज्याभिषेक पाएको राजकुमार राजाको राम्रोसँग भूमिका निर्वाह गरेर राज्य चलाएर बस्यो।

त्यसैले जीवन-अवधिभर सकभर अरू कसैलाई पनि आफ्नो तन, वचन र मनले कुनै त्यस्तो कुकर्म नगरौँ र अरूको चित्त नदुखाऔं। बरू सबैको हित र कल्याणका निम्ति सामाजिक काम गरौँ।



Downloaded from http://dhamma.digital/

# अमनुष्यलाई देखेको घटना

सुलक्षणकीर्ति बिहारको निर्माणका क्रममा २०५५ साल आषाढ महिनाको एउटा मध्यरातमा एक अनौठो घटना भएको थियो। त्यति बेला पाटीमा बस्न छाडेर बिहारको पूरा नभएको कोठामा नै बस्न थालेकी थिएँ। ट्वाइलेट पूरा भइनसकेकाले तल भएको एउटै ट्वाइलेट प्रयोग भइरहेको थियो। यस्तै एक मध्यरातमा ट्वाइलेट जानका लागि म बाहिर गएकी थिएँ। बाहिरबाट माथि पुगेपछि एक्कासि मेरा आँखा तलको खुला चौरमा पुगे। त्यति नै बेला सेतो शरीर तर टाउको नभएको एउटा आकृति देखेँ। यत्तिकै भ्रम हो कि जस्तो पनि लाग्यो तर त्यो भ्रम पनि थिएन, किनकि मैले होसपूर्वक नै स्पष्टसँग देखिरहेकी थिएँ। तैपनि राम्रोसँग ठम्याउनका लागि बर्माबाट भर्खरै फर्केर आएका माणिक वज्राचार्य (त्यति बेला श्रामणेर थिए) लाई बाहिर आउन बोलाएँ। मैले देखेको हो कि होइन भनेर उनलाई पनि त्यो सेतो शरीर अनि टाउको नभएको आकृति देखाएँ। माणिकले पनि मैले जस्तो देखेकी थिएँ, त्यस्तै देखेका थिए। यसको मतलब त्यो आकृति भ्रम नभएर सत्य थियो। हामी भित्र जाँदा त्यो बाहिर आउने अनि हामी बाहिर आउँदा त्यो डुबेर जाने क्रम करिब २० मिनेटजति चल्यो। हामी दुवैजनालाई डर र भयले समातिसकेको थियो, तर पनि साहसपूर्वक हामीले त्यस दृश्यको सामना गरिरह्यौं। अनि परित्राण पाठ पनि गऱ्यौं। त्यही समयमा त्यो सेतो आकृति हामीतिर अगाडि बढ्यो। हामीलाई कस्तो भान भयो भने त्यस आकृतिले हामीलाई हेरिरहेको थियो। सेतो शरीर र टाउको नभएको अनि हिँडेको, यी सब दृश्य हामी दुवैले स्पष्टसँग लामो समयसम्म हेरिरहेका थियौं। यो एउटा अचम्मको घटना थियो। पछि त्यो सेतो आकृति सरासर अर्को दिशातिर गयो र केही पर पुगेपछि गायब भयो। त्यो सेतो आकृति मनुष्य त अवश्य पनि थिएन, प्रेत या अमनुष्य थियो। यस घटनापछि हामी दुवैजनालाई निद्रा लागेन, दुवैले परित्राण पाठ गर्दै रात बितायौं।

त्यस्तै, बिहारनिर्माणका क्रममा मैले कैयौंपटक विभिन्न रङ्गका नागहरू बिहारको परिसरमा देखेकी थिएँ। सेतो, रातो, नीलो, कालो, पहेंलो, हरियो अनि खैरो रङ्गका नागहरू विभिन्न समयमा यदाकदा देख्ने गरेको अनुभव पनि छ।



डा. अनोजा

Downloaded from http://dhamma.digital/

एकपटक बिहारको ढलान जारी रहेको थियो, अचानक खैरो रङ्गको नागले ढलान गरेको हेरिरहेको देखें। अनि ढलान सकिएपछि मात्र त्यो नाग गायब भएको थियो। त्यो नाग मैले मात्र देखेको नभएर अन्य कामदारहरू, पञ्चदाइ र लक्ष्मीदिदीले पनि देखेका थिए।

त्यस्तै अर्को एउटा घटना बिहारनिर्माणकै क्रममा घटेको थियो। गोमा लामा, जो अहिले इजरायलमा हुनुहुन्छ, कहिलकाहीँ बिहारमा आउने-जाने गरिरहनुहुन्थ्यो। एक दिन सबै कामदारहरूलाई भोजन गराइसकेपछि म सबैलाई दिनुपर्ने काम दिएर त्यत्तिकै बाटोमा उभिइरहेकी थिएँ। गोमा लामा बिहारमा आइरहनुभएको थियो। परैबाट उहाँले देख्नुभएछ मेरो नजिकै एकजना बूढो बर्मिज भन्तेलाई। बर्मिज भन्ते चिवरमा रहेर मेरो नजिकको मेचमा बसिरहनुभएको रहेछ, अनि म उहाँको नजिकै उभिइरहेकी रहेछु। गोमा लामा नजिकै आउनुभयो र सोध्नुभयो – "भन्ते खोइ ? तुरून्तै कहाँ जानुभयो ?"

यस प्रश्नले मलाई अचम्म गरायो। किनकि कैयौं हप्तादेखि कुनै भन्ते बिहारमा आइपुग्नुभएको थिएन। त्यसैले 'कहाँबाट आएको को भन्तेको कुरा गरेको होला' जस्तो लाग्यो। उहाँ भने आफूले देखेको दृश्य भ्रम होइन भनी जिद्धी गरिरहनुभयो। यथार्थ जानिसकेपछि उहाँ जिल्ल पर्नुभएको थियो। अनि श्रद्धापूर्वक दान गरेर फर्केर जानुभयो।



Downloaded from http://dhamma.digital/

# नारीको स्थान

सुलक्षणकीर्ति बिहारको निर्माणका क्रममा म धेरैपटक सुन्दरीघाटको पाटीमा एक्लै सुतेकी थिएँ। यसरी एक्लै बस्न सक्नुको कारण हो म सानी छँदा बनेपास्थित चण्डेश्वरीजङ्गलमा साथीहरूसँग जाने गर्दथें। त्यति बेला त्यस जङ्गलमा फलफूलहरू प्रशस्त पाइन्थे। त्यहाँ बाघ र चितुवाजस्ता जङ्गली जनावरहरूको भय त हुन्थ्यो तर त्यस्तो डरलाग्दो जङ्गलमा पनि एकजना भिक्षु बस्ने गर्दथे। तिनै भिक्षुलाई सम्झेर म निडर भई सुन्दरीघाटको पाटीमा एक्लै बस्न थालेकी थिएँ। कहिलेकाहीँ रातमा साथी बस्न कोही-कोही आउने गर्दथे।

राति म चितुवा कराएको आवाज सुन्ने गर्दथें, अनि कहिलेकाहीँ देख्ने पनि गर्दथें। प्रायः चितुवा र सर्पको भय भएका कारणले म खण्डसूत्र पाठ गरेर सुत्ने गर्दथें।

हाम्रो समाजमा पुरूष र महिलालाई हेर्ने दृष्टिकोण फरक रहेको पाइन्छ। प्रायः महिलालाई हरेक क्षेत्रमा कमजोर ठान्ने गर्दछन्। तर वास्तवमा महिलालाई पनि अवसर दिइएको खण्डमा पुरूषसरह काम गरेर देखाएका उदाहरणहरू प्रशस्त मात्रामा छन्। भगवान् बुद्ध स्वयं पनि 'पुरूष मात्र पण्डित हुने होइन, नारी पनि पण्डित हुन्छन्' भनेर उपदेश दिनुहुन्थ्यो। यसै प्रसङ्गमा श्रावस्ती नगरको एउटा घटना म यहाँ प्रस्तुत गर्दछु।

एकपटक भगवान् बुद्धले श्रावस्तीको जेतवन बिहारमा बसेर धर्मोपदेश दिइरहनुभएको बेला प्रसेनजीत राजा पनि एक ठाउँमा बसेर धर्मोपदेश सुनिरहेका थिए। प्रसेनजीत राजा राज्यमा शासन चलाउँदा मल्लिका महारानीको सर सल्लाहअनुरूप चलाउने गर्दथे। किनकि मल्लिका बुद्धिमती महारानी थिइन्। साथै, भगवान् बुद्ध र धर्मप्रति अति नै श्रद्धा राख्तथिन्। श्रद्धा भएका कारणले महारानी आफैँ पनि पुण्यकार्यमा सरिक हुन्थिन् र महाराज प्रसेनजीतलाई पनि भगवान् बुद्धबाट धर्मोपदेश सुन्नका निम्ति प्रेरणा दिइरहन्थिन्। महारानीकै प्रेरणा पाएका प्रसेनजीत राजा धर्मोपदेश सुनेर मुख उज्यालो पार्दै मनमा आनन्दित भइरहेका थिए। धर्मश्रवणमा डुबिरहेकै बेला एकजना राजसेवक राजाको कानछेउ पुग्यो र मल्लिका महारानीले भर्खरै एउटी पुत्री जन्माइन् भनेर खबर सुनायो। 'पुत्री'



Downloaded from http://dhamma.digital/

शब्द सुन्नेबित्तिकै महाराजको मुख एक्कासि अँध्यारो भयो। उनी 'राजकुमारको जन्म हुन्छ भन्ने आशामा थिएँ, राजकुमारी पो जन्मिई' भन्दै दुःखित हुन थाले।

त्यो घटना थाहा पाउनुभएका भगवान् बुद्धले त्यति बेला महाराजलाई सम्झाउँदै यसरी उपदेश दिनुभयो – "महाराज ! पुरूष र नारीमा केही फरक छैन, मात्र बुद्धिमा फरक छ। पुरूष अथवा राजकुमारलाई दिइने शिक्षादीक्षा नारी अथवा राजकुमारीलाई पनि दिइयो भने नारीले पनि पुरूषसरह नै कार्य गरेर देखाउनें छन्। कतिसम्म भने राज्य चलाउने तालिम एवं शिक्षा राजकुमारीलाई पनि दिइयो भने राजकुमारले मात्र होइन राजकुमारीले पनि राज्य चलाउन सक्छिन्। राजकाज र गृहस्थ छाडेर भिक्षुणी भई भावना-अभ्यास गरिन् भने अर्हत्व मार्गफलमा समेत पुग्न सक्छिन्। त्यसैले राजकुमारी प्राप्त भइन् भनेर पीर नगर।"

उपदेश सुनिरहेका प्रसेनजीत राजा तब खुशी र प्रसन्न भएका थिए।

महिलालाई कमजोर ठान्ने र होच्याउने क्रियाकलाप नेपाली र भारतीय समाजमा पाइन्छ र यो प्रचलन प्राचीन कालदेखि नै पुराणकथाबाट भएको पाइन्छ। जस्तै : नारायण देवतालाई लक्ष्मीले खुट्टा मिचेर बस्ने एउटा काल्पनिक भ्रमले पनि महिलालाई होच्याउने काम गरेको पाइन्छ। महिला भनेका घरचुलोमा बस्ने र बच्चा पाउने मात्र हुन् भन्नेजस्तो सीमित ध्येयदृष्टिले हेर्ने गरिन्छ। छोरा पाएमा खुसी हुनु अनि छोरी पाएमा बेखुसी हुनु वास्तवमा परम्परागत मानवीय रोग हो। यो मानसिक सोचाइ रहुन्जेल हाम्रो समाजमा महिलाको स्थान कमजोर नै हुनेछ। जबसम्म पुरूष र नारीमा समान व्यवहार हुँदैन, तबसम्म हाम्रो समाज विकसित रूपमा अगाडि बढ्न मुस्किल हुनेछ। नारी भनेकी आमा, श्रीमती, बहिनी, दिदी, साथी र सेविकाजस्ती हो भने पुरूष भनेको पिता, दाजुभाइ, साथी र सहयोगी हो। नारी र पुरूष दुवैले आ-आफ्नो स्थानबाट आ-आफ्नो भूमिका निर्वाह गरे मात्र समाज राम्रोसँग अगाडि बढ्न सक्छ। त्यसका लागि नारीलाई समान व्यवहार र महत्त्वपूर्ण स्थान दिनु आवश्यक देखिन्छ।



Downloaded from http://dhamma.digital/

# एकता नै ठूलो शान्ति

जुन कुरा र कार्य पनि एकता भयो भने र एकता भएर काम गर्न सकियो भने पूरा नहुने भन्ने छँदैछैन । सबै एक भएर बस्न पाइयो र काम गर्न सकियो भने अशान्ति कहाँबाट आउँछ ?

यस समय नेपालमा शान्ति नहुनुको कारण हो परस्पर माया, दया, करूणा र एकता नहुनु । ठूलाबडाले साना अथवा कार्यकर्ताहरूलाई केही भन्न सकेका छैनन् । आफूभन्दा सानोले जे गरे तापनि ठूलाहरू चुप लागेर बस्छन् । आमाबुबालाई बच्चाले गालामा पिटे तापनि मजा मानेर बस्छन् । झन् आमालाई र बुबालाई पिट भनेर सिकाइन्छ । त्यही शिक्षाका कारणले अहिले सानाले ठूलाहरूको कुरा नसुन्ने, अरूलाई पिट्ने, मार्ने, गाली गर्ने स्थिति उत्पन्न भएको हो । सानो भएको बेला कसैलाई पिटेको समयमा 'यसरी पिट्नु हुँदैन, आफूभन्दा ठूलालाई आदर गर्नुपर्छ, आफूभन्दा ठूलाको कुरा सुन्नुपर्छ' भनेर सिकाएको भए आज यो गति नहुने थियो ।

भर्खर म क्याम्बोडियाबाट फर्के । त्यहाँ म एउटा बिहारमा गएकी थिएँ । त्यहाँ भिक्षुहरूले बिहार बनाउनका लागि जग खन्दा टाउका, खुट्टा, हातका हड्डी आदि सबै जम्मा पारेर पुरिएको भेटिएछ । टाउका त सिङ्गासिङ्गै रहेछन् । टाउकाका निधारमा अक्षर पनि हुँदा रहेछन् । पुरूषहरूको अक्षरको धर्सो ठाडो हुने रहेछ र महिलाहरूको तेर्सो हुने रहेछ । 'यतिका टाउका कहाँबाट यहाँ आए ?' भन्दा गाइडले भन्यो – "त्यो डाका राक्षस पोलपोटले मारेर थुपारेको । त्यो पोलपोटजस्तो राक्षस यस संसारमा जन्मिएको पनि छैन होला । मेरा बाजेबज्यैलाई त्यही राक्षसले मारिदियो । मेरा बाजेबज्यैका टाउकाका हड्डी पनि यी हुन सक्छन् ।"

गाइडले पोलपोटलाई खूब सराप्यो । उसले भन्यो – "क्याम्बोडियामा भएको जति सबै नाश गरिदियो । सिधासाधा व्यक्तिहरूको ज्यान गयो ।"

मलाई अत्यन्त दुःख लाग्यो हाम्रो नेपाल पनि यस्तै होला कि भनेर । मानिसमा बुद्धि छैन । यो राम्रो र यो नराम्रो भनेर छुट्याउने क्षमता छैन । एक छाक मासु र भात खान पाए भने त्यसैको पक्ष लाग्छन् । भोलि पनि खानुपर्छ



Downloaded from http://dhamma.digital/

भन्ने चिन्ता कसैमा छैन । बन्द-हड्ताल गर्नुको सट्टा राम्रो काम गरेको भए सुखपूर्वक, आनन्दपूर्वक, शान्तिपूर्वक खान-बस्न पाइने थियो। अब त घरमा पनि अशान्ति र बाहिर पनि अशान्ति भयो। मरेको व्यक्ति त मरेर गयो-गयो, बाँचेका व्यक्ति पनि ज्यूँदो मुर्दाजस्ता भइरहेका छन् । धनी र ठूलाबडा त त्यसै पनि ठूलाबडा भइहाले। गरिबहरू मूर्खहरूका पछिपछि लागेर दुःख पाउँछन्। बुद्धि भएको भए त्यस्ता ठाउँमा जाँदैनथे होलान् । तर सोचविचार छैन । हाम्रो नेपालमा कैयौं कलकारखाना बन्द भएका छन्, बिगारेका छन्। तिनीहरूलाई बनाउने कहिले र कसले ? बिगार्न सजिलो छ, तर बनाउन गाह्रो छ। आफूले खाएको भाँडामा आफूले नै हगेजस्तो काम भयो। राम्रो चीज, राम्रो ठाउँ र राम्रा लत्ताकपडा दिन्छन् भन्ने लोभमा परेर अर्काका चीज बिगारिदिए। त्यसमा आफ्नो सामान पऱ्यो भने मात्र कति दुःख हुन्छ भनेर थाहा हुन्छ। अर्काको बिगार्न सजिलो छ, तर आफ्नो बिग्रेको कोही देख्न सक्तैन। अर्काका छोराछोरी बिग्रिए पनि हुन्छ भन्छन्, तर आफ्ना छोराछोरी बिग्रिए भने कति दुःख हुन्छ, यहाँका मूर्खहरू यादै गर्दैनन्। आफूलाई चोट लाग्यो भने जति दुःख हुन्छ, अरूलाई लाग्दा पनि त्यस्तै हुन्छ भन्ने पनि याद गर्दैनन्। अरूलाई दुःख भएको देखेर मजा लिनेहरू थुप्रै छन्। मान्छेमान्छेमा झगडा गराएर, भैंसीभैंसीमा झगडा गराउन लगाएर, कुखुराका भालेभाले र माछामाछाहरू झगडा गरेको हेरेर मजा मान्दै बस्नेहरू सबैलाई नीच विचारका हुन् भने हुन्छ।

एक दिन बेरञ्जाका ब्राह्मणले भगवान् बुद्धसहित ५०० जना भिक्षुहरूलाई निमन्त्रणा गरेकाले पाँच सय भिक्षुहरूसहित भगवान् बुद्ध बेरञ्जामा वर्षावास बस्नुभयो। बेरञ्जाका ब्राह्मणलाई मारले आफ्नो वशमा पारिराखेको हुनाले एक दिन पनि उसले भगवान् बुद्ध र भिक्षुसङ्घलाई सम्झन सकेन। बेरञ्जामा दुर्भिक्ष भयो। भिक्षुहरूलाई बेरञ्जा नगरभित्र र बाहिर भिक्षा जाँदा कहीँ पनि भिक्षा प्राप्त नभएपछि निकै नै दुःखकष्ट सहनुपऱ्यो। आफूलाई त खान छैन भने भिक्षुहरूलाई कहाँबाट दिने ! संयोगले एकजना घोडाव्यापारीले दया राखी एक-एक अँजुली घोडालाई खुवाउने दाना दान दिन लगायो। त्यस्तै दुःख गरी तीन महिना राम्रोसित पेटभरि खान पाएनन् र मन सन्तोष हुन पाएन। इच्छा-आचार त्यागेर नै समय बिताउनुपऱ्यो। त्यहाँबाट निस्केर क्रमशः चारिका गर्नुहुँदै एक समय श्रावस्तीमा आइपुगेर जेतवन महाबिहारमा बास बस्नुभयो। भगवान् बुद्धलाई भोजनदान दिन दाताहरूको हुल देखेर खुसीको सिमाना रहेन। मीठामीठा भोजन आदि दान गरियो ।

त्यस बेला पाँच सय जुठो खाएर जीविका गरिरहने मानिसहरू भिक्षुहरूको


Downloaded from http://dhamma.digital/

आश्रय लिएर बिहारभित्रै बसिरहेका थिए। तिनीहरू भिक्षुहरूको भोजन सिद्धिएपछि बाँकी रहेको प्रणीत मीठो-मीठो भोजन खाएर सकेसम्म सुतेर उठिसकेपछि नदीको किनारमा गई ठूलो-ठूलो स्वरले चिच्याई अलग-अलग कुस्ती खेलिरहन्थे। तिनीहरू बिहारभित्र र बाहिर पनि नचाहिँदो र काम नलाग्ने अनाचारी, दुराचारी काम गरेर समय बिताइरहन्थे।

भिक्षुहरूले धर्मसभामा तिनीहरूको कुरा उठाउनुभयो – "बेरञ्जामा दुर्भिक्ष भएको बेलामा जुठो खाएर जीविका गरिरहेका एकजना पनि थिएनन्, अहिले भने यस्तो अनेक प्रकारको प्रणीत भोजन खाएर जीवन बिताइरहेछन्। खालि पृथ्वीको भार र अन्नको कीरा भएर कुनै काममा नलाग्ने मानिसहरू यी हुन्। बरू पशु काममा लाग्छ तर मनुष्य काममा नलाग्ने गरी बसेको छ।"

त्यही समयमा भगवान् बुद्ध आइपुग्नुभयो र सोध्नुभयो – "तिमीहरू कसको कुरा गरिरहेका छौ ?"

हामीहरू यस्तो कुरा गरिरहेका छौं भनी बिन्ती गरेपछि भगवान् बुद्धले भन्नुभयो – "हे भिक्षु हो ! यिनीहरू पहिले गधाको योनिमा उत्पन्न हुँदा पाँच सय आजानीय सिन्धव घोडालाई पानी कम भएको अङ्गुरको रस खुवाएर बाँकी रहेको जुठो कसरलाई पानीमा मुछ्तै बोराको टालोमा छानेको (स्वला) अलिकति र सहीन रस भाँडा माझेको पानीमा मिलाएको रस पिउँथे र मस्त भई माहुरीझैं कराएर घुमिरहन्थे।"

अनि उहाँले तलको गाथा आज्ञा गर्नुभयो –

वालोदकं अप्परसं निहीनं
पीत्वामदो जायति गद्रभानं।
इमञ्च पीत्वान रसं पणीतं
मदो न सञ्ञायति सिन्धुवानं॥
अप्पञ्च पीत्वान निहीनजंच्चो
सो मज्जति तेन जनिन्दपुट्ठो।
घोरह्यसीली चकुलीम्ह जाता
नमज्जति अग्गरस पिवित्वाति॥
जा० १, २६५

अर्थ – हीन, धेरै रस नभएको कसरको रस पिएर गधाहरू मस्त हुँदै स्मृतिहीन भइरहे, प्रणीत र असल अङ्गुरको रस पिएर पनि असल जातका सिन्धव घोडाहरूलाई कुनै विकार भएन। नीच जातिका मानिसहरू मूल्य नभएको स्वल्प रस अलिकति मात्रै पिउँदा पनि त्यसबाट मात्तिएर हिँड्छन्। असल उत्तम कुलमा


Downloaded from http://dhamma.digital/

जन्मेका चरित्रवान् मानिसहरू अग्र र उत्तम रस पिएर पनि मस्त भई मात्तिएर हिँड्दैनन्। यसरी सत्पुरूषहरू लोभी स्वभावलाई छाडेर सुखी भइरहेका बेलामा पनि दु:खी भइरहेको बेलामा पनि विकाररहित भइरहन्छन्।

हामीहरूमा त्यस्तो कहाँ हुन्छ र! सुखी भएका बेलामा अरूलाई दबाउने, आफू बलियो भएँ भनेर कमजोरको हत्या गर्ने, कुटपिट गर्ने गर्छौं। अरूलाई आफूजस्तो नठान्ने भएकै कारणले जताततै झैझगडा भएको हो।

धर्ममा आस्था कम भएर गयो। धर्मश्रवण गर्ने फुर्सद नै हुँदैन। कसैको कामरागले, कसैको द्वेषभावले, कसैको चित्तको आलस्यभावले गर्दा त्यहीँ बसेर पनि उँघिरहेको हुनाले धर्मश्रवण गर्न सक्तैन। कारण संस्कार नै कम भएपछि कुशल चित्त नहुँदा शान्ति प्राप्त हुन सक्तैन।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# ऐतिहासिक तीर्थस्थल सुन्दरीघाट

२०५३ सालको कुरो थियो । साविक चोभार भूतखेल गा० वि० स० वडा नं० २ (अहिले कीर्तिपुर नगरपालिका वडा नं० १३) मा रहेको ऐतिहासिक सुन्दरीघाटको ऐतिहासिक महत्त्व भएका कारणबाट प्रेरित भई सुन्दरीघाटसँगै रहेको जग्गामा दाताहरूको अनुरोधअनुसार एउटा बौद्धबिहार निर्माण गर्ने मेरो इच्छा भयो र यो सुलक्षणकीर्ति बिहारको निर्माण हुन पुग्यो । यो बिहार त्यसै निर्माण हुन पुगेको होइन ।

तत्कालीन जनसङ्ख्या तथा वातावरणमन्त्री प्रकाशमान सिंहले २०५३ साल आश्विन १२ गते शनिबारका दिन बिहान १० बजे हजारौं जनसमाजका समक्ष यस बिहारको शिलान्यास गर्नुभएको थियो, तर हामीले शिलान्यास गर्नेबित्तिकै बिहार निर्माण गर्न सकेनौं । कारण के थियो भने उक्त जग्गा बागमती खोलाको किनारमा हुँदा बागमती खोलामा वर्षायाममा आउने बाढीको कटानबाट यस क्षेत्रमा रहेका मसानघाटहरूसमेत बागमतीबाट नष्ट भई चिहानहरूको अवस्था नाजुक भएको देखेर म भिक्षुणी अनोजालाई उक्त घाटहरूको संरक्षण गर्ने इच्छा जाग्यो । बिहारभन्दा पहिले घाट र चिहान निर्माण गर्ने, पछि मात्र बिहारको निर्माण गर्ने भनेर पहिले घाट र चिहानको निर्माणका लागि यताउता गुहार मागें । मेरो अनुरोधअनुसार पाँगुका स्व० पाण्डव माली, विष्णुवीर महर्जन, भैरकर शाक्य र स्व० शान्तबहादुर कार्कीहरूको सल्लाहअनुसार पहिले मेरा भाइ उत्तम मानन्धरको सहयोगबाट तटबन्ध गर्न सरकारी निकाय र स्थानीय वासिन्दाहरूका तर्फबाट जाली सहयोग पाइयो । जाली मात्र भएर वाल बनाउन सकिँदैन । त्यसैकारण बिहार बनाउन राखिएको ढुङ्गा र ज्यालाखर्च सबै बागमतीको कटान रोक्न प्रयोग गरें । यसरी घाटको निर्माण भएपछि मसान र घाटहरू ठीक अवस्थामा पुग्न गए । यो कुरा यहाँका टोल र छिमेकका दाजुभाइ, दिदीबहिनी, आमाबुबाहरूलाई ज्ञात भएकै कुरा हो । पहिले ११ वर्षअगाडि कस्तो थियो र अहिले यस बिहारका कारणले यो ठाउँ कस्तो भयो भन्ने कुरा मैले प्रकाश पारिराख्नुपर्ला जस्तो लाग्दैन । चिहानलाई हटाउने मेरो इच्छा भएको भए मैले आफ्नै खर्चमा त्यत्रो दुःख गरेर



Downloaded from http://dhamma.digital/

चिहान र घाटको पुनर्निर्माण गर्ने थिइनँ। यहाँका दाजुभाइ र दिदीबहिनीहरूले सोच्नुपर्ने कुरा हो।

चिहान मलाई पनि चाहिन्छ। एक दिन सबैले मर्नुपर्छ। जति मेरो भनेर बसे तापनि लिएर जाने केही पनि छैन। नाङ्गै आएर नाङ्गै जाने हो। बाँचेसम्म सबै चाहिन्छ। मरेर जाँदा केही पनि लिएर जान सकिँदैन। यो यथार्थ हामी सबैले बुझ्नैपर्छ। एउटा सियो पनि सँगै लिएर जान सकिँदैन। खालि आफूले गरेको पाप र धर्म मात्रै लाने हो। आफू जीवित रहुन्जेल राम्रा-राम्रा कामहरू गरेर कोही जान सक्यो भने त्यो व्यक्ति त देवताजस्तै रहेछ भनेर चिनिन्छ। नराम्रो काम गर्ने अथवा अरूको उपकार हुने काम नगर्ने, आफूलाई जन्म दिने आमाबुबालाई पनि बेवास्ता गर्ने व्यक्तिले अरूको सेवा के गर्ला ! त्यस्तो व्यक्तिले राम्रो नामको सट्टा नराम्रो नाम छाडेर जान्छ। सकेसम्म अरूहरूलाई पनि फाइदा हुने र राम्रो काम गरेर जाने मेरो अन्तिम अभिलाषा हो। कसैलाई दुःख दिने अथवा हानि पुऱ्याउने मेरो मनसाय नरहेर अरूहरूको हित र कल्याण हुने काम गर्नु नै मेरो अभिप्राय हो। केही गरी जानी-नजानी मेरा तर्फबाट कुनै अपराध र गल्तीहरू भए माफी माग्दछु।

यस भेगका घर, छिमेकी र स्थानीय बासिन्दाहरूबीच तेरो-मेरो भनी चिहानका विषयमा बिहारसँग तीतामीठा व्यवहारहरू र वादविवादहरू पनि समय-समयमा भइरहेका छन्। यस्ता तीतामीठा कुराहरूलाई मसानघाट प्रयोग गर्ने समुदायहरू, बिहार, यस क्षेत्रका बुद्धिजीवी, स्थानीय पदाधिकारीहरू र नागरिक समाजका सदस्यहरू मिली समाधान हुन सक्ने सबै उपायहरू अवलम्बन गर्ने र शान्ति कायम गरी वैरभाव समाप्त गर्ने मेरो ठूलो इच्छा रहेको हुँदा सबै परिवारलाई म भिक्षुणी डा० अनोजा यो लेखमार्फत जानकारी गराउन चाहन्छु। यस सम्बन्धमा कुनै किसिमको भूलचुक भए त्यसलाई सच्याउन म प्रतिबद्ध छु।



Downloaded from http://dhamma.digital/

# श्रीलङ्काको अनुभव

२०६५ साल श्रावण २६ गते आइतबारका दिन श्रीलङ्काका लागि २१ जना प्रस्थान गर्‍यौं । त्यही दिन बेलुका चार बजेतिर लुम्बिनीमा पुग्यौं । अर्को दिन बिहानै चियानास्ता खाइसकेपछि मायादेवीमन्दिरमा बुद्धपूजा गर्‍यौं । श्रामणेर उपालीले हामीलाई उपदेश दिनुभयो । उपदेशका क्रममा उहाँले भन्नुभयो – "श्रीलङ्कामा एकजना उपासक थिए। ती उपासकले पञ्चशीलको महत्त्व राम्रोसँग बुझेका थिए र त्यही शील बिग्रिन्छ कि भन्ने डरले कहीं पनि जाँदैनथे । उनको शीलप्रतिको दृढता देखेर अरू साथीहरूले उनको शील भङ्ग गर्ने उपायहरू रच्न थाले र पाँचजनाले पाँचैवटा कोठामा शील हानि हुने कुराहरू राखिदिए । एउटा कोठामा प्राणीहिंसा गर्ने, दोस्रोमा चोरी गर्ने, तेस्रोमा व्यभिचार गर्ने, चौथोमा झूटो बोल्ने र अन्तिममा अमल पदार्थ सेवन गर्ने ।

तब साथीले भनेछन् – "तिमीले यी पाँचैवटा कोठामा जानुपर्छ, होइन भने एउटामा त अवश्य पनि जानुपर्छ, नत्रभने हामी तिमीलाई बाँकी राख्दैनौं ।"

तब उसले सोच्यो चारवटा कोठामा जानु ठीक छैन, बरू अन्तिमको कोठामा अमल पदार्थ मात्र छ, मन लाग्यो भने अलिकति चाखेर हेर्छु, नत्रभने त्यत्तिकै निस्कन्छु । तर जब उसले अलिकति रक्सी चाख्यो, उसका साथीहरूले ढिपी गरेर अलिअलि गर्दै धेरै पिलाइदिए । यसरी रक्सी धेरै खाएपछि केही पनि होस भएन । त्यसपछि उसले पाँचैवटा शील बिगार्न पुग्यो । त्यसैले अमल पदार्थको अवगुण ज्यादै नराम्रो हुन्छ ।"

त्यसपछि मायादेवीमन्दिर परिक्रमा गरी खाना खाइसकेपछि हामी गोरखपुरका लागि निस्कियौं । त्यसका लागि सुनौली जाने गाडी पर्खिराखेका थियौं । लुम्बिनीबाट गोरखपुरको दूरी १२० किलोमिटर थियो । सो दिन गोरखपुरको सिद्धार्थ होटलमा बास बसेर २८ गते मङ्गलबार बिहान राति एक्सप्रेसबाट एक दिन एक रातको लामो यात्रापछि पुनः ट्रेन चढी ३० गते बिहान मात्र मद्रास पुग्यौं । त्यहाँ पुग्दा रातको १:३० बजेको थियो । त्यहाँ पुगेर मद्रास महाबोधी सोसाइटीको 'Ven Kalawane Mahanam Thera' को बिहारमा बास बस्यौं । त्यसपछि त्यहाँबाट श्रीलङ्काका लागि गयौं । तर प्लेन ढीलो भएकाले राति अबेरसम्म कुर्नुपर्ने



डा. अनोजा

Downloaded from http://dhamma.digital/

भयो। प्लेन उड्दा रातको १:३० बजिसकेको थियो। १५ अगस्टमा एक सय वर्ष पुरानो 'विद्योदय पिरिवियन मालिक काण्ड बिहार' मा जलपान गऱ्यौँ। बेलुकाको खाना पनि त्यहीँ खाने अवसर प्राप्त भयो। भनिन्छ, त्यहाँको कलेज विश्वको दोस्रो ठूलो कलेज हो। त्यहाँ नेपालका भिक्षुहरूले पनि पढ्नुभएको थियो।

त्यस दिनको बास भने मुकुताराम बर्मी बिहारमा पर्न गयो। त्यसको भोलिपल्ट १६ अगस्टमा त्यहाँको प्रसिद्ध क्यान्दी दन्तधातु चैत्यदर्शनका लागि गयौँ। त्यहाँको दर्शनका लागि अशोक भन्तेले सहयोग गर्नुभएको थियो। त्यति बेला संयोगवश पूर्णिमाको दिन परेकाले दन्तधातुको जात्रा हेर्ने मौका मिल्यो।

अशोक भन्तेले गाडीमै श्रीलङ्काका बारेमा जानकारी दिनुभयो। भारतबाट विजयकुमार श्रीलङ्का आउँदा समुद्रको बालुवामा हात के राखेका थिए, त्यो टल्कन पुग्यो। हातमा टल्केका कारणले ताम्बपनी बालुवा अर्थात् टल्केको बालुवा भनेर भनियो। पहिले-पहिले श्रीलङ्कालाई ताम्बपनी भन्ने गरिन्थ्यो। कसैले ताम्रपनी अथवा टापु भन्ने गर्थे।

श्रीलङ्कामा चार वर्गका मानिसहरू छन् – १. सिंहल, २. तामिल, ३. मुसलमान, ४. बगर। इ० सं० १५०५ मा अङ्ग्रेजहरूले आक्रमण गरेर त्यहाँका जनतालाई निकालिदिए। पछि आएर अङ्ग्रेजले छाडेर गएका महिलाहरूले सिंहलहरूसँग विवाह गरेर पाएका सन्तानलाई बगर भनिँदो रहेछ।

**दन्तधातु विषय :**

भगवान् बुद्ध परिनिर्वाण हुनुभएपछि दोण्ड ब्राह्मणले आठवटा राज्यमा भएका बुद्धको अस्थिधातु १६ भागमा विभाजन गरे। त्यसमध्ये दन्ता अथवा धँवा चारवटा मात्र आगोले जलेनन्। ती चारवटामध्ये एउटा यायतिंश देवलोकमा लगियो। एउटा नागलोकमा लगियो। एउटा चीनमा छ। एउटा बाँकी भएको लिन भारतका दुईजना राजकुमार र राजकुमारीले भेष बदलेर ऋषि बनेर गए। राजकुमार दन्तकुमार र उनकी बहिनी हेमामाली थिइन्। ती दुवै दाजुबहिनी मिलेर बुद्धको दन्तधातु पोको पारिएको केशमा लुकाएर ल्याए। त्यही दन्तधातुलाई पछि मन्दिर बनाएर राखियो। त्यति बेला जसले दन्तधातुको रक्षा गर्छ, उसलाई राजा बनाउने चलन थियो। यो त्यहाँको एउटा परम्परा हुन गयो। यसै क्रममा कीर्तिश्री राजा हुन पुगे। तिनै राजाले यो परम्परा चलाएका थिए। पछि अमरापुरका राजाले मुसलमानहरूको हमलाबाट बचाउन दम्बुलमा लगे। फेरि दम्बुलबाट नोर अर्थात् क्यान्दीमा ल्याएर राखे।

कीर्तिश्री राजाले नूर याने क्यान्दीमा आठवटा कुना राखी घाट मान्दी



Downloaded from http://dhamma.digital/

बनाएर राखे। यो अहिले पनि यथावत नै छ। कीर्तिश्री राजाको दाहसंस्कार पछि त्यही घाटमा भयो। ती राजाले पहाडमाथि दरबार बनाएका थिए। अङ्ग्रेजहरूबाट बच्न तथा तिनीहरूलाई हराउन सकियोस् भन्ने उद्देश्यले पहाडमा दरबार बनाइएको थियो तर केही व्यक्तिहरूले पैसाको लालचमा अङ्ग्रेजहरूलाई त्यसको सुराक दिए। त्यसैका कारण अङ्ग्रेजहरूबाट राजाको हत्या भयो। त्यहाँ भएका भिक्षुहरूलाई पनि चिवर छोडाएर विवाह गराइयो। अरूको दबाबमा चिवर छोड्नुपरे पनि तिनीहरूले त्यहाँका बिहारहरूको सुरक्षा गरिरहे।

भिक्षु शरणङ्कर राजाको विश्वासपात्र र धर्मका कुरा बुझेका व्यक्ति थिए। त्यसैले उनले थाइल्यान्डमा गई धर्म सिके र उपसम्पदा पनि ग्रहण गरे। त्यहाँबाट श्रीलङ्का फर्किएर आफ्ना शिष्यहरू बनाउन थाले। त्यति बेला उनीहरूले आफू ठूलो र अरू साना जातका भनेर हेप्न थाले। त्यति बेला त्यहाँ तीन निकायहरू थिए –

१. श्याम निकाय : थाइल्यान्डबाट आएका हुनाले श्याम जातिलाई उच्च मानिन्थ्यो। एकपटक सानो कुलका राजा भिक्षु हुनका लागि आए, तब उनलाई सम्मानपूर्वक भिक्षु बनाइयो।

२. अमरापुर निकाय : अर्को हो अमरापुर निकाय।

३. राम निकाय : त्यहाँका तल्लो जातका मानिसहरू बर्मामा भिक्षु बन्न गए, जसलाई पछि राम निकाय भनेर नाम दिइयो।

अमरापुर निकायका १८-१९ वटा ब्रान्चहरू छन्। क्यान्दी अति नै राम्रो ठाउँ हो। त्यो कोलम्बोबाट १२० किलोमिटरको दूरीमा रहेको छ जहाँ बुद्धको दन्तधातु राखिएको छ। भनिन्छ बुद्ध श्रीलङ्कामा तीनपटक आउनुभएको थियो।

१. सबैभन्दा पहिले उरूबेला काश्यप, गया काश्यप र नदी काश्यपहरूलाई मार्गफल प्राप्त गराउनुभएपछि श्रीलङ्काका राक्षसहरूको बस्ती मयाङ्गन भन्ने ठाउँमा पुग्नुभएको थियो।

२. नागदीप भन्ने ठाउँमा दुई दाजुभाइ चुलोदर र मोहोदर थिए। तिनीहरूमा हीराको मेचका कारण झगडा भइराखेको थियो। पछि उनीहरूको झगडा शान्त भएपछि तिनीहरूले बुद्धको पूजा गरेका थिए। जब तिनीहरूले सो मेच बुद्धलाई प्रदान गरे, तब बुद्धले उनीहरूलाई उपदेश दिनुभएको थियो।

३. क्यानोलीमा पनि बुद्ध पुग्नुभएको थियो। त्यहाँ चुलोदर र मोहोदरले दिएको हीराको मेच राखेर चैत्य बनाएका थिए।

क्यान्दी दन्तधातु चैत्यसँगै एउटा ठूलो नदी पनि छ। बुद्धको दन्तधातुको नौ दिनसम्म जात्रा गरिन्छ। एकपटक अनादर गरी त्यो जात्रा सकिएको थियो।



Downloaded from http://dhamma.digital/

त्यही वर्ष त्यस नदीको पानी बढेर धेरै विनाश पनि भएको थियो। त्यो जात्रा निकै हर्षोल्लासका साथ मनाइने गरिन्छ। जात्राका क्रममा टाउकोमा डोरी बेरेर आगोको डल्लो राखी घुमाइएको थियो। साना बालकहरूले म्वाली नामक बाजा बजाएका थिए। सबैजनाले लामबद्ध भएर देशको झन्डा र बौद्ध झन्डा बोकेका थिए। त्यस्तै ताम्रपत्रमा विभिन्न जनावरहरू कोरिएका थिए। त्यसमा श्रीलङ्काको परम्परागत नाच पनि प्रदर्शन गरिएको थियो। जात्रामा हात्तीहरू निकै आकर्षक देखिन्थे। हात्तीहरूलाई विभिन्न रूपमा सजाइएका थिए।



Downloaded from http://dhamma.digital/

# सुलक्षण कीर्तिबिहार

२०६३ साल फागुन १७ गते सुलक्षण कीर्तिबिहारको स्थापना भयो । बिहारको निर्माणका क्रममा मैले कति सङ्घर्ष गरें भन्ने कुरा अनुभवका क्रममा लेख्तैछु। यस बिहारको भवन-निर्माण हुनुभन्दाअघि नन्दसिद्ध गुभाजूले बनाउनुभएको पाटीमा १५ महिना बिताएकी थिएँ। सुन्दरीघाट भाजङ्गलको नामले परिचित त्यो ठाउँ आदिनाथ मन्दिरको ढाडभन्दा तल छ जसलाई सुलक्षण तीर्थ पनि भनिन्छ। मृतकहरूको नाममा ११ औं पटकको श्राद्ध गर्ने ठाउँको हो सुन्दरीघाट। २०५२ सालतिरको कुरो गर्नुपर्दा त्यो ठाउँ सुनसान र डरलाग्दो थियो। बस्ती पनि त्यति थिएन। त्यति बेला कहिलेकाहीं त एक्लै पाटीमा सुत्नुपर्ने अवस्था आउँथ्यो। त्यस्तो अवस्थामा पनि पूजापाठ गरेर, ध्यान गरेर मनलाई दृढ बनाएर बस्थें। कहिलेकाहीं राति रक्सी खाएका मानिसहरू त्यहाँ आउने गर्थे। तर पनि तिनीहरूको वास्तै नगरी म आफ्नै सुरमा हुन्थें। बिहार-निर्माणका क्रममा केही व्यक्तिहरू आएर भन्ने गर्थे – 'यहाँ बिहार बनाउन दिंदैनौं।' तर कतिपयले प्रोत्साहन पनि दिन्थे। म सबैलाई भन्ने गर्थें – "यो कुनै निजी घर होइन, सार्वजनिक स्थल हो। त्यसैले सबैले यसलाई आफ्नो ठान्नुपर्छ।"

यस्तो हुँदाहुँदै जग हालियो। हिमाल सिमेन्ट कारखानाबाट माटो खसाल्दै जाँदा जमिन ठूलो देखियो। तर पछि यसमा कतिपयले विरोध गरे। म एक्लै हुन्थें। तर तिनीहरू सयौंको सङ्ख्यामा आउने गर्थे। एकपटक त हतियारसमेत लिएर आउन भ्याए।

पाटीमा बस्ताबस्तै १५ महिना बित्यो। बिहारको दोस्रो तल्ला पनि सकियो। तर शौचालय भने बनेको थिएन। एकपटक राति शौचालय आउने क्रममा करिब १२:३० बजेतिर एउटा अचम्मकी केटीमान्छे देखें। मेरो साथमा भाइ माणिकराज पनि थियो। एकचोटि हामीलाई हेर्ने फेरि पर्खालमा लुक्ने, त्यस्तै २० मिनेटजति भयो। यसले गर्दा हामी निकै डराएका थियौं। २० मिनेटपछि ती युवती कहाँ गइन्, पत्तो नै भएन। अचम्मको घटना थियो त्यो।

बिहारनजिकै बागमती बगिरहेको छ। २०५८ सालतिर तीन दिनसम्मको अविरल वर्षाले पानी निकै माथि आएको थियो। नदीको कारण बिहारलाई हानि नहोस् भनेर २०६३ सालमै जाली राखेर पर्खाल बनाइएको थियो। बिहारका लागि



डा. अनोजा

Downloaded from http://dhamma.digital/

जे गर्नुपरे पनि र जहाँ जानुपरे पनि तनमन लगाएर कामलाई निरन्तर दिइरहेँ। जब खोलाले लगेको ठाउँलाई ठूलो बनाएँ, तब कतिपय मानिसहरूले त्यसमा ईर्ष्या पनि गर्न थाले। कैयौँपटक झगडा गर्न आए। मलाई भन्नु-नभन्नु शब्दले गाली गर्थे। तर म आफ्नै कर्मलाई दोष दिने गर्छु। मेरो कर्मले नै गर्दा म यस्तो ठाउँमा आउन पुगेँ हुँला। आमाबुबाले जग्गा पनि दिनुभएको थियो। तर त्यसलाई स्वीकार नगरेर सुन्दरीघाटलाई नै आफ्नो कर्मथलो बनाएँ। घरमा आफूखुसी खाइखेली हुर्किरहेकी मैले पछि धर्मको बाटो रोजेँ। मलाई लाग्थ्यो, मानव भएर जन्मेपछि मानवीय गुणहरू पनि हामीमा पूर्ण हुनुपर्छ। खाने, सुत्ने र सन्तानोत्पादन गर्ने काम त पशुले पनि गर्छ, मानिसले पनि गर्छ तर मानव भएपछि हामीले के सही के गलत त्यो छुट्याउन सक्ने शक्ति अर्थात् चिन्तनमनन गर्नुपर्छ। एक दिन मर्नु त छँदैछ, त्यही जन्म र मृत्युका बीचमा हामीले अलिकति भए पनि अरूलाई उपकार हुने काम गर्नुपर्छ। सबैलाई आफ्नै सम्झी मैत्री, करूणाको भावना राख्नुपर्छ। परस्पर आपसी सद्भाव हुनुपर्छ समाजमा पनि। बिहार-निर्माणकै क्रममा त्यहाँका केही व्यक्तिको साथ नपाएका कारणबाट मैले धेरै दुःखहरू झेल्नुपर्‍यो। अझ उल्टो भए-नभएको आरोप पनि मैले सहेँ। तर यी सम्पूर्ण कुरालाई आफ्नै कर्मको लेखा सम्झिन्छु। धेरै दाताको परिश्रमले बनेको बिहारमा सबैको अधिकार छ। सार्वजनिक सम्पत्ति कसैको एकलौटी हुँदैन। यतिसम्म पनि बुझिदिएनन् तिनीहरूले।

यहाँको स्थिति देखेर बुद्धकालीन एउटा प्रसङ्ग याद आउँछ मलाई। एउटा गाउँमा भगवान् बुद्धका साथमा आनन्द भन्ते पनि भिक्षा माग्न जानुभएको थियो। त्यस गाउँमा मानिसहरू अशिक्षित थिए र मूर्ख पनि। भिक्षा माग्न जाँदा केही वस्तु दिनुको सट्टा तिनीहरूले खूब गाली गरे। आफूले पनि दिएनन् नै, दिनेहरूलाई पनि रोके। भन्न हुने र नहुने सबै भने। भिक्षुहरूलाई सहनै गाह्रो भयो। तब भिक्षु आनन्दले बुद्धसमक्ष प्रार्थना गरे – "भगवान् शास्ता ! यस गाउँमा बस्न निकै कठिन भयो, कसैले भिक्षा पनि दिएनन्।"

यो कुरा सुनेर बुद्धले भन्नुभयो – "हो आनन्द ! यो गाउँमा बस्न कठिन भयो भनेर अर्को ठाउँमा जाँदा पनि त्यस्तै भयो भने के गर्ने ?"

तब आनन्द भन्छन् – "त्यो ठाउँलाई छोडेर अन्तै जाने।"

बुद्धले भन्नुभयो – "आनन्द ! यसरी एउटा ठाउँ उचित भएन र त्यहाँ मूर्खहरू छन् भनेर भाग्दै जान थाल्यौं भने सजिलै सहज ठाउँ भेट्टाउने छैनौं। त्यसैले हामीले यहाँका मानिसहरूलाई नै ज्ञान दिनुपर्छ। तिनीहरूले दुःख दिए भनेर छाडेर जानु उचित हुँदैन।"



Downloaded from http://dhamma.digital/

यसरी बुद्धले सहनशील भएर त्यहाँका मानिसलाई सही बाटोमा ल्याउनुभयो ।

यही कथाको स्मरण गर्दै बस्थें म पनि । संसारको रीत यस्तै छ । ओरालो लागेको मृगलाई बाच्छोले पनि खेद्छ भनेझैं निर्धालाई सबैले हेप्ता र हेछन् । एक दिन मृत्यु त हुनैपर्छ, जबसम्म यो यथार्थलाई बेवास्ता गरिन्छ, तबसम्म मानिसमा घमन्ड रहन्छ । अरूलाई दुःख दिनमा खुसी मान्छन् । जब त्यहाँको अवस्था सम्झिन्थें, मन खिन्न हुन्थ्यो कहिले मात्र यो झन्झटबाट मुक्त हुन सकिन्छ भनेर । जब म यहाँ आएकी थिएँ, यहाँको माटो सबै खोलाले बगाएको थियो । पछि आएर मात्र जग्गालाई सम्म पारें । अहिले मसान भएको स्थान त्यति बेला नदीको धारले खाइसकेको थियो । पछि जब ग्याब्लिङ हालियो, जग्गाको रूपमा परिणत भयो । अहिले त बागमतीको रूप नै फेरिसकेको छ ।

आफ्नै जाति र समुदायमा यसरी बेमेल भइरहँदा नरमाइलो लाग्नु ठूलो कुरा होइन । यसले गर्दा थोरैलाई फाइदा भएको छ, तर धेरैले दुःख झेल्नुपरेको छ । मलाई लाग्छ, बहुमतको कदर हुनुपर्छ तर यहाँ यस्तो भइरहेको छ । मसानघाटका लागि सबै बन्दोबस्त मिलाइदिन्छु भन्दा पनि यहाँका मानिसहरूलाई वास्ता छैन । कृष्णगोपाल श्रेष्ठले स्थानीय विकास मन्त्रालयबाट १५ लाख रूपियाँ निकासा गराइदिनुभयो, त्यसलाई मैले अस्वीकार गरें । कहिलेकाहीं बिहार नै छोडूँ जस्तो पनि मनमा लाग्छ, तर दाताहरूको मिहिनेत खेर फाल्नु हुँदैन भन्ने लागेर म यहाँबाट गइन । आफूले सक्दो सेवा गरूँ भन्ने मनसायले नै भिक्षुणी बनेकी थिएँ । यो सार्थक पार्न चाहन्थें । तर यहाँको अवस्थाले मलाई विचलित तुल्यायो । हुन सक्छ बिहारकै कारणले कतिलाई दुःख पनि भयो, किनभने उनीहरूले आफूले चाहेको मसान बनाउन सकेनन् । सुरूवातमा सबैले हौसला पनि दिएका थिए, तर ती नै पछि विरोधीका रूपमा निस्के । सुरूमै सबै कुरा थाहा भएको भए त्यहाँ बिहार निर्माण गर्ने विचार नै रोक्थें होला । अरू ठाउँमा पनि जग्गा प्रदान गरिएको थियो । तर अपसोच, म यहाँ आएर अड्कें । सुरक्षाका लागि पर्खाल बनाएँ, तर २०-३० जना आएर त्यो पनि भत्काइदिए । केही सीप नलागेपछि आफ्नै कर्मलाई दोष दिएर हिँड्छु । उनीहरूले कहिलेकाहीं अपशब्द प्रयोग गर्दा भिक्षु काश्यपको याद आउँछ ।

जब बुद्ध श्रावस्तीको जेतवन बिहारमा हुनुहुन्थ्यो, त्यति बेला भिक्षु काश्यप र अरू केही भिक्षुहरू भिक्षा माग्न जानुभएको थियो । त्यो बेला त्यहाँका गाउँलेले उहाँलाई पिट्न थाले, दुःख दिए तर उहाँले केही प्रतिक्रिया दिनुभएन, त्यसलाई सहनुभयो । गाली गर्ने मान्छे, कुट्ने मान्छे थाक्यो । पछि आएर काश्यप भन्तेको



Downloaded from http://dhamma.digital/

पात्र लिएर भोजनका लागि निमन्त्रणा गऱ्यो । काश्यप भिक्षु पनि त्यही व्यक्तिको घरमा गई भोजन गर्नुभयो । उता उपासक-उपासिकाहरू काश्यप भन्तेलाई कुट्ने व्यक्तिहरूलाई हामी छोड्दैनौं भनेर पिट्नका लागि आइरहेका थिए । तर अचम्म ! भिक्षु काश्यपका पछिपछि गाउँलेहरू न आइरहेका थिए । त्यसपछि उनीहरूले केही पनि गर्न सकेनन् ।

तर मलाई त्यस्तो अवस्था आएको छैन । आफ्नो जग्गा हुँदाहुँदै पनि किन यो ठाउँ नै रोजें होला भनेर मनमा विचार आइरहन्छ । भन्न जति सजिलो रहेछ, त्यसलाई गर्न त्यति नै गाह्रो रहेछ । मैले अनुभवका रूपमा यहाँ भोगें । अरूलाई सहनुपर्छ भनेर उपदेश दिए पनि यथार्थमा सहन सजिलो हुँदो रहेनछ । बुद्ध जन्मेको हाम्रो देशमा अहिले जताततै अशान्ति मच्चिएको छ । शान्तिक्षेत्र घोषणा गरिएको हाम्रो देश अहिले त्यसको ठीक विपरीत भएको छ । मानिसहरूको गलत सोचाइ र अकुशल कर्मको प्रतिफल हामी प्रत्यक्ष रूपमा भोगिरहेका छौं ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# विश्वशान्तिका लागि बुद्धको उपदेश

हाम्रो देश स्वच्छ र शान्त हिमालयको काखमा रहेको एउटा सानो देश। आजभन्दा बुद्ध सम्वत् २५५३ वर्षअघि अर्थात् ईसापूर्व ६२६ को वैशाख पूर्णिमाको दिनमा लुम्बिनी शालोद्यानको शालवृक्षमुनि महारानी महामायादेवीको कोखबाट राजकुमार सिद्धार्थको जन्म भएको थियो। उहाँले विश्वशान्तिका लागि हाम्रो नेपालमा जन्म लिनुभएको थियो।

नेपालीहरू खालि पूजा गर्नका लागि मात्र तत्पर हुन्छन्। पूजा कसलाई भन्दछन् भनेर बुझ्न कोसिस गर्न सकेका छैनन्, कसलाई पूजा गर्ने र कसको कुरा सुनेर पूजा गर्ने भनेर विचार गर्न सकेका छैनन्।

हामीलाई शान्ति अत्यन्त आवश्यक छ। हामीले जन्म भएको चार वर्षसम्म दूध खाएका हुन्छौं। चार वर्षदेखि पढाइ सक्नका लागि २० वर्षसम्म लाग्छ। २० वर्षमा विवाहकर्म र काममा लाग्यो भने ४० वर्ष बितिहाल्यो। ७०-८० वर्षमा त मृत्यु भइहाल्छ। त्यसमा फेरि तीन भागको एक भाग सुतिहालिन्छ। त्यति जीवन बिताउनका लागि पनि खालि लोभलालच, अहङ्कार, कुटपिट, झैझगडा गरिरहेका छौं। जताततै अशान्ति मात्र छ। टीभी हेर्दा पनि अशान्ति, पत्रिकाहरू पढ्दा पनि अशान्ति। खालि यता मारे, उता मारे, बस दुर्घटना भयो, बस नदीमा खसेर यति मान्छे मरे, बलात्कार गरे, आगो लाग्यो। यस्तो-यस्तो मात्र सुन्न पाएर थोरै जिन्दगी पनि शान्तिले बाँच्न पाइएन। यो सबै भएको कारण हाम्रो नाता परेको भगवान् बुद्धको उपदेशलाई अनुसरण गरेर व्यवहारमा नउतार्नु हो। म ठोकेर भन्दछु – बुद्धको उपदेश सुनेर, चिन्तनमनन गरेर व्यवहारमा उपयोग गरे भने, सबैजना उहाँको उपदेशअनुसार हिंडे भने ५ वर्ष लाग्ने छैन विश्वमा शान्ति हुन। शान्ति मात्र होइन, विकास पनि हुन्छ। हाम्रो नेपाललाई स्विटजरल्याान्डजस्तो बनाउनका लागि धेरै वर्ष कुर्नुपर्ने आवश्यकता पर्दैन, चार-पाँच वर्षमा नै हुनेछ। भगवान् बुद्धको उपदेशअनुसार चलेका जापान, चीनको कति विकास भएको छ, मैले भन्नुपर्ने छैन। नेपालमा काम पाइएन भन्छन्, अर्कोको धनमा लोभलालच गरेर चन्दा माग्छन्, लुटपाट गरेर पैसा र सामान लिई मजासित बस्न खोज्छन्, अनि कहीँ शान्ति हुन्छ त ? आफ्नो सामान लुटपाट भयो



Downloaded from http://dhamma.digital/

भने कस्तो दुःख हुन्छ, त्यो नियालेर हेर्नपर्छ, त्यो ठाउँमा बसेर हेर्नुपर्छ। यो सबै अशान्ति हुनुको कारण नै काम र ज्ञान नहुनु हो। काम भएपछि माम अवश्य हुन्छ। अनि ज्ञान भएपछि अरूलाई दुःख दिने काम कसैले गर्ने छैन। दुई दिनको जिन्दगीमा एक दिन अवश्य पनि मर्नुपर्छ भनेर ज्ञान भएपछि अरूलाई दुःख दिने काम गरिँदैन।

हाम्रा सिद्धार्थले बोधिज्ञान प्राप्त गर्दा उहाँले सम्पूर्ण अर्थलाई बुझ्नुभयो। उहाँले बुझ्नुभएको ज्ञान भनेको चारवटा सत्य हुन् – १. दुःखसत्य, २. दुःखसमुदय सत्य, ३. दुःखनिरोध सत्य, ४. दुःखनिरोध ग्रामणी आर्यसत्य। यी चतुरार्यसत्य हुन्। यसको यथार्थ अर्थ बोध भएमा बुद्धत्व प्राप्त गर्ने मार्गमा सजिलैसित अगाडि बढेर सफलता हासिल गर्न सकिन्छ। जन्म, जरा, व्याधि र मरणरूपी दुःखबाट मुक्त भई निर्वाण प्राप्त गर्न सक्ने दर्शन नै बौद्धदर्शन हो। यी चारवटा सत्यहरूलाई सही तरिकाले पहिचान गरी सही अर्थमा व्यवहार गरेर एकाग्र चित्तले विचार गर्न सक्ने मानिसले नै वास्तवमा पूर्वानुस्मृतिज्ञान प्राप्त गर्न सक्षम हुन्छ। यसले गर्दा आफूले पहिले-पहिले गर्दै आएका असल तथा खराब आचरणको यथार्थता छर्लङ्ग देख्न सक्ने चेतना हुन्छ। के कारणले के हुन्छ र के कारणले के हुँदैन, कुन वस्तु कसरी उत्पत्ति हुन्छ र त्यो के कारणले नाश हुन्छ भन्ने ज्ञानको बोध हुन्छ। भूत, वर्तमान र भविष्यमा हुने विभिन्न अवस्थामा हुने परिस्थितिहरूको ज्ञान हुन्छ।

भगवान् बुद्धले दुःखका सम्बन्धमा भन्नुभएको छ जन्म हुनु नै दुःख हो। उहाँले आफूले प्राप्त गर्नुभएको र आफूले बुझेर अरूलाई उपदेश दिनुभएको दुःखको सम्बन्ध आठ प्रकारका छन्।

१. जन्मनु दुःख हो। हामीहरूको जन्म नै नभएको भए नाना प्रकारका दुःख भोग्नैपर्ने थिएन।

२. रोगी हुनु दुःख हो। रोगी भएपछि आफूले भनेजस्तो हुँदैन। ९९ वटा शरीरभित्र रोगहरू छन्। यता दुख्छ, उता दुख्छ। रोगी व्यक्तिलाई मात्र थाहा हुन्छ कतिको दुःख हुन्छ भनेर।

३. बूढाबूढी हुनु दुःख हो। आफू १८ वर्ष र ४० वर्ष नपुग्दा आफ्नो वर्ष बढेको यादै हुँदैन। महिलाहरू ५० वर्ष र पुरूषहरू ६० वर्ष पुग्ने बेलामा त्यो थाहा हुन्छ। कारण आँखा कमजोर भएर जान्छ र विनाचस्मा काम गर्ने क्षमता हुँदैन। केही खानका लागि नक्कली दाँत राख्नुपर्ने हुन्छ। कपाल फुलेको हुन्छ। कालो रङ्ग राख्नुपर्ने अवस्था आउँछ। छाला सबै चाउरी परेको हुन्छ। जति गर्दा पनि अर्काको भरमा ज्यूनुपर्ने अवस्था हुन्छ। निद्रा आउँदैन। खाना रूच्तैन। कुप्रो परिन्छ। मै हुँ भन्ने व्यक्तिलाई यसभन्दा बढी दुःख अरू केही हुँदैन।



Downloaded from http://dhamma.digital/

४. धनजनले पूर्ण, आफूले भनेको जस्तो पुग्ने सम्पत्ति, राम्रो बङ्गला र मोटर भएको तर एक दिन मर्नुपर्छ भन्ने उपदेश कहिल्यै नसुनेको व्यक्तिको मर्ने अवस्था, अन्तिम अवस्था कस्तो दुःखदायी हुन्छ ! मलाई एउटा घटना याद आयो। मेरी मीतआमाको सारा सम्पत्ति पूर्ण थियो। तर उहाँको पाठेघरको क्यान्सर भएका कारणले इन्डियामा गएर रेडियम राख्नुभयो। त्यसको म्याद ५ वर्षको रहेछ। ५ वर्षपछि दुख्न थाल्यो। मैले डा० शोभा खत्रीकहाँ जचाउनका लागि लगेँ। उहाँले मलाई 'उहाँको केवल ६ महिना मात्र बाँच्ने म्याद छ। उहाँलाई पछिको बाटो राम्रो गर्नका लागि बराबर उपदेशहरू सुनाउनू, दानपुण्य गराउन लगाउनू, अहिले औषधि दिई पठाउँछु' भनेर औषधि दिई पठाउनुभयो। बनेपामा घर थियो। घर पुग्दा मेरो खुट्टा समातेर 'छोरी ! म बाँच्न चाहन्छु, मेरो जति सम्पत्ति खर्च गर्नुपरे पनि गर्छु, मेरो पेटको अप्रेसन गरेर आन्द्रा, भुँडी, पाठेघर सबै निकालिदिनू, म मर्न चाहन्नँ' भनेर रूनुभयो। मैले के गर्नु ! मैले जानेको उपदेश दिएँ। बराबर जाने गर्थें। तर २ महिनापछि उहाँ बित्नुभयो। धेरै गाह्रो भयो प्राण छोड्नलाई। तर के गर्ने, जन्मपछि मृत्यु हुनु नै प्रकृतिको नियम हो। पछि आत्मा घरमा नै भड्किरहेको थियो, घरको माया लागेको हुनाले त्याग गर्न सक्नुभएन। शरीरले त त्याग गर्नुभयो, तर चित्तले त्याग गर्न सक्नुभएन।

५. आफूलाई मन पर्नेसँग छुटेर बस्नु दुःख हो। आफूले मन टाँसेको जस्तो अनुभव हुन्छ। धेरै नै मन परेको हुन्छ। मनपर्ने व्यक्ति एक दिन सँगै भएन भने कहाँ गएर हेरौं जस्तो लाग्छ। बाटोमा आउला भनेर त्यहीं मात्र आँखा गइर हन्छ। अब विचार गरौं, त्यस्तो मन पर्ने व्यक्तिसँग वियोग हुँदा कति दुःख लाग्ने होला !

६. आफूलाई मन नपर्नेसँग बस्नु दुःख हो। मन नपर्ने व्यक्तिले कुरा गरेको मन पर्दैन। उसले हेरेको र हाँसेको मन पर्दैन। झन् त्यसैसँग बस्नुपर्दा कति दुःख हुने हो ! धेरै दुःख लाग्छ। त्योजस्तो दुःख अरू केही नभएको अनुभव हुन्छ।

७. आफूले इच्छा गरेको वस्तु नपाउनु पनि दुःख हो। आफूलाई राम्रो घर, बङ्गला, मोटर इत्यादि सामग्रीहरू मन पर्छ। विभिन्न इच्छा गर्छन्। तर पूरा गर्न सकिएन भने दुःख हुन्छ। अस्ति मात्र एस० एल० सी० को परीक्षाफल निस्कँदा त्यस परीक्षामा फेल भइयो भनेर कुलेश्वर महादेवथानको पुलबाट एकजना केटाले हामफाल्यो। धन्न काल नआएको र बटुवाहरूले देखेको कारणले बाँच्यो। उसलाई खोलाबाट तानेर लगे। मैले पनि देखें। उसको इच्छा पूरा भएन। पास भएँ भने यस्तो गर्छु भन्ने इच्छा गरेका कारणले होला। इच्छा पूरा नभएपछि आफ्नो ज्यान नै गुमाउने कोसिस गऱ्यो। यो पनि ठूलो दुःख हो।



Downloaded from http://dhamma.digital/

८. सङ्क्षिप्तमा भन्ने हो भने पाँचै इन्द्रियहरू धारण गर्नु नै दुःख हो। जस्तै आँखा, नाक, कान, शरीर र मन यी पाँच इन्द्रियहरू हुन्। आँखाले राम्रो मात्र हेर्न खोज्छ। राम्रो देख्यो भने सुख हुन्, हर्षित हुन्छ तर राम्रो मात्र कहाँ देखिन्छ र ! नराम्रो देख्ता धेरै दुःख हुन्छ। त्यस्तै नाकले सुगन्ध मात्र सुँघ्ने गर्छ, दुर्गन्ध मन पर्ने हुँदैन। दुर्गन्ध हुँदा एकदम दुःख हुन्छ। कानले राम्रो प्रशंसा र राम्रो गीत सुन्न पायो भने धेरै नै मन प्रफुल्ल हुन्छ। तर निन्दा गरेको, अपहेलना गरेको शब्द सुन्नुपर्‍यो भने धेरै नै दुःख हुन्छ। शरीरले राम्रो स्पर्श लिन पायो भने, राम्रो ठाउँमा सुत्न पायो भने सुख हुने थियो। राम्रो स्पर्श गर्न पाइएन भने, भुइँमा सुत्नुपर्‍यो भने, नराम्रो अनुभव गर्नुपर्‍यो भने धेरै नै दुःख हुन्छ। अब आयो मन अथवा चित्त। मन त झनै चञ्चल छ र धेरैजसो अकुशल काम गर्छ। कुशल अलिकति गरे पनि अकुशल धेरै नै गर्छ। चित्तलाई समातेर राख्न गाह्रो हुन्छ। राग, द्वेष, मोह उत्पन्न हुने यही चित्त नै हो। चित्त नराम्रो ठाउँमा अथवा काममा फस्यो भने नर्कसम्म पुग्नुपर्छ। यो संसार बनाएको नै मनले हो। आफ्नो मन आफैँले वशमा राख्न सकिएन भने ठूलो दुःख हुन्छ।

यिनै चारवटा ध्रुवसत्यहरू भगवान् बुद्धले बुझ्नुभएका ज्ञान हुन्। यही उपदेशलाई लिएर सहर, नगर, देश र गाउँगाउँमा ४५ वर्षसम्म उपदेश दिएर जलिरहेको चित्तले पोलिरहेको मानिसहरूलाई उपदेशद्वारा उहाँले शान्ति दिनुभयो। किन झैझगडा गरिरहनु मान्छे भएपछि ! सबैलाई आफ्नै परिवार सम्झनुपर्छ। आफ्नै परिवार सम्झेपछि अशान्ति हुँदैन। शान्ति नै शान्ति हुनेछ। सबैको मनमा शान्ति भएपछि देशको विकास गर्नका लागि धेरै वर्ष लाग्ने छैन।

त्यसैकारण सम्पूर्ण दाजुभाइ र दिदीबहिनीहरूलाई म अनुरोध गर्छु – अहङ्कार, द्वेष र ईर्ष्याभावलाई त्यागेर मित्रभाव अँगाली शान्तिपथलाई अपनाउनुहोस्।



Downloaded from http://dhamma.digital/

# एक समूह नै सुख

धम्मपीति सुखं सेति पिप्पसन्नेन चेतसा ।
अरियप्पवेदिने धम्मे सदा रमति पण्डितो ॥

अर्थ – धर्मको रस बुझ्ने व्यक्ति प्रसन्न भएर सुखपूर्वक सुत्न सक्छ । आर्यहरूद्वारा प्रकाश गरिएको धर्ममा पण्डितहरू सर्वदा मन लगाउनुहुन्छ ।

यो प्रवचन भगवान् बुद्धले श्रावस्ती जेतवन महाबिहारमा बिहार गर्नुभएको बेलामा महाकप्पिन स्थविरको कारणमा आज्ञा गर्नुभएको थियो ।

वाराणसी नगरनजिकै तान बुन्नेहरूको गाउँमा एक बुनकर नाइकेको जन्म भएको थियो। उनी ठूला हुँदै गए। उनी आफ्नो काम पनि गर्थे र अर्कालाई मद्दत पनि गर्थे । उनकी श्रीमतीमा पनि घरको कामकाज सकेर अरू टोलछिमेकीहरूलाई पनि आवश्यकताअनुसार मद्दत गर्ने बानी थियो। अभिमान दुवैमा अलिकति पनि थिएन। सबैलाई दयामाया गर्ने बानी थियो उनीहरू दुवैको। श्रीमान् खाना बनाउनेदेखि लिएर सम्पूर्ण काममा श्रीमतीलाई मद्दत गर्थे। आफू बुनाइको नाइके हुँ भनेर चुप लागेर बस्ने खालका थिएनन्। त्यसैले उनीहरूलाई पनि त्यहाँ बुनाइ गर्ने भाइबहिनीहरूमध्ये माया नगर्ने कोही पनि थिएनन्। उनको सिद्धान्त 'कामले मात्र मान्छे ठूलो हुन्छ, जातले हुँदैन' भन्ने रहेछ। त्यसैकारण उनी मद्दत गरिदिन्थे।

त्यस बेला प्रत्येक बुद्धहरू आठ महिनासम्म हिमालयमा ध्यानभावना गर्नुभई वर्षातपछि देशमा बास गर्नुहुन्थ्यो। एक दिन उहाँहरू वाराणसीको नजिकै उत्रनुभयो र बस्नका लागि सहयोग मागेर बिहार बनाउने विचार गर्नुभयो । पानीबाट बच्नैपर्‍यो र एउटा बिहार भए सबैलाई पुण्य गर्ने ठाउँ पनि हुन्छ । हामीहरू आउने बेलामा बस्ने ठाउँ खोज्न आवश्यक हुँदैन भन्ने लाग्यो। चन्दाका लागि कहाँ जाऊँ त ? भन्दा राजाकहाँ नै जाऊँ, उहाँले अवश्य पनि हामीलाई मद्दत गर्नु हुनेछ भनेर आठजना प्रत्येक बुद्धहरू पठाउनुभयो। त्यस बेला राजाको रोपाइँ-मङ्गलको समय थियो । पहिले-पहिले पनि राजाहरूको रोपाइँ हुन्थ्यो । महारानीहरूले पनि रोपाइँमा जानुपर्थ्यो। सबै किसानहरू नै थिए। राजासँग भेट भयो तर राजाले प्रत्येक बुद्धहरूको आशाअनुसार त्यो सहयोग गर्नुभएन। राजाले व्यस्तता देखाएर सहयोग गर्नुभएन । भोलि आउनोस् भनेर पठाइदिनुभयो ।



Downloaded from http://dhamma.digital/

अरूसँग मद्दत माग्न गाह्रो छ, तर बिहार या मन्दिर दाताहरूको सहयोगले बनाइयो भने सबैलाई पुण्य प्राप्त हुन्छ। पहिलेका बूढापाकाह भन्नुहुन्थ्यो – बिहार या मन्दिर बनाउने ठाउँमा सके धेरै नसके थोरै भए पनि दान दिनुपर्छ, नसके एउटा इँटा भए पनि बोक्नुपर्छ अथवा बनाउने ठाउँमा मद्दत गर्नुपर्छ। कारण, हाम्रो मृत्यु भएपछि पन्छीको योनिमा जन्म लिँदा त्यही इँटाको प्वालमा बस्न पाइन्छ। त्यसैकारण आफूले गर्न सकियो भने ठीकै छ र सकिएन भने खुसी मात्र हुनु। अरूले पुण्य गरेको देखेर खुसी हुन धेरै गाह्रो छ। डाह गर्नेहरू खुसी हुन सक्तैनन्। दान दिने र सहयोग गर्ने चित्त सबैमा हुँदैन।

अनि प्रत्येक बुद्धहरू दरबारबाट अर्कै ठाउँमा सहयोग माग्न जानुभयो। त्यस बेला बुनकर नाइकेकी श्रीमती कुनै कामले वाराणसी सहर मा गइरहेकी थिइन्। प्रत्येक बुद्धहरूलाई देखेर वन्दना गरी उनले कुशल बाचा गरेपछि प्रत्येक बुद्धहरूको इच्छा सबै सुनिन्। अनि ठूलो श्रद्धा उत्पन्न गरेर उनले भोलिका लागि हाम्रो भोजन स्वीकार गर्नुहोस् भनेर निमन्त्रणा गरिन्। प्रत्येक बुद्धले भन्नुभयो – "हामीहरू एक हजार छौं।"

"त्यसो भए हामीहरू तान बुन्नेहरू पनि हजार घर छौं, सबैले एक-एक बुद्धलाई दान दिन्छौ। हामी नै तपाईंहरूलाई बस्ने ठाउँ पनि बनाइदिनेछौँ।" – नाइकिनीले बिन्ती गरिन्। प्रत्येक बुद्धहरूले तिनको निमन्त्रणा स्वीकार गर्नुभयो।

ती नाइकिनीले बुद्धहरूलाई निमन्त्रणा गरिसकेपछि गाउँका हरेक घर मा पसेर 'मैले हजार प्रत्येक बुद्धहरूलाई निमन्त्रणा गरेर आइसकेँ, उहाँहरूलाई बस्ने ठाउँ र भोजनको जोरजाम गरिदेऊ' भनी घोषणा गरिन्। भोलिपल्ट सबैजना पाल्नुभयो। एकजना उपासक-उपासिकाले एकजना प्रत्येक बुद्धलाई भोजनदान दिन केही गाह्रो परेन। फेरि सबै उपासक-उपासिका मिलेर प्रार्थना गरे 'तीन महिना यही गाउँमा बसोबास गरिदिनुहोस्' भनेर। अनि उहाँहरूले पनि तीन महिनाका लागि त्यहाँ बस्न स्वीकार गर्नुभयो।

तर उहाँहरूलाई गाउँमा राख्न हजारवटा ठाउँ चाहियो। त्यहाँ ठूलो पर्ती जग्गा र जङ्गल थियो। त्यही याद गरी 'त्यहीँ एउटा-एउटा बनाइदिन्छौँ' भनेर उनले वचन दिइन्। फेरि गाउँमा गई आग्रह गरिन् – "ए बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरू हो! एक-एक घरबाट एक-एकजना पुरूष बसिला, आरा, खुर्पा, चक्कु आदि ज्यावल लिएर जङ्गलमा गई कुटी बनाउन चाहिने सामान ल्याइदिनोस् र आर्यहरूलाई बस्ने-सुत्ने ठाउँ बनाइदिनुस्।"



Downloaded from http://dhamma.digital/

उनीहरूले पनि मद्दत गरिदिए। अर्थात् उनको कुरा सुन्ने सबै गाउँले आएर एउटा-एउटा कुटी बनाइदिए र त्यहीँ तीन महिनासम्म बसाएर सेवा गरे। तीन महिना वर्षावासका लागि उनीहरू चतुर्प्रत्यय दाता बन्न पुगे। त्यही पुण्यले गर्दा सबैजना खुसी हुँदाहुँदै फेरि अर्को समयमा पनि एउटा बिहार बनाइदिए। त्यसमध्ये एकजनाले धेरै मूल्यवान्, त्यो बेला नै एक हजार मूल्य भएको, अनोजा फूलको रङ्ग भएको पछ्यौरा दान दिए अनि हरेक जन्ममा अनोजा फूलको जस्तो वासना आओस् र रङ्ग पनि त्यस्तै होस् भनी प्रार्थना गरे। अनोजा फूलको रङ्ग अलिअलि गुलाबी र अलिकति पहेँलो मिलेको जस्तो हुन्छ।

अरूको भलो गर्ने, अरू खुसी भए आफू खुसी हुने आदि जस्ता भए पनि एक दिन मर्नु नै पर्छ। मृत्युपछि नाइकेचाहिँ कुक्कुटवती भन्ने नगरको राजकुलमा जन्मी महाकप्पिन राजा भए। अरू साथीहरू सबै मन्त्रीहरूको कुलमा जन्मिए। नाइकेकी श्रीमतीचाहिँ मध्यदेशमा सागलनरका राजाको कुलमा अनोजा रङ्ग भएकी राजकुमारीका रूपमा जन्मिन्। अरू महिला साथीहरूको पनि मन्त्रीहरूको कुलमा नै जन्म भयो। बिस्तारै ठूलो भएपछि महाकप्पिन राजासँग अनोजा रङ्ग भएकी राजकुमारी अनोजादेवीको विवाह भयो। त्यस्तै मन्त्रीहरूको पनि विवाह भयो।

राजा र रानी एकदम धर्मात्मा भएका हुँदा आफूले हात्ती चढ्दा मन्त्रीहरूलाई पनि हात्तीबाट नै सवारी गराउँथे, जनताले खाएका छ कि छैनन् भनी हेर्थे। जनतालाई आफ्नै सन्तानसमान व्यवहार गर्ने खालका थिए। दरबारको व्यक्ति र बाहिरको मान्छे भनेर भेदभाव गर्दैनथे। जनताप्रति दया, माया, करूणा, मुदिता र उपेक्षा राख्थे। त्यति मात्र होइन, धर्मको उपदेश र धर्मको बाटो खोजिरहन्थे। त्यसो भएका कारणले कसैले धर्मसम्बन्धी या बुद्ध, धर्म र सङ्घसम्बन्धी केही भन्छन् कि या सुनाउँछन् कि भनेर आशा गरिरहन्थे।

एक दिन राजा घोडा चढेर हजार मन्त्रीहरूबाट घेरिई उद्यानमा गइरहेको बेलामा थाकेर आएका पाँच सयजना साहु-महाजनहरू नगरभित्र पसिरहेको देखे र भने – "उनीहरूले केही न केही नयाँ समाचार लिएर आएका होलान्, ल तिनीहरूलाई भित्र बोलाऊ।"

त्यसपछि कुशलवार्ता गरेपछि राजाले 'तपाईंहरू कहाँबाट आउनुभएको हो ?' भनेर सोध्दा व्यापारीहरूले 'हामीहरू श्रावस्तीबाट आएको हौँ' भनी जवाफ दिए। 'श्रावस्तीको केही नयाँ समाचार छ ?' भनेर सोद्धा 'भर्खर मात्र सम्यक् सम्बुद्ध आउनुभएको छ' भने। त्यो समाचार सुन्नेबित्तिकै राजाको शरीरको



Downloaded from http://dhamma.digital/

रौं ठूलो भएर आयो । भगवान्‌को छिटैभन्दा छिटै दर्शन गर्न मन लाग्यो । साथसाथै दरबार छोडेर प्रव्रजित जीवन बिताउन मन लाग्यो । अनि राजाले तिनै व्यापारीहरूलाई 'जहाँ भगवान् बुद्ध बस्नुभएको छ, त्यहाँसम्म सँगै जाऔँ' भनेर सँगै लगे । जाँदा बाटोमा कुरा भयो । 'अरू के-के उत्पन्न भएको छ ?' भनेर राजाले सोध्दा बुद्ध धर्म र सङ्घ उत्पन्न भएको कुरा बताए । राजाले ती व्यापारीहरूलाई १,२०,००० नगद दिए । अनि 'त्यो राज्यमा के बस्ने, भगवान् बुद्धकहाँ गएर प्रव्रजित हुन्छु' भनेर व्यापारीहरूलाई भने । महारानीलाई 'त्यहाँ भएको सम्पत्ति रानीलाई के गर्न मन लाग्छ त्यहीं गर्नु, राजा प्रव्रजित भएर निर्वाणसुख प्राप्त गर्न गए' भनेर सुनाइदिन अह्राए । अनि भगवान् बुद्धले पनि उहाँको चित्त चिनी त्यही दिन अरहन्त हुन्छ भन्ने थाहा पाएपछि बाटोमै गई भेट्नुभयो । उहाँले धर्मदेशना दिँदा राजाले श्रोतापत्ती मार्गफल प्राप्त गरे ।

उता व्यापारीहरूले दरबारमा गएर राजा भिक्षु भएको र धनसम्पत्ति केमा खर्च गर्न मन लाग्छ इच्छाअनुसार गर्नु रे भनेर समाचार सुनाए । बुद्धरत्न, धर्मरत्न र सङ्घरत्न उत्पन्न भएको कुरा सुन्दा महारानीको शरीरका पनि एक-एक रौं ठूला भएर मनमा आनन्द आयो । रानी खुसी भएर १,४०,००० नगद दिइन् । फेरि विचार गरिन् – 'यो सम्पत्ति केवल महाराजको मात्र दुःखको कारण होइन, मेरा लागि पनि दुःखको कारण हो । राजाले थुकेर जानुभएको खकारलाई कसले पिठ्यूँमा थापेर मुखले चाट्ला र ? मलाई सम्पत्तिको आवश्यकता छैन । म पनि शास्ताकहाँ गएर प्रव्रजित हुन्छु ।'

रानीले त्यसपछि मन्त्रीहरूका जहानलाई 'म प्रव्रजित हुन जाने भएँ, र ाजाचाहिँ प्रवजित हुन गइसक्नुभयो' भनेर सुनाइन् । मन्त्रीहरूको जहानले भने – "महारानी ! हामी पनि तपाईंसँगै गएर प्रव्रजित हुन्छौं । हामीलाई पनि सम्पत्तिको केही आवश्यकता छैन । सबैजना दरबार, घरबार छाडेर जान्छौं । संसारमा मार्गफलजस्तो अरू केही छैन । त्यसैकारण भौतिक सुख छाडेर भगवान् बुद्धसँग आध्यात्मिक सम्पत्ति लिन जान्छौं । हामी पनि तपाईंसँग जान्छौं ।"

रानीले 'त्यसो भए मसँग आऊ' भनी हजारवटा रथ निकाल्न लगाइन् र रथमा बसी तिनीहरूसँगै गइन् । एउटा ठूलो नदी आयो र रथ नदीबाट जान सकेन । रथ त्यहीँ छाडेर सबै हिँडेर गए । राजालगायत सबै मन्त्रीहरू भिक्षु बनेर श्रोतापन्न भइसकेका थिए । राजाको पोसाक र चिवरमा धेरै फरक थियो । टाउकोमा बाल नहुँदा र भएकोमा धेरै फरक थियो । झन् महिलाहरूको त रूप नै अलग थियो । राजपोसाक र गृहस्थ कपडामा राग बढी हुन्छ । गेरूवस्त्रमा झट्ट आँखा



Downloaded from http://dhamma.digital/

गाडिँदैन । बाल नभएका कारणले महारानीहरूलाई राजा र मन्त्रीहरूबाट भगवान् बुद्धले आफ्नो ऋद्धिबाट छोपेर राख्नुभयो । अनि महारानीसहित सबैले भगवान् बुद्धकहाँ गएर प्रार्थना गरे – "भगवान् शास्ता ! हामी सबै यहाँसम्म हिँडेर आयौँ । आफ्ना जहानहरूसँगै हामी पनि प्रव्रजित बन्छौँ भनी आएका हौँ । महाकप्पिन राजा पनि यहाँ आउने लक्ष्य लिई निस्कनुभएको थियो । यहाँ आइपुगेको हुनुपर्छ । उहाँहरू कहाँ हुनुहुन्छ ? कृपापूर्वक हामीलाई पनि देखाइदिनुहोस् ।"

भगवान् बुद्धले भन्नुभयो – "हे महारानी अनोजा ! तिनीहरूलाई तिमीहरू यहीँ बसेर दख्नेछौ ।"

त्यस्तो आज्ञा सुनेपछि तिनीहरू सबै हर्षित मनले त्यहीँ बसेर हामी स्वामीहरूको दर्शन गर्न पाउने भयौँ भन्न थाले। अनि भगवान् बुद्धले उनीहरूको आनुपूर्वी अथवा पहिलेको पुण्यसम्बन्धी वर्णन गर्नुभयो। धर्मदेशनाको अन्तमा अनोजा महारानी परिवारसहित श्रोतपत्ती फलमा पुग्न गइन्। त्यसै बेला भगवान् बुद्धले महारानीहरूलाई भिक्षुहरू देखाउनुभयो। त्यो बेला उनीहरू सबै अरहन्त भइसकेका थिए। अनि महारानी अनोजालगायत सबैले 'हामी सबै प्रव्रजित हुन्छौँ' भनेर प्रार्थना गरे। प्रव्रज्या मागेपछि शास्ताले भिक्षुणीकहाँ पठाइदिएर महारानीलगायत सबैलाई भिक्षुणी बनाइदिनुभयो। ध्यानभावनामा अध्ययन गर्दागर्दै सबै अरहन्त भए, दुःखबाट मुक्ति पाए। फेरि कसैले जन्म लिनु आवश्यक परेन।



Downloaded from http://dhamma.digital/

# सही धर्मको पहिचान

'धारयते इति धर्मः'। जसरी आगोको धर्म पोल्नु र बरफको धर्म शीतल गर्नु हो, त्यसरी नै मानवको धर्म कर्तव्यपालन गर्नु हो। प्राणीलाई चोट लाग्दा दुःख हुनु, घाउ हुनु, रगत आउनु यथार्थता हो भने मानिसले गर्नुपर्ने सम्पूर्ण उपचार, सेवा र कार्यहरूमध्ये सबैको हित हुने, कल्याण हुने, सुख हुने, शान्ति हुने कार्य र वचन नै सही धर्म या शुद्ध धर्म हो।

'धर्म भनेको आफ्नो जीवन जिउने कला हो।' अर्थात् आफू सुखपूर्वक बाँच्नु र अरूलाई पनि सुखसँग बाँच्न दिनु नै धर्मको सारतत्व हो। सबै प्राणी सुखसँग बाँच्न चाहन्छन्। तर हामीलाई थाहा छैन वास्तविक सुख के हो र त्यसलाई कसरी प्राप्त गर्न सकिन्छ! त्यसैले ठीकसँग बुझेर मात्र धर्मलाई राम्रोसँग पालना गरौं। धर्मको सारलाई बुझौं। सही रूपमा सारलाई बुझेमा त्यसलाई ग्रहण गर्न सक्छौं। हामी भित्रको सारतत्व छाडेर बोक्रामा नै अल्झिरहन्छौं। त्यसैलाई सार सम्झेर धर्म भन्न थाल्छौं। लामो परम्पराका कारणबाट धर्मको नाममा जुन थोत्रा बोक्रा बचेका छन्, तिनीहरूबाट अलग होऔं र शुद्ध धर्मको सार लाई ग्रहण गरौं। धर्मको सार नै मङ्गलदायक, उत्तम र सार्थक छ। केवल बोक्रा निरर्थक र हानिकारक छन्। सार प्राप्त भएमा साँच्चिकै सुख प्राप्त हुन्छ।

मानिसले किन यस्ता कुरा बुझ्न सकेका छैनन् कि मानिसले गर्ने कुनै पनि धर्ममा कसैलाई मार्नु पाप हो। यो धर्म होइन। हाम्रो नेपालमा धर्मको नाममा पञ्चबलि दिने प्रथा रहेको छ। अहिलेसम्म पनि हरेक पाँच वर्षमा २०-२१ हजार जनावरहरूको बलि दिँदै आएका छन् बाराको गढीमाई भन्ने ठाउँमा। यसलाई मानिसहरूले धर्मका रूपमा लिन्छन् र बलि दिन्छन्। जनावरहरूलाई मारेर स्वर्ग पठाउने भनेर देवताका अगाडि पशुको भोग दिने गर्छन्। यो कस्तो धर्म होला? अर्काको प्राण हरण गर्नु नै धर्म हुन्छ भने पाप खोई त? पशुलाई स्वर्ग पठाउने हो भने पशुलाई किन पठाउने, आफू नै गए राम्रो होला नि! अरूको ज्यान लिएर आफ्नो इच्छा पूरा हुन्छ भन्ने मान्छेको अन्धविश्वास रहेको छ। ती जनावरहरूले हाम्रा लागि केही नराम्रो गरेका छैनन्, त्यत्तिकै मानिसहरू आफ्नो भाकल पूरा गर्न तिनीहरूको निर्मम हत्या गरी देवताहरूलाई रगत चढाएर त्यहाँको वातावरण



Downloaded from http://dhamma.digital/

दूषित पार्छन् । त्यसरी मारकाट गरेको जनावरको मासु खाएर आफ्नो र परिवारको पेट भर्छन् । तर त्यस जनावरको परिवारलाई कस्तो होला भनेरचाहिँ सोच्तैनन् ।

हामी मानवहरूमध्ये कसैमा अर्को व्यक्तिप्रति दया, करूणा, मुदिता र उपेक्षा छ भने त्यस व्यक्तिले हतार परेको बेलामा अर्कालाई उपचार गर्ने ठाउँमा लान्छ र उपचार गराउँछ। चाहे त्यो व्यक्ति चिनेको होस् या नचिनेको होस् । जस्तोसुकै व्यक्तिलाई पनि मद्दत गर्न जान्छ। त्यसरी लाने व्यक्तिलाई देवताका रूपमा पनि मानिन्छ। अचानक बिरामीलाई सक्दो सहयोग गरिन्छ। अब भन्नुहोस् त, कुनै देवताले कसैको ज्यान लिएर रगत खान्छ ? हामी त दुःख परेको बेलामा सहयोग गर्ने व्यक्तिलाई देवता मान्छौं । कसैलाई बलि दिँदैमा देवता हुँदैन । अर्काको परिवार बिगार्ने, धनसम्पत्ति चोर्ने, भए-नभएका कुरा लगाई झैझगडा गराउने व्यक्ति त राक्षसका रूपमा चिनिन्छ ।

पहिल्यैदेखि हाम्रो देश नेपालमा धर्मका नाममा विभिन्न देवीदेवतालाई पूजा गर्ने प्रचलन चलिरहेको छ। जातीय संस्कृतिअनुसार हरेक ठाउँमा भिन्नता रहिआएको छ। कसैले यो आफ्नो धर्म हो भनी अपनाउँछ भने कसैले सेवा नै धर्म हो भन्छन्। यस संसारमा पूजा गर्ने व्यक्ति धार्मिक र पूजा नगर्ने व्यक्ति अधार्मिक हुन् त ? यस संसारमा देवीदेवताको अस्तित्व छ कि छैन ? देवीदेवताको र मानिसको सम्बन्ध कस्तो रहिआएको छ ? मानिसका हरेक सुखदुःखमा देवीदेवताको हात छ कि छैन ? यस्ता विभिन्न प्रश्नहरूमा चर्चा-परिचर्चाहरू हुने गर्छन्। यी प्रश्नहरूका उत्तर पनि आआफ्नै अध्ययन र अनुभवले बुझेर जान्नुपर्ने हुन्छ।

मैले विश्वभ्रमणका रूपमा २८ वटा राष्ट्र घुमिसकें तर हाम्रो नेपालमा जस्तो देवीदेवताका नाममा बलि दिने चलन अरू कुनै पनि राष्ट्रमा देखेकी र सुनेकी छैन ।

हाम्रो देश नेपाल सुन्दर, शान्त, विशाल छ । शान्तिका अग्रदूत अर्थात् शान्तिका नायक भगवान् बुद्ध (सिद्धार्थ) सन्को ५६३ वषपूर्व मनुष्य भएर जन्मिनुभयो । सिद्धार्थ गौतम (बुद्ध) १६ वर्षका हुँदा देवदहको सुप्रबुद्धकी छोरी यशोधरासँग उहाँको विवाह भयो। उहाँले २९ वर्षको उमेरमा आफ्नो सम्पूर्ण राज्यलाई त्यागनुभयो र ३५ वर्षको उमेरमा बोधिज्ञान प्राप्त गर्नुभयो। यसरी मनुष्यलोकमा जन्मिनुभएका गौतम बुद्धलाई पनि हामीले देवता भनेर पूजा गर्ने चलन छ। भगवान् बुद्धले सम्पूर्ण ज्ञानलाई यथार्थ बुझ्नुभयो। सम्पूर्ण ज्ञानले परिपूर्ण भएका अति उत्तम मनुष्य महामानव गौतम बुद्ध हुनुहुन्थ्यो। उहाँ देवता होइन। उहाँलाई कोही कसैको बलि पनि चढाउनुपर्दैन। उहाँको उपदेशमा संसारलाई हिंसा नगर्नु



Downloaded from http://dhamma.digital/

भनिएको छ। यस्ता महान् पुरूषको जन्म भएको राष्ट्र कस्तो शान्त होला त भन्ने सोचिन्छ। नेपाल शान्तिको देश भनी प्रचलित छ, तर यहीँ मारकाट पनि बढी नै छ। कसैलाई केही भयो भनेर देवीदेवताका नाममा अर्काको (जनावर) ज्यान नै हरण गरी आफ्नो ज्यान बचाउनु नै हो हिंसा गर्नु। यसरी परम्परादेखि चल्दै आएको नियमलाई निरन्तरता दिने निहुँमा बलि चढाई सांस्कृतिक सम्पदा जोगाउनुपर्छ भन्ने चलन अहिलेसम्म पनि चलिआएकै छ।

परम्परादेखि चल्दै आएको चलनको कुरा गर्दा केही कुरा म सम्झन्छु। म सानी छँदाको कुरो हो। मेरा बाजेले भन्नुभएको थियो। मेरा बाजेहरूका पालामा आफ्नो थरका अगाडि नेवारीमा भक्कु राखिन्थ्यो। भक्कु राख्नुको एउटा कारण थियो। पहिले-पहिले श्राद्ध गर्दा बिरालो बाँधेर श्राद्ध गर्ने प्रचलन थियो। किनभने श्राद्ध गर्ने बेलामा बिरालोले दही र दूध खाएर दुःख दिने गर्थ्यो। बिरालोले दूध र दही नखाओस्, दुःख नदेओस् भनेर बिरालोलाई बाँधेर श्राद्ध गर्ने गरेको छोराछोरी र स-साना नातिनातिनाहरूले देखेका थिए। त्यसै बेलादेखि बाजेहरू बित्नुहुँदा पनि छोराहरूले बिरालोलाई डोकोभित्र हालेर श्राद्ध गरे। बिरालो घरमा पाइएन भने जहाँबाट भए पनि खोजेर ल्याई श्राद्ध गर्ने बेलामा बिरालोलाई छोपेर राख्ने गर्न थालियो। बिरालोलाई नेवारी भाषामा भौ भनिन्छ, अनि छोपिराख्नुलाई कुनावेगु भन्दछन्। ती दुवै शब्द जोडिएर भौकु हुन पुग्यो। अहिले भाषामा परिवर्तन हुँदा-हुँदा भक्कु भन्न थालियो।

मलाई कतिसम्म स्पष्ट भयो भने बलि दिने प्रथा पनि पहिल्यैदेखि आएको भएर नै प्रचलनमा रहेको हुनुपर्छ र धेरैजनामा यो अन्धविश्वास रहिआएको हुनुपर्छ। कोही-कोहीमा जनावरको भोग देवीदेवतालाई दिँदा आफ्ना सबै मनोकामना पूरा हुन्छन् भन्ने भ्रम रहिआएको छ।

अन्तमा, कसैको ज्यान लिएर, कसैको परिवारलाई बिगारेर, आफ्नो परिवार बचाउन अर्काको हत्या गरेर आफ्नो इच्छा पूरा हुँदैन। त्यसका लागि त हामी आफैँले दीनदुःखीमाथि दया र करूणा गर्नुपर्छ। त्यही नै धर्म हो। अरूको सेवासत्कार गर्नु नै धर्म हो।


Downloaded from http://dhamma.digital/

# बुद्धि परिपक्व हुने आठवटा गुण

हामीहरू जन्म हुनेबित्तिकै सबैजना विद्वान् हुन सक्तैनौं । कसैले त भन्छन्, 'हुने बिरूवाको चिल्लो पात ।' चिल्लो पात भएको सबै यही जन्ममा आएर होइन । चिल्लो पात हुनका लागि राम्रो बिउ चाहियो । राम्रो माटो, पानी, हावा र रोप्न जान्ने व्यक्ति चाहिन्छ । त्यसै चिल्लो पात हुन सक्तैन ।

१) बिउ भनेर पहिले गरिआएको कुशल कर्म, दान-प्रदान र त्यागभावनालाई भन्दछन् । विनापुण्यको चिल्लो पात हुन सक्ने छैन । आफूले त्याग गर्ने बेलामा कन्जुस भइरहन्छन्, पछि अर्काको घर ठूलो भएको देखेपछि डाहा गरेर हुन्छ ? धनी हुनका लागि चारवटा कुरा चाहिन्छन् । ती हुन् –

(१) पहिलेको दानरूपी बिउ अथवा पुण्य । आफूसँग खेत छ तर अल्छी भएर असारको समयमा रोपाइँ गरिएन भने मङ्सिरमा कहाँ धान काट्न जाने ? अरूले धान काटे भनेर डाहा गरेर हुन्छ ? त्यसैकारण दानरूपी पुण्यरूपी कुशल कर्म बिउ चाहिन्छ ।

२) राम्रा-राम्रा विद्वान्जनको सङ्गत गर्नुपर्छ । आफूलाई पनि अरूलाई पनि भलो चाहने व्यक्तिसँग सङ्गत गर्नुपर्छ । उहाँहरूको कुरा सुन्नुपर्छ ।

३) अल्छी मान्नु हुँदैन । काम गर्ने बेलामा दिन र रात भन्नु हुँदैन । मिहिनेत गर्नुपर्छ । धेरै चिसो छ, धेरै गर्मी छ, भर्खर मात्र खाएको भएको हुनाले या फुपू आउनुभएको छ अथवा भोक लागिरहेको छ भनेर अल्छी मान्नु हुँदैन । जुन व्यक्ति अल्छी हुन्छ, त्यो व्यक्ति धनी हुन सक्तैन । श्रम गरेर मात्र पारिश्रमिक पाउने संस्कार बसाउनुपर्दछ ।

४) अर्को, राम्रो बुद्धि हुनुपर्दछ । यो काम गर्दा फाइदा हुन्छ या हुँदैन, अर्काको सम्पत्ति लुटेर खाएको र आफूले पसिना बगाएर कमाउने कुनचाहिँ राम्रो हुन्छ भनी राम्रो र नराम्रो छुट्याउन सक्ने क्षमता हुनुपर्छ । अर्कालाई मारेर ल्याएको सम्पत्ति राम्रो हुँदैन, धेरै टिक्तैन र आफूले कमाएको सम्पत्ति कसैले छुन सक्ने छैन भनेर राम्रो बुद्धि पुऱ्याउनुपर्दछ । तिम्रो कान कागले लिएर गयो भन्दा कागसँगै भाग्ने होइन, आफ्नो कान छामेर हेर्ने बुद्धि हुनुपर्छ । अर्काको कुरामा लैलै नजाने, पहिले फाइदा-बेफाइदा हेर्ने र राम्रो चीजलाई केलाउने बुद्धि हुनुपर्दछ ।



Downloaded from http://dhamma.digital/

यी चारवटा ज्ञान-बुद्धि भयो भने धनी हुनका लागि केही समय पनि पर्खनुपर्ने छैन । यस्तो ज्ञान-बुद्धि भनेको आयु बढ्दा आउने मात्र हो । सानो बच्चाको सोच्ने क्षमता हुनै सक्तैन । त्यसैकारण हामीहरूले साना बच्चाहरूलाई यो बच्चाको बुद्धि नै छैन भन्नु नै गलत छ। आयु बढ्दा बुद्धि पनि सँगसँगै विकास भएर आउनेछ ।

५) यश, कीर्ति फैलिँदा पनि बुद्धि परिपक्व भएर आउनेछ। कारण राम्रो काम र राम्रो सङ्गत भएन भने यश, कीर्ति फैलेर जाँदैन । यश, कीर्ति फैलनका लागि राम्रो काम र सहयोग गर्नुपर्छ। कसैलाई मर्का परेको बेलामा, दुःख भएको समयमा आफ्नै सम्झेर मद्दत गर्नुभयो भने यश, कीर्ति फैलेर जानेछ। यसो गर्न हुन्छ, उसो गर्न हुँदैन भन्ने बुद्धि हुन्छ। राम्रोलाई राम्रो सम्झनु र नराम्रोलाई नराम्रो सम्झनु नै बुद्धिको कुरा हो । विना राम्रो काम यश, कीर्ति फैलेर जाँदैन । त्यसैकारण यश, कीर्ति फैलेर जाँदा बुद्धि पनि परिपक्व भएर आउनेछ । यो प्रकृतिको नियम नै हो ।

६) बराबर प्रश्न-उत्तर गर्न जान्यो भने पनि बुद्धि परिपक्व हुन्छ, या आफूसँग शङ्का लागेको कुरालाई सोध्न जान्यो भने । अर्काको सम्पत्ति अथवा अरूलाई मद्दत गर्दा के हुन्छ भनेर शङ्का निवारण गर्न जान्यो भने झन्-झन् बुद्धि विकसित भएर आउनेछ। राम्रो र नराम्रो छुट्याउन जान्यो भने बुद्धि विकास भएको हो । विनाबुद्धिले प्रश्न-उत्तरको समाधान गर्न सक्ने छैन । केही मनमा शङ्का हुनेबित्तिकै सोध्न सक्यो भने यसो गर्न हुँदैन, उसो गर्न हुँदैन भनेर थाहा पाउने क्षमता हुन्छ। कसैबाट कुरा सुन्दा, कसैको प्रवचन अथवा उपदेश सुनेर आउँदा, आफूलाई शङ्का भएको कुरा आफूभन्दा जान्ने र अनुभव भएकोसँग प्रश्न गर्दा त्यसको उत्तर पाइनेछ। विनाबोली आवाज नै आउने छैन । त्यसैकारण घन्टी बजाउनुपर्छ। ठाउँ, समय हेर अनि अवश्य पनि आवाज आउनेछ। त्यसैकारण बराबर प्रश्न गर्नु अथवा छलफल गर्नु अत्यन्त आवश्यक छ। त्यस्तो गर्न जान्यो भने धेरै नै बुद्धि परिपक्व भएर आउनेछ ।

४) गुरूहरूको साथमा बस्ता पनि बुद्धि वृद्धि हुन्छ। राम्रा गुरूहरूले राम्रै सिकाउनुहुन्छ। चेलाहरू नराम्रो बाटोमा जान खोज्दा त्यसबाट वञ्चित गराएर राम्रो बाटोमा पठाइदिनुहुन्छ। चेलाचेलीमा भन्दा गुरूहरूमा धेरै नै अनुभव भइरहेको हुन्छ। नत्र गुरू नै बन्ने शक्ति हुँदैन, क्षमता हुँदैन । रामो बाटो देखाउने क्षमता भएको र राम्रो शिक्षा दिनेलाई नै गुरू भन्नुपर्छ। गुरू भएको काम कहिल्यै पनि नराम्रो हुन सक्ने छैन। त्यसैकारण गुरूहरूसँग बस्ता झन् बुद्धि परिपक्व भएर आउनेछ ।



Downloaded from http://dhamma.digital/

५) आफूले नै राम्रो-राम्रो विचार गर्दा बुद्धि विकास हुन्छ । पहिले सुन्नुपर्छ । सुनमय ज्ञानविना सुत्तमय ज्ञान हुँदैन । सुन्दैन भने कसरी कल्पना गर्दछ ? राम्रो विचार गर्नका लागि सुन्नु अत्यन्त आवश्यक छ । अनि त्यसलाई लिएर राम्रो र नराम्रो विचार गर्नुपर्छ । हाम्रो नेपाल झन्-झन् बिग्रेर गएको कारण विचार गर्न नसकेर हो । राम्रो र नराम्रो छुट्याउने क्षमता नभएर हो । एकजनाले भनेको कुरालाई लिएर भेडाजस्तो भएको कारणले गर्दा देश झन्-झन् बिग्रिएर गएको छ । आफ्ना छोराछोरी मरेका भए, आफ्नो धनसम्पत्ति नाश भएको भए, आफ्नो मोटर जलाएको भए कस्तो दुःख हुन्छ ! अर्काको नाश भएको आफूलाई दुःख हुँदैन । त्यो दुःख मलाई भएको भए कस्तो दुःख हुन्छ भनेर विचार गरेको भए, आफूलाई घाउ भएको अवस्था कस्तो दुख्छ तर अरूलाई पनि त्यत्तिकै दुख्छ भनेर विचार गरेको भए हुन्थ्यो । अर्काले मिहिनेत गरेर बनाएको सम्पत्ति देखेर डाहा गराउनेहरूले नै नाश गराइदिने हो । मेरो छैन, मैले पनि त्यसै गरी मिहिनेत गरेर बनाउनुपर्छ भनेर राम्रो विचार गर्दा कसैको धनसम्पत्तिलाई नाश गराइदिनै पर्दैन । त्यसैकारण राम्रो विचार गर्दा बुद्धि परिपक्व हुनेछ ।

६) राम्रो मानिस र साथीहरूसँग सत्सङ्गत गर्दा पनि बुद्धि परिपक्व भएर आउँछ । राम्रो व्यक्ति र राम्रो साथीले कहिल्यै पनि नराम्रो विचार दिने छैन । राम्रो व्यक्तिले आफू मरेर जान्छ, तर अरूलाई बिगार्ने छैन । उसले थाहा पाएको हुन्छ अरूलाई बिगारिन्छ भने आफू पनि बिग्रिन्छ । यस्तो कुरा राम्रो साथीले मात्र थाहा पाउँछ । साथीहरू पनि चार किसिमका छन्, जो यस प्रकारका छन् –

१) आफ्नो पनि, अरूको पनि भलो चाहने ।

२) आफूलाई वास्ता नगरी अरूको मात्र भलो चाहने ।

३) आफ्नो मात्र भलो चाहने, अरूको मतलब नराख्ने ।

४) अरूलाई दुःख-कष्ट दिने, मुखले ठिक्क पारेर बिगार्ने ।

यसमध्ये सबभन्दा राम्रो साथी या आफ्नो पनि र अरूको पनि भलो चाहनेसँग मात्र सत्सङ्गत गर्दा बुद्धि परिपक्व भएर आउनेछ ।

६) आफ्नो मनमा मैत्री, करूणा, मुदिता र उपेक्षा भएमा बुद्धि विकास हुन्छ । मैत्री पनि सानैदेखि हुने हो । भनौं, सबै नर्स र डाक्टर बनाउने आफ्नो मैत्री र शक्ति हुन्छ । कोही-कोही त लोभी पनि छन्, नभएका होइनन् । जुन व्यक्तिमा मैत्री, करूणा हुन्छ, त्यसलाई सबै प्राणीले माया गर्छन् । सबैको माया पाउँदा बुद्धि हुन्छ । आफूसमान व्यवहार अत्यन्त आवश्यक छ । विनामैत्रीले शान्ति पाउने छैन । क्रोधले कहिल्यै पनि बुद्धिको विकास हुन सक्ने छैन । मैत्री भावना अर्थात् अरूको



Downloaded from http://dhamma.digital/

मात्र भलो चितायो भने आफ्नो पनि भलो हुन्छ। शत्रुको भय हुँदैन। कारण कोही प्राणीलाई केही आपत्ति आयो भने दया राखी, करूणा राखी उपकार गरिदिने, मुदिता भयो भने कसैको उन्नति भएको देखेर खुसी हुने, आफ्नो त भइहाल्यो, अरूको केही विकास वा उन्नति हुँदा हर्षित हुने, खुसी हुने, डाहा नगर्ने, त्यसो भयो भने बुद्धि परिपक्व हुन्छ। अर्काको विकास भएको देखेर डाहा हुने, जलेस हुनेहरूको कहिल्यै पनि बुद्धिको विकास हुन सक्ने छैन। उनीहरूको बुद्धि झन्-झन् खिया परेको हुन्छ। भएको बुद्धि नाश भएर जान्छ। त्यसैकारण मानवताको मैत्री अत्यन्त आवश्यक छ। आफ्नै बुद्धि विकास हुन्छ। सबैले मन पराउने हुन्छ। यो जीवनमा पनि खुसी र शान्ति पाइन्छ।

८) भगवान् बुद्धले प्रतिपादन गर्नुभएका ३८ वटा मङ्गलसूत्रमा भन्नुभएझैं आफूलाई योग्य र मिलेको ठाउँमा बास बस्न सक्यो भने पनि बुद्धिको विकास हुन्छ। कारण अयोग्य अथवा नमिलेको ठाउँमा जहिले पनि हानि मात्र हुनेछ। कराउने मूर्खहरू भएको ठाउँमा बास गर्दा केही गर्न सकिने छैन। वातावरण, टोलका मानिसहरूसँग दयामाया, धर्मको आस्था भएका र मिल्ने व्यक्तिहरू भएको ठाउँमा बस्ता मनमा आनन्द र शान्ति पाइन्छ। आफूले चाहेको अनुसार देशविकास गर्ने शक्ति हुन्छ। मूर्ख, जँड्याहा, झैझगडा मात्र गर्नेहरू बसेको ठाउँमा भए हामीसँग जति बुद्धि भए तापनि काम चल्ने छैन। त्यसैकारण पायक परेको ठाउँमा बस्ता बुद्धि परिपक्व हुनेछ। आफूले जुन विकास गर्न इच्छा भएको थियो, त्यो सबै पूरा गर्न सकिन्छ। आफूले इच्छाअनुसार काम गर्न पाइयो भने बुद्धिको विकास भइहाल्यो।

भगवान् बुद्धले भन्नुभएको थियो कि हामी जन्मँदा बुद्धिको विकास भएर आउने होइन। यी आठवटा कुरालाई चलायो भने धेरै नै बुद्धि परिपक्व हुनेछ। भगवान् बुद्ध स्वयम्ले अनुभव गरेर भन्नुभएको थियो। हामीहरूलाई बुद्धि अत्यन्त आवश्यक छ। विनाबुद्धिले केही पनि काम गर्न सकिने छैन। हामीहरूलाई बुद्धि अत्यन्त आवश्यक छ। राम्रो-नराम्रो गर्नका लागि नै बुद्धि चाहिन्छ। बुद्धि बिग्रिनाले त नराम्रोलाई राम्रो र राम्रोलाई नराम्रो ठानेर देश ध्वस्त पारेर मारपिट गरिरहेका छन्। राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो भन्नुपर्छ। बुद्धि हुनु अत्यन्त आवश्यक छ। त्यसैकारण दया, माया, करूणा भएपछि बुद्धि परिपक्व भएर आउँछ।



Downloaded from http://dhamma.digital/

# मैत्रीपूर्ण शुभेच्छा

भगवान् गौतम बुद्धले जुन सम्यक् सम्बोधी ज्ञान प्राप्त गर्नुभएर बहुजनहिताय बहुजनसुखाय उपदेश फैलाउनुभयो र मानवलगायत सम्पूर्ण प्राणीहरूको कल्याणार्थ दुःखकष्टरूपी मारलाई जितेर बोध गर्नुभयो, सो यथार्थ र सम्पूर्ण सत्यज्ञानलाई म मेरो हृदयदेखि वन्दना गर्दछु ।

भगवान् बुद्धद्वारा उपदेशित कल्याणार्थ ज्ञान उहाँका अग्रज शिष्यहरूमार्फत् आजसम्म हामीले हाम्रा पूज्य गुरूहरूबाट परम्परागत मानवकल्याण हुने ध्यानविधिलाई सिक्ने र अभ्यास गर्ने अवसर पाइरहेका छौं । सो सम्पूर्ण प्राणीहरूको कल्याण हुने मानवधर्म र ध्यानभावनाविधिलाई जीवित राखी रक्षा गर्नुहुने सम्पूर्ण गुरूजनहरूलाई मेरो कृतज्ञता चढाउँदै वन्दना गर्दछु ।

सुलक्षण कीर्तिविहार निर्माणको सुरूको अवस्थामा मलाई भोजन इत्यादि मद्दत गर्नुहुने सम्पूर्ण दाता, उपासक, उपासिकाहरूप्रति मङ्गल सुस्वास्थ्य र दीर्घायुको कामना गर्दछु ।

यो ठाउँवरपर बस्नुहुने सम्पूर्ण छिमेकी वर्गहरूप्रति मङ्गल होस्, जय होस्, सधैं राम्रो इच्छा पूरा होस् भन्दै सुस्वास्थ्य र दीर्घायुको कामना गर्दछु ।

विहारमा चाहिने आधारभूत ओढ्ने-ओछ्याउने, पलङ, कोठा, हल इत्यादि आवश्यक भौतिक सामग्रीहरू दान दिने सम्पूर्ण दाता, उपासक, उपासिकाहरूलाई म मङ्गल कामना गर्छु, राम्रा-राम्रा इच्छा सम्पूर्ण पूरा होस्, सुस्वास्थ्य र दीर्घायुको कामना गर्दछु ।

सुलक्षण कीर्तिविहारवरिवरि बस्ने मानवलगायत देख्न सक्ने, देख्न नसक्ने भूतप्रेत, पिशाचहरूलगायत सम्पूर्ण प्राणीहरूलाई मङ्गल र सुखशान्तिको कामना गर्दछु ।

यो विहारलाई आफ्नो ठानेर सेवा गर्नेहरू अनि बन्धुले गर्नुपर्ने कर्तव्य गरेर सहयोग गर्नुहुने दाताहरू, विश्वासी, विश्वासको पात्र बनेर, सुतेर, खाना बनाएर इत्यादि सहयोग गर्नुहुने सम्पूर्ण उपासक, उपासिका, दाताहरूप्रति मेरो कृतज्ञता व्यक्त गर्दै उहाँहरूको मङ्गल, सुस्वास्थ्य, सुख, शान्ति र दीर्घायुको कामना गर्दछु ।



Downloaded from http://dhamma.digital/

यस विहारस्थित ठाउँमा रहने सम्पूर्ण दृश्य-अदृश्य प्राणीहरूलाई मङ्गल होस्, जय होस्, सबैले चाँडै मुक्ति पाऊन् ।

सुलक्षण कीर्तिविहारनजिक बगिरहेको खोलामा रहने जलप्राणीहरू, जङ्गलमा रहने प्राणीहरू, जमिनमा रहने प्राणीहरू, आकाशमा रहने प्राणीहरू, हावामा रहने पक्षीहरू, सम्पूर्ण प्राणीहरूलाई मङ्गल होस्, सुखशान्ति होस् ।

यो संसारमा रहने जीवित सम्पूर्ण प्राणीहरू, मानवलगायत पशुपक्षीहरू, नरनारी, वृद्ध, केटाकेटी, बालबच्चाहरू, दृश्य-अदृश्य प्राणीहरू, नर्क, प्रेत र असुर चार अपाय दुर्गतिमा रहने सम्पूर्ण प्राणीहरूलाई मङ्गल होस्, कल्याण होस्, जयजय होस् ।

भवतु सब्ब मङ्गलम् ।

जम्मो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# अर्काको भनाइमा जानु हुँदैन, हो-होइन हेर्नुपर्छ

भगवान् बुद्धको उपदेशअनुसार पहिले सुन्नुपर्छ। जसले जे भने पनि अथवा प्रवचन भए पनि, कुराकानी भए पनि पहिले सुन्नुपर्छ। कान लगाएर, ध्यान दिएर सुन्नुपर्छ। कान र ध्यान दिइएन भने अर्थको अनर्थ हुन जान्छ। राम्रो भनेको नराम्रो हुन जान्छ र नराम्रो भनेको राम्रो हुन जान्छ। त्यसैकारण पहिले सुन्नु अत्यन्त आवश्यक छ।

त्यसपछि ठीक-बेठीक विचार गर्नुपर्छ। त्यसले भनेको ठिकै छ या राम्रो छ, गुरूले, आमाबाबुले, साथीभाइहरूले, श्रीमान्-श्रीमतीले, छोराले भनेको कुरा ठीक छ या छैन, त्यसमा ध्यान पुऱ्याउनु अत्यन्त आवश्यक छ। गुरूजनले, श्रीमान्-श्रीमतीले भनेको हो भनेर स्वीकार्नँ हुँदैन। आफूलाई र अरूलाई पनि फाइदा हुने हो भने स्वीकार्नु अति आवश्यक छ।

त्यसपछि मात्र उपयोग गर्नुपर्छ। अथवा काम गर्नुपर्छ। मिहिनेत गर्नुपर्छ भने मिहिनेत नै गर्नुपर्छ। सहनुपर्छ भने ठाउँ हेरी सहनुपर्छ। धनी बन्नका लागि चारवटा मिहिनेत अत्यन्त आवश्यक छन्। ती हुन् –

१) वीज हुनुपर्छ, पहिलेको पुण्यबाट आएको फल।

२) राम्रो सङ्गत गर्नुपर्छ, जथाभावी गर्न हुँदैन।

३) मिहिनेत गर्नुपर्छ, विनामिहिनेत केही पाइँदैन।

४) बुद्धि राम्रो हुनुपर्छ। आफ्नो विचार-बुद्धि भएन भने खाल्डोमा फसिन्छ। त्यसैकारण हो-होइन विचार गर्नुपर्छ।

त्यस बेला पश्चिम दिशामा समुद्रको छेउमा बेल र तालको वृक्ष थियो। त्यहाँ एउटा खरायो बस्ने गर्थ्यो। एक दिन खरायो तालवृक्षको फेदमा बसेर कल्पना गरिरहेको थियो। यो महापृथ्वी पल्टिएमा म कहाँ जाने होला भनेर कल्पना गरिरहेको समयमा कहाँकहाँबाट एउटा पाकेको बेल तालपत्रमा ढ्वाङ्ग आवाज आउने गरी खस्यो। हाम्रो उपमा छ नि, काग वृक्षमा अथवा रूखमा बस्ने समय र रूख ढल्ने समय भनेजस्तै खरायोको कल्पना र बेल खसेको समय एउटै भएको थियो। अनि खरायोले पृथ्वी पल्ट्यो भन्ने ठानेर पछाडि नै नफर्कीकन



Downloaded from http://dhamma.digital/

मृत्युको भयले भयभीत भई वेगपूर्वक दगुर्दै भाग्यो। ऊ भागिरहेको अर्को खरायोले देखेर सोध्यो – 'के भयो साथी ? किन हो ? के भयो ? तिमी त अति नै डराउँदै वेग गतिमा भाग्दै गरेका छौ नि ?' अनि डराएको खरायोले जवाफ दियो – 'नसोध साथी।' 'किन ? के भयो ?' भन्दै अर्को पनि उसको पछिपछि लाग्यो। अनि जाँदाजाँदै जवाफ दियो – 'यो पृथ्वी पल्ट्यो।' अनि ऊ पनि उसको पछिपछि लागेर भाग्यो। पछाडि नहेरीकन नै एकएक गर्दागर्दै एक हजार खरायोहरू भागिरहे। खरायोहरू भागिरहेको मृगले देख्यो। मृग पनि 'केही भयो होला, नत्र किन भाग्थे' भनेर विचारै नगरीकन पछिपछि भाग्यो। मृगहरू भागिरहेको सुँगुरले देखेर सँगसँगै भाग्दै गयो। यसरी नै नीलगाई, गोरू, गैंडा, बाघ, जङ्गलका जनावरहरू र हात्तीसमेत डराएर भागिरहे। एक योजन (आठ माइल) सम्म तिनीहरू गएका थिए। यसरी बथान-बथान भागिरहेको सिंहले देखेर सोध्यो – 'किन यसरी जन्तुहरू भागिरहेका ?' कसैले जवाफ दियो – 'यो पृथ्वी पल्टियो। मृत्युदेखि भागेका।' यस्तो कुरा सुन्दा सिंहले विचार गरेर भन्यो – 'पृथ्वी त कहिल्यै पनि पल्टिने छैन। खाली यो भ्रम मात्र हो। यिनीहरूलाई कसैले केही भनेको र सुनाएको मात्र हुन सक्छ। यसरी भागेर कति दिन कति रात जाने त ? कति दुःख भोग्नुपर्ने होला ! कस्ता मूर्खहरू ! पृथ्वी पनि पल्टिन्छ त ? यिनीहरूले भयले गर्दा धेरै दुःख पाउने भए। मैले नै केही उपाय गर्नुपर्‍यो।' यिनीहरूको जीवनरक्षा गरि दिनेछु, जीवनदान दिनेछु भन्ने विचार गरीकन छिटो-छिटो दगुर्दै गएर नजिकैको पहाडमा बसी जोरसँग तीनपटक सिंहनाद (गर्ज्यो) गर्‍यो। सिंह गर्जंदा सबैले सुने।

सिंह भनेको जङ्गलका जनावरहरूको राजा हो भन्छन्। उसका कुरा सुन्नुपर्छ। त्यसैकारण सारनाथ मृगदावनमा चारैतर्फ सिंहको सालिक राखेको हो। कारण, भगवान् बुद्धले पनि कसैसँग नडराईकन धर्मको उपदेश दिनुभएको स्मरणमा त्यो चिह्न राखेको थियो। सर्वप्रथम भगवान् बुद्धले सारनाथमा नै पाँचजना भिक्षुहरूलाई उपदेश दिनुभएको हो। त्यस बेला बुद्ध सिंहले जस्तो गर्जेको भनेर सिंहको सालिक अहिले पनि छ। साथै भारतको पैसामा पनि सिंहको छाप तस्बिर छ। पहिले सिंहनाद गरेको जस्तै उहाँले उपदेश दिनुभएको थियो।

पहाडमा गएर गर्जिंदा सबै जनावरहरू त्यहीं जम्मा भए। सिंह बोधिसत्व थियो। बाधिसत्वको चित्त सधैं अरूको भलो गराउने विचारको हुन्छ। प्राणीहरूप्रति दया, करूणा, माया, ममता हुन्छ। अरूको कुभलो कहिल्यै पनि चाहँदैन। अरूलाई दुःख दिन चाहँदैन। त्यसैकारण सिंहले तिनीहरूको नजिक गएर सोध्यो – 'तिमीहरू किन भागेका ?' उनीहरूले जवाफ दिए – 'पृथ्वी पल्टिएकाले।' त्यसपछि सिंहले सोध्यो – 'पृथ्वी पल्टेको कसले देख्यो ?' 'हात्तीले देख्यो।'



Downloaded from http://dhamma.digital/

हात्तीसँग सोद्धा 'मैले देखेको होइन, बाघले देखेको' भन्यो । बाघले पनि मैले देखेको होइन भन्यो। यसरी नै उसले उसलाई गर्दागर्दै अन्तिममा खरायोसँग सोद्धा 'मैले पनि देखेको त होइन, तर म बेल र तालवृक्षमुनि फेदमा बसी कल्पना गरि रहेको बेलामा ढ्वाङ्ग आवाज आयो, मेरो विचारमा यो पृथ्वी पल्टिएछ भन्ने लाग्यो र भागेको हुँ' भनेर जवाफ दियो। त्यो जवाफ पाउँदा सिंहले विचार गऱ्यो – बेल खसेको आवाजले नै पृथ्वी पल्टिएको भनेर त्यहाँबाट भागेको भनेर यथार्थ थाहा पाएँ, तर मैले अझै बुझिनँ। अनि खरायोलाई साथमा लिएर त्यहाँ भएका जनावर समूहलाई आश्वासन दिँदै भन्यो – 'पृथ्वी पल्टेको जहाँ यसले देखेको थियो त्यहाँ म गएर पृथ्वी पल्टेको हो वा होइन हेर्न जान्छु। जबसम्म म फर्केर आउँदिनँ, तबसम्म तिमीहरू यहीं बस्तै गर।' त्यति भनेर खरायोलाई पिठ्यूँमा राखेर बेगसँग दगुर्दै गएर बेल खसेको ठाउँमा हेर्दा त खाली पाकेको बेल एउटा तालपत्रमा लागेर खसेको देख्यो ।

'म यहाँ बस्ता धेरै ठूलो स्वरले आवाज आयो। मेरो विचारमा त पृथ्वी पल्टियो, यहाँ बस्न हुँदैन भन्ने लागेर दगुर्दै गएको हुँ मालिक, अरू त मलाई पनि थाहा छैन' भनेर बिन्ती गऱ्यो। हामी पनि कहिलेकाहीँ एकोहोरो बस्ता केही सानो स्वर पनि ठूलो स्वरजस्तो सुनिन्छ। त्यस्तै, खरायोलाई पनि बेल खसेको आवाजले पृथ्वी नै पल्टिएको भ्रम भएको थियो। यथार्थ बुझेर फेरि सिंह खरायोलाई पिठ्यूँमा राखेर त्यो समूहलाई यथार्थ कुरा बुझाउन गयो। डराउनुपर्ने केही कारण छैन, खालि आवाजले मात्र यस्तो भएको हो, तिमीहरू आ-आफ्नो ठाउँमा गए हुन्छ भनी त्यहींबाट सबै जनावरहरूलाई पठाइदियो।

त्यस बेला बोधिसत्व नभएको भए तिनीहरू सबैले नै दुःख-कष्टले मर्नुपर्ने थियो। बोधिसत्व सिंहका कारणले गर्दा तिनीहरू सबैको ज्यान बच्यो। त्यसकारण अर्काको कुरामा लाग्नु हुँदैन, हो-होइन विचार गर्नुपर्छ।

हेर्नुस् हाम्रो नेपालका नाइकेहरूलाई। उनीहरू केटाकेटी र तरूणहरूलाई नाना रङ्गको लोभ देखाएर आफ्नो र अरूको ज्यान गुमाएर बसे । कसैले फकाएको कि सही भनेको भनेर बुझाएको भए आज हाम्रो नेपालमा यस्तो अशान्ति हुने थिएन। दुई दिनको जिन्दगीमा एक दिन त अवश्य नै मर्नुपर्नेछ, तर शान्तिपूर्वक मरौं। अहिले हेर्नु, जताततै अशान्ति नै अशान्ति छ। शान्तिनायक, शान्तिका अग्रदूत भगवान् बुद्ध जन्मेको देश भन्नलाई पनि लाज भइसक्यो। हामीहरूले अलि विचार गर्नुपर्ने कुरा हो। देशका नेता त मरेका छैनन्, ती पनि विद्वान्हरू। तर विद्वान् होइनन्, स्वार्थीहरू। अरूलाई मात्र मार्न खोज्ने। आफू मात्र बाँचे पुग्ने। करूणा, माया भएका नेता भएका भए आज कसैले लोग्ने,



Downloaded from http://dhamma.digital/

कसैले श्रीमती, कसैले आमाबुबा, कसैले दाजुभाइ, कसैले साथी, कसैले बाजेबज्यै नभईकन बस्नुपर्ने थिएन । त्यसैकारण हामीहरूले जसले जे भने तापनि सुन्ने तर गर्ने बेलामा विचारपूर्वक हो या होइन भनेर राम्रो काममा लाग्नुपर्छ । नेताहरू पनि दया, माया र विवेक, बुद्धि भएका नेता हुनुपर्छ । भनेका कुरामा मात्र जानु हुँदैन । भनेको कुरामा विचार नगरीकन लागेका कारणले गर्दा हाम्रो नेपाल पनि धेरै नोक्सानमा पुग्यो । धेरैलाई दुःख भयो । खरायोहरूले त राम्रो विचार, दया, माया भएको सिंह भेटेका हुनाले सबै जनावरहरू बाँचे । पशुहरूमा पनि दयामाया त छ तर मनुष्यको जस्तो दयामाया नभएको हुनाले यस्तो दुःख भोग गरिरहनुपरेको हो । अबदेखि यस्तो दुःख भोग्नु नपरोस् । हाम्रो नेपालका जनताहरूले दुःख भोग गरिराखेको कारण सुने तर विचार नगरीकन विश्वास गरेका हुनाले बढी दुःख भोगेका हुन् । पहिले सुन्ने अनि मात्र गर्ने काम गर्नुपर्छ । अनि मात्र सुखको मार्गमा जान पाइन्छ र शान्ति प्राप्त हुन्छ ।



Downloaded from http://dhamma.digital/

# युद्ध होइन हामीलाई शान्ति चाहिन्छ

एकछिनको जिन्दगीमा कति झैझगडा गर्ने ? हेर्नै नसकिने कुरूप सत्यजस्तो युद्ध पनि समाजको एउटा श्राप हो । नराम्रा विचारहरूबाट जब लोभलालच, अभिमान, कुर्सी तान्ने लोभ मनमा उत्पन्न हुन्छ, तब त्यस्ताको मनले कहिल्यै पनि शान्ति पाउँदैन र सधैं युद्ध भइरहन्छ। हाम्रो नेपालमा शान्ति थियो, तर आज जतातते अशान्ति मात्र छ। बाहिर गएको परिवार भित्र नआएसम्म धन्दा, सुर्ता, पीर लिएर बस्नुपर्ने हुन्छ। बाहिर गइरहेको व्यक्तिले पनि भित्र नपुगेसम्म डरैडर, अशान्ति नै अशान्ति मनमा लिएर चलिरहनुपर्छ।

भनिन्छ कि विज्ञानको उन्नति भएर नै युद्ध भइरहेको हो । विज्ञान नै युद्धको जग हो। तर युद्धको मुख्य कारण विज्ञानको प्रगति होइन। मानवहरूको अथवा मनुष्यहरूको नैतिक पतन भएर हो। धेरै लोभ भएर हो। धेरै अभिमान भएर हो। अहम् भावनाले गर्दा हो। क्रोधलाई शान्त पार्न नसक्नाले हो। युद्ध भइरहेको आज मात्र होइन, बरू पहिलेदेखि नै भएर आएको हो र पछि पनि भइ नै रहनेछ। यो युद्धको सम्बन्ध मानवहरूको स्वभावसँग छ। प्रकृतिको स्वभाव यो छ कि कमजोरलाई बलवान्ले दबाउँछ।

पहिले अधिकांश झैझगडा अथवा युद्ध राज्यको सीमा बढाउनका लागि हुने गर्दथ्यो। धर्मप्रचार गर्नका लागि पनि युद्ध हुने गर्दथ्यो। कहिले स्वार्थका लागि हुन्थ्यो । हिजोआजको झगडा त्यस्तो होइन ।

राज्यका नायकहरूले पञ्चशील पालन गरेका थिए भने अनि राग, द्वेष, मोहबाट अलग अराग, अद्वेष, अमोह, मैत्री, करूणा, मुदिता र उपेक्षा भएको भए हाम्रो नेपाल स्वर्गजस्तै हुन्थ्यो। भगवान् बुद्ध हाम्रो नेपालमा जन्मनुभएको थियो। उहाँको उपदेशलाई अपनाइएको भए, स्वीकारेको भए, देशका नाइकेसँग जनताप्रति माया-दया भएको भए सबै जनताले तिनलाई देवतासरह मान्थे। तर आज त्यस्तो नभई नाइकेमा स्वार्थको अभिवृद्धि भयो, अरूलाई मार्न पनि तयार भयो, लोभलालचमा बृद्धि भयो। यस्तो अकुशल चित्त उत्पन्न भएपछि केही न कोही बहाना गरेर युद्ध गर्ने बाटो खोजिहाल्छ। अरूप्रति दया, माया, करूणा भएको व्यक्तिले युद्ध गर्न सक्तैन। प्रथम र द्वितीय विश्वयुद्ध भएको, अरब-इजरायल, चीन, भियतनाम, भार



Downloaded from http://dhamma.digital/

त आदि मुलुकमा युद्ध भएको कारण यही नै हो। व्यक्तिको हृदयमा स्वार्थको शक्ति बढ्यो भने अन्धो गरिदिन्छ। त्यसपछि अरूले छिःछिः दुरदुर गरेको होसै हुँदैन। हामीलाई थाहा छ सद्दाम हुसेन कति शक्तिशाली थियो, कति धनी थियो। सुनको थालीमा भात खाने, सुनको चम्चाले खाना खाने, सुनको कोठामा सुत्ने गर्थ्यो। तर त्यही जिन्दगीले एउटा गुफामा लुक्नुपऱ्यो। अन्त्यमा फाँसीमा झुन्डिनुपऱ्यो। यो सबै आफ्नै कर्मको कारण हो। उसले राम्रो पनि काम गरेको थियो होला, तर अकुशल काम धेरै नै गऱ्यो होला। घमण्ड र लोभलालचको कारण त्यस्तो दुःख भोग्नुपऱ्यो।

सिद्धार्थ कुमारले सम्पूर्ण राज्य, सुख, धन-सम्पत्ति, आफ्नो छोरो, श्रीमती र परिवारलाई त्यागेर भिक्षाको भरमा विश्वलाई उद्धार र शान्ति दिनका लागि महान् त्याग गर्नुभयो। शान्तिका लागि त्यागभावना आवश्यक छ। युद्धले शान्ति प्राप्त हुने होइन। आफ्नो नराम्रो चित्तलाई दमन गर्नपर्छ। राग, द्वेष, मोहलाई हटाउने कोसिस गर्नुपर्छ। आफूसँग भएको क्लेशसँग युद्ध गर्नुपर्छ। विश्वमानवसमुदायलाई युद्धबाट बचाउनका लागि शान्ति आजको युगका लागि अत्यन्त अनिवार्य हो। यो शान्ति विश्वमा निःशस्त्रीकरणबाट मात्र सम्भव छ। किनकि प्रत्येक देशमा युद्धको डरले आर्थिक र सामाजिक विकास कम भएर गइर हेको छ। युद्धको भयबाट निर्भय भएर आर्थिक र सामाजिक विकास गर्नका लागि सधैं तयार हुनुपर्छ। भय नै छैन भने विकास गर्नका लागि ढिलो हुँदैन। त्यसैकारण हामीलाई युद्ध होइन, शान्ति चाहिएको छ। एकछिनका लागि शान्ति होइन। रेगिस्तानको शान्ति होइन र तुफान आउनुभन्दा अगाडिको शान्ति पनि होइन। शान्तिको मतलब हो जहाँ गए पनि हामीले राम्रो श्वास फेर्न पाऊँ। जुन ठाउँमा अत्याचारको भय, विघ्नबाधा नहोस्। जहाँ शोषण र आक्रमणको कुरा नहोस्, प्रेम रहोस्। जहाँ गए पनि दिदी-बहिनी, दाजु-भाइको व्यवहार होस्। त्याग गर्न सकियोस्। यो संसार दुःखको घर हो। दुःख नै दुःख चारैतिर देखिन्छन्। अनि यस दुःखका मुख्य कारणहरू हुन् सीमाहीन मानिसको आन्तरिक इच्छा। मानिसले आफ्नो इच्छा जति बढाइदिन्छ, त्यति नै उसले दुःख उत्पन्न गर्दै जान्छ। यसैले आफ्नो इच्छा सीमित राख्नुपर्छ। भगवान् बुद्धले सबै मानिसलाई पारस्परिक सेवा, सहायता, सहानुभूति राख्ने अनि पवित्र जीवनयापन गर्ने शिक्षा दिनुभएको छ। सांसारिक दुःखबाट मुक्ति पाउन आफूले अरूलाई विश्वास गर्ने, आफूलाई नियन्त्रणमा राख्ने तथा आफ्नो जिम्मेवारी बुझेर आत्मनिर्भरताका लागि सत्यपथमा अग्रसर हुने शिक्षा भगवान् बुद्धले दिनुभएको छ। यसर्थ आफ्नो, पराईको अनि सारा जगत्को हितका लागि यस्तो शिक्षालाई आफ्नो जीवनमा अपनाउनुपर्छ।



Downloaded from http://dhamma.digital/

जीवन सबैका लागि अनमोल हुन्छ। यसको पालनपोषणका लागि शुद्ध वातावरण अत्यन्त मूल्यवान् मानिन्छ। वर्तमान जीवनक्रममा समाजमा एउटा परिशुद्ध र स्वस्थ वातावरण तयार पार्न न्यायोचित शिक्षादाताहरूमध्ये बुद्धको शिक्षा, अर्ति, उपदेश अत्यावश्यक छ। उहाँले जति पनि उपदेशहरू दिनुभयो, ती सबै मानवसमाजको हितका लागि अनि एउटा स्वच्छ परिवेशका निम्ति उपयुक्त छन्। कुनै पनि प्रकारका नराम्रा कर्महरूदेखि टाढा बस्नु भनेको कुनै ईश्वरका अथवा दण्डका डरले होइन, बरू समस्त प्राणीहरूको उपकारका निम्ति हो। राम्रा-राम्रा मानवगुणको उत्पत्ति गर्नु, राम्रा कार्यहरूको अभ्यास गर्नु अनि निःस्वार्थ भावले परोपकार गर्नु नै शान्तिको मार्ग हो। शान्तिविना जीवन बिताउन गाह्रो छ। त्यसैकारण शान्तिका लागि भगवान् बुद्धका उपदेशहरूलाई अनुसरण गरौं।



Downloaded from http://dhamma.digital/

# कर्तव्यपालन नै धर्म

धारे धम्म अर्थात् कर्तव्यपालन नै धर्म हो। आगोको कर्तव्य पोल्नु हो। आगोले कहिल्यै पनि चीसो हुन दिँदैन। त्यस्तै पापीलाई अथवा सधैंभरि अरूलाई दुःख दिने व्यक्तिलाई राम्रो भनिदैन। राम्रो काम गर्ने, जिन्दगीभर अरूको सेवा गर्ने, दयामाया राख्नेलाई पापी र अधर्मी भनिदैन। हाम्रो नेपालमा धर्मको नाम लिएर मान्छेलाई भोग (बलि) दिने प्रथा पनि थियो। अहिले धर्मको नाउँमा अज्ञानी पशुहरूलाई देवताकहाँ लगेर बलि चढाउने थुप्रै छन्। ठाउँठाउँमा निर्बल पशुहरूलाई भोग दिएर धर्म गरिरहेका छन्। त्यो पनि धेरै पढेका विद्वान्हरूले अरूलाई मारेर धर्म गरिरहेका छन्। देवताको नाउँमा भोग दियो र आफ्नो पेट भऱ्यो। शनिबार र मङ्गलबार दक्षिणकालीमा टेक्ने ठाउँ पाइँदैन। अरूलाई मारेर धर्म गरिरहेको पञ्चबलिपूजा। यो कस्तो धर्म हो ? अरूलाई मारेर, दुःख दिएर गरेको काम धर्म हुन्छ ? अब शिवरात्रि आउन लाग्यो। शिवरात्रिका दिनमा अर्काको सामान चोरेर आगोमा हाल्दा धर्म हुन्छ भनिन्छ। धर्मको नाउँमा अर्काको दाउरा, भऱ्याङ, दलिन चोरेर आगोमा जलाइदिन्छन्। महादेवलाई पूजा गर्दा अर्काको सामान चोरेर पूजा गर्छन्। के यो धर्म हो ? अरूलाई दुःख दिएर अथवा अर्काको सम्पत्ति चोरेर देवतालाई अर्पण गर्नु धर्म हो ? के महादेवले अर्काको काठ, भऱ्याङ चोरेर अग्निपूजा गर्नु भनेको छ ? दक्षिणकाली, भगवती, महाकाली, भीमसेन, चण्डेश्वरी आदि सबै देवीदेवताहरूले मलाई पञ्चबलिपूजा गर, अरूलाई मारेर पूजा गर भनेको प्रमाण छ ?

म २०४१ साल फागुन होलीपूर्णिमाको दिनमा काश्मिर गएर कृष्णभगवान्ले मनोरञ्जन गरेको ठाउँ वृन्दावनतिर गएँ। एउटै बसमा ४० जना बूढाबूढी, तरूणतरूणीहरूका साथ तीर्थयात्रामा थिएँ। त्यो बेला म ग्रुपलिडर थिएँ। मलाई अहिले पनि याद छ हामीहरू वृन्दावनमा पुग्दा बेलुका ८ बजेको होला। दुई-तीनजना आएर बसबाट तरूणी र आइमाईहरूलाई बाहिर ओर्लिन नदेऊ भनेर रोक्न आए। त्यसपछि मैले सोधेँ – 'किन ?' उनीहरूले जवाफ दिए – 'आज होलीपूर्णिमा। होलीपूर्णिमाको दिनमा कृष्णभगवान्ले १६ सय गोपिनीसँग रसरङ्ग गरेका



Downloaded from http://dhamma.digital/

हुनाले आज एक दिन जसका छोरी, बहिनी, आमा, श्रीमती, जुनसुकै महिलाहरूसँग पनि खेल्न र रसरङ्ग गर्न पाइन्छ । यसमा रोक्ने कानुन छैन, तपाईंहरूलाई थाहा छैन ? फेरि तीर्थयात्रीहरूसँग झगडा हुन्छ भनेर भनेको हो । यही सुझाव दिन आएको हो ।' के धर्मको नाताले यस्तो पनि हुन्छ ? महिलाहरूको शरीर खेलौना हो ? के तपाईंहरूका श्रीमती, बहिनी, दिदीहरू र आमालाई अरू पुरूषबाट धर्मको नाममा खेलेको मन पर्छ ? हो-होइन, हेर्न जाऊँ । कृष्णले अरू महिलाहरूलाई त्यस्तो व्यवहार गर्छन् भने त्यस्ता देवतालाई भगवान् भनेर मान्ने ? यो सबै आ-आफ्नो स्वार्थका लागि गरिराखेको धर्म हो, अन्धविश्वास हो । हामी मान्छे भनेर जन्म लिएकाले न्याय र अन्याय छुट्याउने क्षमता हुनुपर्छ । अरूलाई मारेर, अर्काको धर्म चोरेर, अर्काको श्रीमान्, श्रीमतीसँग भुलेर, रसरङ्ग गरेर धर्म हुन सक्ने छैन र यो धर्म होइन । धर्म भनेको त मैले बुझेअनुसार आफू पनि खुसी अरू पनि खुसी भएको देख्न सकियोस् । त्यस्तो कामलाई नै धर्म भन्दछन् । धर्म गर्दा गरेको बेलामा पनि खुसी भएर गर्ने, कसैसँग डराउनु आवश्यक छैन । पछि पनि त्यो गरेको काममा खुसी हुने, गरिसकेपछि पनि आफूले गरिसकेको धर्मलाई याद गरेर खुसी भइरहने । त्यति मात्र होइन, मर्ने अवस्थामा पनि खुसी नै हुने ।

हामीकहाँ प्राचीनकालदेखि नै पुष्प, धूप चढाई मूर्तिको अघि हात जोडेर पूजा गर्ने परम्परा चलिआएको छ। मानिसहरू यसलाई नै धर्म भनेर सोचिरहन्छन्। तर यति मात्र धर्म होइन। धर्म भनेको त निर्बललाई माया गर्ने, रोगीहरूको सेवा गर्ने, आफूभन्दा ठूलालाई आदर, गौरव राख्ने, आफूभन्दा सानालाई माया गर्ने, दया राख्ने, प्रेम गर्ने हो। यही भगवान् बुद्धको शिक्षा हो। यही बौद्धधर्म हो।



Downloaded from http://dhamma.digital/

# अभिधम्ममा ध्यान

विश्वशान्तिको ध्यानभावना हुनु अति आवश्यक छ। चित्तलाई एकाग्र पारी स्थिर गरिराख्नु ध्यान हो। यो ध्यान शब्दलाई पालीमा यसरी उल्लेख गरिएको छ : ध्यै (चिन्तायाम्, कल्पना गरी बस्ने) ध्यै + ल्युट आत्व अनादर्शबाट निष्पन्न (हटाउने) ध्यान । ध्यान शब्द समाधिको प्रतिरूप हो । ध्यानबाट अन्तिम अवस्थामा समाधि उत्पन्न हुन्छ अनि प्रज्ञा प्रादुर्भाव हुन्छ। धर्मको स्वभावका कारण आलम्बन (विषय) चित्तचेतसिबाट आएको क्लेश हटाउनुलाई समाधि भनिन्छ। यसमा कुशल र अकुशल दुई प्रकारको चित्त हुन्छ। बकुल्लाले माछा ढुकेझैं एकाग्र भई बस्ने, बिरालोले मुसाको दुलो ढुकेझैं बस्ने आदि विषयलाई कुशल एकाग्र चित्त भन्दछ। उनीहरूमा पनि ध्यान हुन्छ तर अकुशल चित्त हुन्छ। यही कुशल र अकुशल चित्तलाई पनि हामी ध्यानभावनाबाट हटाउन सक्तछौं । त्यसैकारण ध्यान राम्रो ठाउँमा गर्नुपर्छ। असत्य र अकुशललाई हटाउनु ध्यानको काम हो। तर हामी चित्तको वशमा परेर अकुशल काम गरिरहेका हुन्छौं। चित्तको वशमा परेर हाम्रो हातखुट्टा चलिरहेको हुन्छ। मनको वशमा परेर राम्रो र नराम्रो काम भइरहेको हुन्छ। हामीले कुशल ध्यान गर्ने हो भने र मनलाई वशमा राख्न सके अकुशल काम कहिल्यै पनि हुँदैन। ध्यान भनेको स्मृति र एकाग्रता हो। हरेक क्षणमा होस राखेमा त्यो व्यक्तिले कहिल्यै पनि नराम्रो गर्न सक्तैन।

भगवान् बुद्धले परिनिर्वाण हुनुअगाडि कुशीनगरमा भिक्षु, उपासक र उपासिकाहरूलाई अन्तिम उपदेश दिनुभयो – अप्पमादेन सम्पादेथ। हरेक क्षेत्रमा र हरेक ठाउँमा खाँदा, सुत्दा, हिँड्दा, उभिँदा, कुराकानी गर्दा होस गरेर मात्र कार्य गर्नुपर्दछ। चित्त एउटा मात्र छ, तर धेरै चलाख छ। विशुद्धिमार्ग (द्व. ७७८) मा भनिएको छ कि ध्यान-चित्त केवल एउटामा भए पनि चित्त क्षणक्षणमा उत्पत्ति हुन्छ र भङ्ग (नाश) हुन्छ । त्यो मनोद्वारमार्फत उत्पत्ति भएका चित्तहरूको विधिक्रम सञ्चालन सुरू हुन्छ। समाधिलाई बाधा दिने धर्महरूबाट चित्त पूर्ण रूपमा परिशुद्ध भएका खण्डमा मात्र ध्यान अथवा चित्त स्थिर रहन सक्छ। ध्यान प्राप्त गर्ने इच्छा राख्ने व्यक्तिले सर्वप्रथम काम स्वच्छन्द, व्यापादस्तयान मुद्ध, औद्धित्य कोकृत्य र विविकिच्छालाई पूर्ण रूपमा दमन गर्नुपर्छ। साथै अरू



Downloaded from http://dhamma.digital/

निवारणहरूलाई दबाउनुपर्छ।

ध्यानले पाँच इन्द्रियबाट आउने अकुशल कर्मलाई रोक्ने काम गर्दछ। इन्द्रिय भनेको आँखा, नाक, जिब्रो, शरीर र मन हो। यी इन्द्रियद्वारबाट आउने अकुशल कार्यलाई ध्यानले बन्द गरिदिन्छ। ध्यान गर्ने व्यक्तिले आँखाबाट जुन रूपलाई देख्छ, देखेको मात्र थाहा हुन्छ। त्यसमा राम्रो-नराम्रो भनेर ऊ आसक्त हुँदैन। कानले पनि राम्रो-नराम्रो आवाज सुनेको हुन्छ। त्यसमा पनि ऊ केही आसक्त हुँदैन। खालि सुनेको मात्र हो। नाकले सुँघ्ने मात्र गर्छ, जिब्रोले स्वाद मात्र थाहा पाउँछ। खाना मीठो भए पनि नमीठो भए पनि केही फरक पर्दैन। खालि खाएको मात्र थाहा हुन्छ। शरीरलाई स्पर्श मात्र थाहा हुन्छ। सुख, दुःख, कडा, नरम, आराम भनेको थाहा हुँदैन। त्यसको स्वाद लिँदैन। खाने अवस्थामा पनि खाएर मोटो हुनलाई होइन। कसैसँग झैझगडा गर्नलाई होइन। सुन्दर या सुन्दरी भएर घमण्डी हुनलाई होइन, केवल जिउनका लागि र शीलपालनका लागि मात्र हो भनेर सम्झेर भोजन गर्नुपर्दछ।

ध्यान गर्ने व्यक्ति श्वास-प्रश्वासमा वा श्वास बाहिर गएको र भित्र आएकोमा होस गरेर सावधान भएर बस्नुपर्दछ। ध्यान गर्ने व्यक्तिलाई एकान्त आवश्यक छ। सुनसान, रूखमुनि, पर्वत, शिखर, गुफा, मसानघाट र हल्ला नभएको ठाउँ, मानिसहरूको आवागमन कम भएको ठाउँ, मनलाई शान्त गरेर ध्यान गर्ने योग्य ठाउँमा शरीर सीधा गरेर पलेटी (मुलमथी ध्यान) कसेर आफ्नो शरीरमा के-के भएर आएको छ र के-के हुने हो, त्यसलाई होस गरी ध्यान गरेर एकाग्र भएर बस्नुपर्दछ।

जसले लोभ, द्वेष, मोह, क्रोध, लालच, घात सबै त्याग गरेर सधैं स्मृति (होस) गरेर बसेको हुन्छ, त्यो व्यक्ति दस अकुशलबाट बाँच्तछ। दस अकुशल पाप भनेको शरीरबाट हुने – १) प्राणीहिंसा गर्ने, २) अर्काको सम्पत्ति चोर्ने, ३) परस्त्री वा परपुरूपगमन गर्ने। वचनबाट हुने – १) झूटा कुरा गर्ने, २) चुक्ली गर्ने, ३) कडा बचन बोल्ने, ४) बेकारका कुरा गर्ने। मनबाट अकुशल हुने – १) अर्काको धनसम्पत्तिमा लोभ गर्ने, २) अरू राम्रो भएकोमा डाह गर्ने, ३) अर्काको कुभलो चाहने, यी सबै अकुशल पापबाट बच्न सकिन्छ। यस्ता सबै अकुशल कर्महरूलाई गरिएको ध्यानबाट राम्रोसित चाल पाइन्छ। राम्रो-नराम्रो सबै कार्य थाहा हुन्छ। यो सबै वस्तु उत्पत्ति र विनाश भएको यथार्थ बुझ्न सकिन्छ। यस्तो व्यक्तिको घरमा झैझगडा हुँदैन, सधैं शान्ति हुन्छ। ध्यान गर्ने व्यक्तिलाई तर्कना, विचार, प्रीतिसुख र एकाग्रताबाट मुक्त भएर प्रथम ध्यान प्राप्त हुन्छ। अविचार समाधिबाट उत्पन्न भएको प्रीतिसुखयुक्त भएको द्वितीय ध्यान प्राप्त हुन्छ।



Downloaded from http://dhamma.digital/

जुन व्यक्ति कर्मस्थानमा समाहित हुन्छ, उसले वितर्क र विचार गर्दैन, स्मृति र शरीर सम्भोग र विचारलाई त्यागिदिन्छ र उसले सुखको अनुभव गर्न, शरीर र स्मृतिबाट तृतीय ध्यान प्राप्त गर्न सक्छ। प्रीतिसुख र एकाग्रतामा प्रीतिलाई त्याग गर्छ। सुख ध्यान चित्तका साथ लागेको हुन्छ। तर प्रीति उत्पत्ति हुँदैन। त्यसैबाट चतुर्थ ध्यान प्राप्त गर्न सक्छ। यस्तै सबै रूप-सङ्ज्ञा अनित्य हो भनेर थाहा पाएपछि निर्वाणमार्ग प्राप्त गर्न धेरै गाह्रो हुँदैन । सबैभन्दा ठूलो र महत्त्वपूर्ण कुरा ध्यान हो । घर बनाउनुपर्‍यो भने जग, पर्खाल, छाना चाहिन्छ। अनि घरभित्र बस्न सजिलो हुन्छ। त्यस्तै दान, त्यागले जग हालेको जस्तो हुन्छ। शीलले दिवालजस्तो बनाइदिन्छ। ध्यानले छाना हालेको जस्तो हुन्छ। घरभित्र बसेपछि बस्न सक्ने हुन्छ।

निर्वाणले सुखको अनुभव गर्छ। फेरिफेरि जन्म लिन आवश्यक नभएको ठाउँमा जान पाइन्छ। जबसम्म तृष्णा हुन्छ, तबसम्म जन्म लिनुपर्ने हुन्छ। यो सम्पूर्ण कार्य सिद्ध गर्न ध्यानभावनालाई विकास गर्नु जरूरी छ। ध्यानभावना र चित्तको एकाग्रताविना शान्ति प्राप्त गर्न सकिँदैन। निर्वाण त धेरै परको कुरा हो।



Downloaded from http://dhamma.digital/

# गृह-विनय

गृही-विनयको मतलब गृहस्थीहरूको नियम या विनय हो। भगवान् बुद्धले आफूले सिकेर र नियममा बसेर भिक्षु-भिक्षुणी र उपासक-उपासिकाहरूलाई पनि नियममा बस्नुपर्छ भनेर सिकाउनुभएको थियो। हामीहरूले नियमपूर्वक काम गर्‍यौं भने झैझगडा कहिल्यै हुने छैन। नियमपालन र आफ्नो कर्तव्यपालन नगरेका कारणले जताततै अशान्ति मात्र भएको हो।

अब मैले यहाँ कसरी नियम पालन गर्नुपर्छ र आफ्ना छोरालाई सही मार्गमा राख्नुपर्छ भन्नका लागि भगवान् बुद्धले उपदेश दिनुभएका कुरा र भगवान् बुद्धको पालामा भएका घटनाहरू थाहा पाउन अत्यन्त जरूरी भएको हुनाले यो गृही-विनय बताउन चाहन्छु।

भगवान् बुद्धको समयमा मगधदेशको राजधानी राजगृह थियो। त्यहाँ अत्यन्त धनी, कुलीन, श्रद्धालु, भक्तिवान् तथा बुद्धशासनमा सुप्रसन्न गृहपति महाजन एकजना थिए। उनी भगवान् बुद्धका उपासक थिए। उनले चालीस करोड सम्पत्ति भूमिमा मात्रै गाडिराखेका थिए। भगवान् बुद्धमाथि उनको ठूलो श्रद्धा र भक्तिभाव थियो। उनको चित्त पनि साह्रै परिशुद्ध थियो। उनी श्रोतापन्न भइसकेका थिए। उनी धर्मपत्नी पनि उस्तै थिइन्। तिनीहरूका सिँगाल (श्रृगाल) नाम गरेको एकजना छोरो थियो। त्यस सिँगालमा श्रद्धा र भक्ति रत्तिभर पनि थिएन। जतिसुकै उपदेश र शिक्षा दिए पनि भालुलाई पुराण सुनाउनुजत्तिकै हुन्थ्यो। बारम्बार ती महाजनले छोरा सिँगाललाई यस्तो भन्ने गर्दथे – 'प्रिय पुत्र! तिमी भगवान् बुद्धकहाँ जाऊ, त्यहाँ इच्छा नभए सारिपुत्र महास्थविरकहाँ जाऊ, होइन भने मौद्‌गल्यायन महास्थविरकहाँ जाऊ।' तर उसले मानेन। आफ्नो छोरालाई सुमार्गमा पठाउनका लागि कति मिहिनेत गरे, तर सकेनन्। एक दिन त मर्नुपर्छ। ती साहुले मर्ने अवस्थाको कल्पना गरे। छवटा दिशा नमस्कार गर्ने अवस्थामा उसले अवश्य पनि भगवान् बुद्धलाई भेट्नेछ, भगवान् बुद्धले सही मार्ग पठाउनेछन् भनेर विचार गरेर आफ्नो छोरालाई छवटा दिशाबारे भने। अनि छोरालाई छवटा दिशा भनेको त थाहा भयो (पूर्व, पश्चिम, उत्तर, दक्षिण, माथि र तल)। तर उसलाई अर्थ थाहा थिएन।

'तिमीलाई मैले धेरै उपदेश दिइसकें, तर यो कुरा एउटा त बुबाले भन्नुभएको ठीक हो भनी ग्रहण गरेनौ। आज पनि एउटा उपदेश म तिमीलाई दिन



Downloaded from http://dhamma.digital/

लागेको छु। यस कुरालाई तिमीले बुबाको अन्तिम वचन भनेर ग्रहण गर। मेरो अन्तिम अवस्था आइपुगिसकेको छ। त्यसकारण यो मेरो अन्तिम अवस्थाको अन्तिम उपदेश सम्झी ग्रहण गरिलिनेछौ भन्ने मलाई विश्वास छ।'

त्यस बेला अन्तिम अवस्थामा करूण चित्तले दिएको उपदेश सुनी सिँगाललाई पश्चात्ताप भयो। मनमा ठूलो शोक पैदा भयो। त्यसपछि आफ्नो पिताका अगाडि हात जोडी बिन्ती गर्दै भन्यो – 'पिताजी ! मैले के गर्नुपर्छ, आज्ञा होस्। म अवश्य गर्नेछु।'

'प्रिय पुत्र ! सबेरै उठी गङ्गामा स्नान गर्न जाऊ, अनि भिजेकै शरीरले पूर्व, दक्षिण, उत्तर, पश्चिम, माथि र तल, यी छवटा दिशालाई नमस्कार गर।'

यति भनी महाजनले प्राण छाडे अथवा उनको मृत्यु भयो।

मरणावस्थामा भनेको कुरा हो, जसको पनि हृदय छुँदो रहेछ। सिँगाल पुत्रले पनि बाबुको वचनलाई पालन गरेर प्रतिदिन गङ्गामा गई छदिशामा नमस्कार गर्ने चर्या गर्न थाल्यो। यसै अवस्थामा एक दिन भगवान् बुद्धले देख्नुभयो। अनि भगवान् बुद्धले ६ दिशाको अर्थ यसप्रकार बताइदिनुभयो – 'हे सिँगाल पुत्र ! भय अर्थात् निन्दा भन्ने वस्तु मानिसलाई ६ दिशाबाट आउने निन्दा आदि भय नआउने गरी आचरण गर्नुलाई नै प्रतिच्छादन भनिन्छ।

- पूर्व दिशा आमाबुबा
- दक्षिण दिशा आचार्य, गुरूजन
- पश्चिम दिशा पत्नी, पुत्रपुत्रीहरू
- उत्तर दिशा हितचिन्तक मित्र, साथीहरू
- अध (तल) दिशा नोकरचाकर
- ऊर्ध्व (माथि) दिशा श्रमण, ब्राह्मणहरू

१) आमाबुबालाई पूर्वदिशा भनेको मतलब छोराछोरीभन्दा पूर्व (पहिले) भएका हुनाले हो।

२) आचार्य गुरूजनहरूलाई दक्षिण भनेको दक्षिणा प्रदान गर्न योग्य भएकाले हो। दक्षिणको अर्थ कर्म (गर्नुपर्ने काम) र कर्मफल (कामको फल) हुन्छ भन्ने विश्वासले श्रद्धापूर्वक दिने जुनसुकै दानप्रदानलाई भनिन्छ। कुमार-कुमारीहरूलाई द्वितीय अवस्थामा शिक्षा र उपदेश दिई उपकार गर्ने र दाहिने हातजस्तो भएका हुनाले गुरूजनलाई नै दक्षिण दिशा सम्झनुपर्छ।

३) आफ्नो पछिपछि लाग्नेलाई पश्चिम दिशा भनिन्छ। स्त्री, लोग्ने, पुत्र, पुत्री, नाति, नातिनी आदिलाई पछिल्तिरको दिशा भनिन्छ किनभने उनीहरू आमाबुबाको पछि मात्र जन्मेका र आमाबुबाको पछिपछि लाग्ने हुन्छन्।

४) आपतविपतमा सहायता गरी दुःखकष्टबाट तारिदिने कल्याणमित्र साथीलाई उत्तर दिशा भनिन्छ।



Downloaded from http://dhamma.digital/

५) मालिकले अह्राउँदा अल्छी नमानी पालना गरी जो विश्वासमा बस्तछ, त्यसैलाई अधोदिशा भनिन्छ ।

६) 'पापानं बाहितत्तताति ब्राह्मणो' अर्थात् अकुशल आदि पापकर्म जम्मै निर्मूल पारिसकेकोलाई ब्राह्मण भनिन्छ। 'समितत्ताति समणो' अर्थात् संसारमा प्रवाहित गर्ने संस्कारलाई शान्त गरिसकेकालाई श्रमण भनिन्छ। संसार भयं इक्खती भिक्खु, संसारको भयबाट निस्केकालाई भिक्षु भनिन्छ। शीलादि सदाचार धर्ममा साधारण मानिसहरूभन्दा उच्चस्थ भएका हुनाले उहाँहरूलाई ऊर्ध्वदिशा भनिएको हो ।

भगवान् बुद्धले छदिशाको अर्थ बताउनुभएर फेरि आमाबुबाप्रति छोराछोरीको कर्तव्य बताउनुभयो। छोराछोरीहरूका कर्तव्य ५ प्रकारका छन्, जुन यसप्रकार छन् -

१) मलाई आमाबाबुले भरणपोषण गरेर राखेका थिए, अब मैले पनि आमाबुबालाई भरणपोषण तथा सेवाटहल गर्नुपर्दछ भनेर आमाबुबालाई नुहाउन न्यानो पानी चाहिए न्यानो पानी, चिसो पानी चाहिए चिसो पानी ठीक गरि दिनुपर्दछ । बिरामी पर्दा डाक्टर, वैद्य बोलाई राम्रो औषधि गरिदिनुपर्दछ । वृद्धावस्थामा आमाबुवालाई कुनै प्रकारको दुःख मनमा उत्पन्न नहुने गरी सेवाटहलमा लाग्नुपर्दछ ।

२) आमाबुबालाई आइपरेका तथा आइपर्ने सरकारी कामकाज जम्मैको भार आफूले बोकिदिनुपर्छ। बूढाबूढीहरूलाई भारी बोकाउनु हुँदैन ।

३) आमाबुवाले कमाएर राखेको धनसम्पत्ति अर्थात् खेतबारी, जुहारात आदि विनाश नगरी दान आदि गर्ने कुशल चर्यालाई रक्षा गर्न अर्थात् कुलवंश रक्षा गर्न सक्नुपर्दछ। आमाबुबाको नराम्रो बानी छ भने सुधार गरिदिनुपर्दछ। हिंसा गर्ने, अर्काको धन चोर्ने, व्यभिचार गर्ने, झूटो बोल्ने, अम्मल पदार्थ सेवन गर्ने बानीहरू छन् भने तिनीहरूलाई हटाउनुपर्छ। शुद्ध मार्गमा लाग्नुपर्छ। यस प्रकार को सदाचार र सद्व्यवहारको रक्षा गरी दुराचार, दुर्व्यवहारलाई त्याग्नु नै कुशल वंशको रक्षा गर्नु हो । आमाबुबाले कुशल कर्म, दानपुण्य गरिराखेका छन् भने यसलाई वृद्धि गराइदिनुलाई नै कुशल वंश स्थिर गर्नु भन्दछन् ।

४) छोराछोरी जन्मेपछि अंश लिन योग्य हुनुपर्दछ। आमाबुबाको आज्ञा मान्ने, कुलमा कलङ्क नलगाउने, शिक्षित हुनुपर्छ। आमाबुबाको कुरा सुनी रोजगार गर्ने, सुवचन बोली र सुशिक्षित भएर बस्नेले मात्र अंश लिन पाउँछ।

५) परलोक भइसकेका आमाबुबाको नाममा दान, शीलभावनामै पुण्यकार्य गरी आफूलाई प्राप्त भएको पुण्य सम्पत्ति उहाँहरूलाई प्राप्त होस् भनी मैत्रीपूर्वक पुण्यदान गर्नुपर्दछ। तिनीहरूको नाममा पुण्यकार्य गरेर बस्नु उचित छ, जुन



Downloaded from http://dhamma.digital/

कार्यले गर्दा आफूलाई समेत पुण्य प्राप्त हुन्छ । यस प्रकारले आमाबुबाको नाममा पुण्यकार्य गर्नेलाई सत्पुरूष भन्दछन् ।

यस प्रकारले पूर्वदिशासमानका आमाबुबालाई छोराछोरीहरूले पाँच प्रकारले सेवाटहल र भावभक्ति गर्नुपर्दछ भनेर भगवान् बुद्धले भन्नुभयो ।

छोराछारीहरूप्रति आमाबुबाको कर्तव्य

१) नराम्रो बानी बसाल्न दिनु हुँदैन । प्राणीघात, पञ्चशील हानि हुने काम अकुशल कर्मबाट बचाई पुण्यपथमा ल्याउनुपर्छ ।

२) असल कामकुरोमा लगाउनुपर्छ । घरानिया कुलीनहरूसँग सङ्गत गर्न लगाउनुपर्छ । पैसा दिएर भए पनि फकाई-फुल्याई सुशिक्षित, आचरी तथा सदाचारी र शीलवान् बनाउनुपर्छ ।

३) राम्रो शिल्पविद्या सिकाइदिनुपर्छ । शास्त्रविद्या, नीतिविद्यामा राम्ररी निपूण हुने गरी सम्झाइ-सिकाइदिनुपर्छ । आफ्नो खुट्टामा आफैं उठ्न सक्ने बनाउनुपर्छ ।

४) यौवन अवस्था पुगेपछि शील, विद्या, आचरणबाट युक्त भएकी कुलीन कन्यासँग विवाह गरिदिनुपर्छ ।

५) समय-समयमा आवश्यकताअनुसार खर्च दिनुपर्छ । यहाँ समयको अर्थ दुईवटा छन् –

क) नित्य समयमा दानपुण्य गर्नु र गरिबलाई यति भनी तोकेर दिनु

ख) बेलाबखत चाडबाडमा र विवाह आदि मङ्गल समयमा दिनु

स्त्रीप्रति पुरूषको कर्तव्य

१) पतिले आफ्नी पत्नीसित सम्मानपूर्वक व्यवहार गर्नुपर्दछ । आफ्नी श्रीमतीलाई बोलाउँदा सुभाषित वचनले प्रेमपूर्वक देवी वा आत्मिनी भनेर बोलाउनुपर्छ ।

२) आफ्नी पत्नीलाई दुःखसुखको एक मात्र मित्र सम्झी व्यवहार गर्नुपर्छ ।

३) आफ्नी पत्नीबाहेक अरू स्त्री राम्री भए तापनि हेर्नु हुँदैन । आफ्नी पत्नी नराम्री छ भनेर अर्काकी स्त्रीसँग गमन गर्नु हुँदैन ।

४) पत्नीको जिम्मामा घरको धनसम्पत्ति आदि जम्मै छोडिदिनुपर्दछ । श्रीमतीप्रति विश्वास गर्नुपर्दछ ।

५) आफ्नो शक्तिअनुसार गहना, लुगा तथा वस्त्र आदि समय-समयमा दिनुपर्दछ । आफ्नो नोक्सान नहुने गरी तथा गृहस्थाश्रम चिरस्थायी हुने गरी पत्नीलाई लुगा लगाउन दिनुपर्दछ ।

यी पाँच प्रकारले पश्चिम दिशासमानकी पत्नीप्रति पुरूषले व्यवहार गर्नुपर्दछ ।



Downloaded from http://dhamma.digital/

# यात्रा एक परिचय र बौद्धदर्शन

दीपङ्कर बुद्धलाई अतीत बुद्ध सम्झेर त्रिकाल बुद्धको पूजामा पाली साहित्यको आधार लिन सकिन्छ। दीपङ्कर बुद्ध चौथा बुद्ध हुनुहुन्छ। शाक्यमुनि गौतम बुद्धलाई उहाँले नै शुद्ध आशीर्वाद दिनुभएको थियो। उहाँले शाक्यमुनि बुद्धलाई 'तिमी एक लाख चौरासी हजार कल्पपछि शाक्यमुनि बुद्ध बन्नेछौ' भनेर आशीर्वाद दिनुभयो। त्यसैकारण नेपालमा दीपङ्कर तथागतप्रति श्रद्धा र गहिरो आस्था छ।

महामानव शाक्यमुनि गौतम बुद्ध आफ्ना शिष्यहरू सारिपुत्र, मौद्गल्यायन र आनन्दसहित भिक्षुसँगसँगै नेपाल आउनुभएको हो भनी स्वयम्भूपुराणमा उल्लेख गरिएको छ। शाक्यमुनि बुद्धभन्दा पहिले हाम्रा नेपालमा धेरै बोधिसत्व र बुद्धहरू उत्पन्न भएका थिए। अस्ति मात्र बुटवल देवदहबीच खोलामा भेटिएको १,२५,००० वर्ष पुरानो बोधिसत्वको दाँत भएको कुरा शङ्कर पौडेलले भन्नुभएको थियो। त्यसैकारण पहिलेदेखि बुद्धहरूको बसोबास भएको देश हाम्रो नेपाल हो भन्न सकिन्छ। बुद्ध बोधिसत्वको देश हो, नेपाल शान्तिमय देश हो तर आजकाल अशान्तिको कारण एकछिन बाँच्नलाई पनि डराएर बाँच्नुपर्ने अवस्था भएको छ। विदेशीहरू भन्थे – 'तिमीहरूको देशमा गरिबी र फोहोर छ, तर भगवान् बुद्ध जन्म भएको देश भएर शान्त छ।' भगवान् बुद्धले भन्नुभएको थियो – 'मेरो मूर्ति नबनाउनू, आमिस पूजा मात्र गर्ने नगर्नु।' तर जतातते भगवान् बुद्धको मूर्ति मात्र छ। उहाँको मुख एकचोटि नियालेर हेर्‍यो भने मनमा क्रोध आए तापनि शान्त भएर जान्छ।

शाक्यमुनि बुद्ध मगधदेश राजगृहमा हुँदा मगध सम्राट बिम्बिसारले प्रश्न गर्नुभयो – 'तपाईं कहाँबाट आउनुभएको ?' अनि हिमालको मुनि रहेको कपिलवस्तुबाट आएको भनी स्वयम् भगवान्ले भन्नुभएको थियो। कपिलवस्तुमा एउटा नदी छ। त्यो नदीमा हिमालको छायाँ देखिन्छ। तसर्थ स्वयम् बुद्धले गर्नुभएको बुद्धमूर्ति वा चैत्यपूजाको वर्णन तथा नेपालको कथा र काव्यमा उल्लेख भएका कुरालाई दृष्टि राखेमा र हिमालयको आकर्षणले भगवान् बुद्धहरू



डा. अनोजा

Downloaded from http://dhamma.digital/

नेपाल उपत्यकामा आउनुभएको कुराको विचार गर्दा पुरातात्त्विक र ऐतिहासिक अन्वेषण गर्न प्रेरित गर्छ। इतिहासले बुद्धको नेपाल आगमन किराँती राजा जितेदास्तीको शासनकालमा देखाउँछ। त्यसपछि सम्राट अशोकले बुद्धधर्म ग्रहण गरेपछि भारतमा बुद्धधर्मको प्रचारप्रसार धेरै गर्नुभयो। उहाँ नेपालमा पनि पाल्नुभयो र उत्खनन र अनुसन्धान गर्दौगर्दै निग्लिहवामा कनकमुनि बुद्धको जन्म भएको थियो भनेर अशोक खम्बामा लेखिदिनुभयो। त्यस्तै लुम्बिनी वनमा शाक्यमुनि गौतम बुद्ध जन्म भएको भनेर लेख्नुभयो।

अशोकले आफ्नी छोरी चारूमतीलाई देवपालसँग विवाह गरिदिएको उल्लेख पनि इतिहासमा छ। चारूमतीको स्मृतिमा बनाइएको (चारूमती विहार) चा:बहि अहिले पनि अशोकशैली स्तुपजस्तै छ। कोटेश्वरमा चारूमतीले बनाएको विहार र चैत्य अहिले पनि छन्। त्यस समयको राजदरबारका अगाडि अशोकस्तम्भ भएको भनाइ छ। अशोक महाराजले जहाँ पुग्यो त्यहीँ आफ्नो शिलास्तम्भ उभ्याइदिने गरेको इतिहासमा लेखेको पाइन्छ। जस्तो भए तापनि अशोकचैत्य भनेपछि विनामूर्तिको स्तूप, स्मारक रूपको चैत्य हो र फेरि भिक्षु उपगुप्तले सुनाएको कथासाहित्यअनुसार नेपाली बौद्धसमाजमा सम्राट अशोकको नाम धेरै गहिरो र धेरै उच्च छ। त्यसपछि नेपालले बुद्धधर्मदर्शनका आधारमा कलासाहित्यको धेरै विकास गऱ्यो। पाँचौं शताब्दीको पूर्वार्द्धतिर आचार्य बलभद्र तिब्बत देश भएर चीन पुगे। तिनले चीनपेह (नाकिन) लाई आफ्नो कार्यक्षेत्र बनाई त्यहाँको भाषामा बौद्धसाहित्य अनुवाद गरे। त्यो चीनमा बुद्धधर्म पुगिसकेको र बौद्धसाहित्य उत्थान र खोज्ने प्रारम्भिक युग पनि हो। त्यही समयमा फाहियन नेपालको कपिलवस्तु र लुम्बिनी पनि पुगेर फर्केका थिए।



Downloaded from http://dhamma.digital/

# बङ्गलादेश भ्रमणको अनुभव

वि० सं० २०६४ साल चैत ३ गते एम० बी० बी० एस० अध्ययनका लागि कृस्टिना श्रेष्ठलाई बङ्गलादेश पुऱ्याउन म (अनोजा गुरूमाँ), ज्ञानेश्वरी रन्जित र कृस्टिना स्वयं हामी तीनैजना काठमाडौँबाट भद्रपुरसम्म हवाईजहाजबाट गयौँ। हामी त्यहाँवाट सिलिगुढी हुँदै बङ्गलादेशको बोर्डर बुरिमारी गयौँ । त्यहाँबाट भिसाको काम सकिएपछि ट्याक्सीबाट रङ्गपुरतिर लाग्यौँ । रङ्गपुर पुग्दा रातको ११ बजिसकेको थियो। बस्ने ठाउँको व्यवस्था पहिल्यै श्रीपुर मानन्धरले मिलाइसकेका हुनाले बिना कुनै झन्झट हामी आरामसित सुत्यौँ। भोलिपल्ट कृस्टिनालाई रङ्गपुरस्थित रङ्गपुर कलेजमा भर्ना गराउनुका साथै अन्य सबै काम सकाएर हामी ८ बजेको रात्रिबसबाट बङ्गलादेशको ढाकातिर लाग्यौँ । पूरा रात बसमा बिताएका हामी तीनैजना निकै थकित थियौँ । बिहानको ६ बजे हामी ढाका पुगेका थियौँ, जहाँ हामीलाई लिन प्रज्ञानन्द भन्ते आउनुभएको थियो। हामी उहाँसँगै विहारमा गयौँ र आफ्नै विहार अनि आफ्नै आफन्त सम्झेर विना कुनै चिन्ता एक दिन र एक रात हामीले विहारमा बसेर बितायौँ। भोलिपल्ट बिहानै हामी चित्तगाउँतिर लाग्यौँ, जहाँ हामीलाई लिन आउनका लागि प्रज्ञानन्द भन्तेले बेबीमा भन्ने उपासिकालाई खबर गर्नुभएको रहेछ। ज्ञानेश्वरी दिदी र म ढाकाबाट ६ घन्टा लगाएर गाडीबाट चित्तगाउँ पुग्यौँ । संयोगले अचम्मित हुने गरी एकजना आइमाई भेटेकी थिएँ जसलाई देख्नेबितिकै कताकता चिनेको जस्तो भान भयो तर ठम्याउन भने सकिनँ। ती उपासिकाले पनि हामीबीच पहिल्यैदेखि चिनेको जस्तो व्यवहार गरिन्। ती उपासिका अरू कोही नभएर हामीलाई लिन आएकी बेबीमा उपासिका रहिछन्।

त्यहाँबाट हामी तीनैजना उपासिकाको घरमा लाग्यौँ । त्यहाँ पनि आफ्नै घरजस्तो कुनै अप्ठेरो भएको महसुस गरिनँ। मैले घर र परिवारको मङ्गलकामना गरेर परित्राण पाठ गर्नुका साथै धर्मोपदेश पनि दिएकी थिएँ। त्यहाँबाट चित्तगाउँ घुम्न निस्कियौँ । चित्तगाउँस्थित विहार पनि हेऱ्यौँ । तर कस्तो अचम्म, विहार भएर पनि त्यहाँका उपासक र उपासिकाहरूले भिक्षु र भिक्षुणीको रूप नै देखेका रहेनछन्। पहिलोपटक भिक्षुणीका रूपमा देखेका उपासक-उपासिकाहरूले मलाई खुसी र आनन्दित हुँदै भारी स्वागत गरेका थिए। सबैजनाले आ-आफ्नै तरिकाले



डा. अनोजा

Downloaded from http://dhamma.digital/

कसैले खास्टो बिच्छ्याएर त कसैले फूलको गुच्छा दिएर साधु-साधु भन्दै स्वागत गरेका थिए ।

बङ्गलादेशमा मुसलमानहरू अधिक भए पनि भिक्षुहरू लगभग ३,००० भन्दा बढी छन् । यस्तो भन्दा मलाई दुःख लाग्छ, भगवान् बुद्ध जन्मनुभएको नेपालमा थेरवादी भिक्षु-भिक्षुणीहरू जम्माजम्मी ६०० भन्दा बढी छैनन् । बङ्गलादेश आर्थिक दृष्टिकोणले एक गरिब देश हो । त्यसैले भिखारीहरूको सङ्ख्या भारतको भन्दा कुनै कमी छैन ।

टन्टलापुर घाम भए तापनि गर्मीको कुनै वास्ता नगरी धेरै गाउँहरूमा घुम्यौं । अधिकांश मानिसहरू मुसलमानहरू मात्र भएको भेटें भने मुसलमान नारीहरू अति नै नाजुक अवस्थामा भएको देखें । उनीहरू पुरूपहरूद्वारा शोपित थिए । चित्तगाउँका वासिन्दाहरू अति नै गरिब र साधारण जीवन बिताउने अनि सफासुग्घरमा कम ध्यान दिने भेट्टाएँ । त्यहाँबाट अर्को दिन रङ्गमती भन्ने ठाउँमा गयौं जहाँ धेरैजसो मानिसहरू बौद्ध भएको भेट्टाएँ । बङ्गलादेशमा भिसा मात्र भएर पुग्दैन, एक अलग्गै सिफारिस पनि चाहिँदो रहेछ । प्रज्ञानन्द महास्थविर एक समाजसेवी व्यक्तित्व हुनुहुन्छ । उहाँको अनाथालयमा केटाकेटीहरू २,८०० जना छन् । संयोगवश जाँचमा पास हुनेलाई पुरस्कार दिने कार्यक्रममा हामीलाई पनि बोलाइयो र ती अनाथ बालबालिकाहरूलाई पुरस्कार दिन पाउँदा म अति नै हर्षित भएकी थिएँ । त्यो रात हामीले रङ्गमतीस्थित आनन्द विहारमा बितायौं । रङ्गमती गाउँ प्राकृतिक सौन्दर्यले भरिपूर्ण थियो । बेसीतालको अनुभव बेग्लै छ, जुन तालको आकार गोलाकारमा छ । यो ठूलो तालमध्ये एक हो, जहाँ ४ घण्टा लगाएर घुम्दा पनि पूरा राउन्ड घुम्न सकेका थिएनौं । यसैबाट अनुमान लगाउन सकिन्छ कि बेसीताल एक लामो ताल हो । चारैतिर साना-साना पहाड र बीचमा भने ताल थियो । रङ्गमतीमा चार दिन बसेपछि फेरि चित्तगाउँ नै फर्केर गयौं । त्यहाँ बेबीमा उपासिका नै लिन आएकी थिइन् । एक रात त्यहीं बसेर अर्को दिन अर्कै ठाउँमा घुम्न गयौं । रमाइलो अनुभव गर्नुको सट्टा मानिसहरूको जीवन देखेर एक किसिमले दुःखको अनुभव गरेकी थिएँ । किनकि त्यहाँ यस्ता मानिसहरू सम्मुख देख्न पुगें जसका न दुइटा हातहरू थिए न त दुइटा खुट्टाहरू नै थिए । झ्वाट्ट हेर्दा एउटा लासजस्ता देखिन्थे । लाज ढाक्न एउटा पातलो कपडा बेरिराखेका । ती पुरूषहरूका अगाडि एकएक महिलाहरू बसेर भीख मागेर बसेका थिए । यस्तो दुर्गति जीवन बिताइरहेका मानिसहरू एकजना होइन, दुईजना होइन, सयौं भेट्टाएकी थिएँ । तीमध्ये जन्मजात नै हातखुट्टा नभएको हो भने कतिपय त दुर्घटनाले भएका रहेछन् । तर अधिकांश जन्मजात नै त्यस्ता थिए ।



Downloaded from http://dhamma.digital/

यस घटनाले मलाई सोच्न वाध्य बनायो कि हाम्रो प्रत्येक दिनको प्रत्येक कार्यमा कुनै प्राणीलाई केही हानि त भएको छैन ? कसैले पशुलाई हत्या गर्दा हातखुट्टा पहिले निकाल्छ अनि पछि मात्र प्राण लिने गरी हत्या गरिदिन्छ। त्यही पापका कारणले हो कि ती मानिसहरू जिउँदै लासजस्तो बनेका ? के हामीले अरूको ज्यान लिँदा यस्तो विपाकबारे याद गर्छौं त ? अरूको ज्यान लिँदा वा अरूलाई दुःख दिँदा सायद मजा लाग्छ होला तर त्यसको विपाकको फलस्वरूप कति भयानक भोग गर्नुपर्ने रहेछ। सायद त्यसैले नै होला अरूका हातखुट्टा काटेकाले अहिले मान्छे भएर जन्मे तापनि विनाहातखुट्टा जन्मिन पुगेछन् र दुर्गति जीवन भोगिरहेका छन्। आफूले मात्र दुःख भोगेर पुग्छ र ? तिनलाई सेवासुसार गर्नेलाई पनि कति दुःख हुन्छ होला ? यसबारे तपाईं आफै सोच्नुहोला। पोलियो थोपा नै नदिएको भए पनि एक-दुईजनाको मात्र त्यस्तो दुर्गति हुने थियो होला, तर सयौं जनताको विनाहातखुट्टा जन्म र जीवनयापन ? यो दुर्गति आफ्नै कुकर्मको फल होइन र ? यसबारे आ-आफ्नै विचारले विचार गर्नु आवश्यक देखिन्छ। त्यसकारण गल्ती नहोस् भनेर सचेत हुनु जरूरी छ। अरूलाई हानि पुगेको बेला हाँस्ने, खुसी हुने बानी छ भने त्यसलाई त्याग्ने बानीको विकास गरौं। राम्रो या नराम्रो आफूले गरेको कर्मफल आफैंले भोग्नुपर्छ। त्यसकारण हामीले संसारलाई प्रेममय बनाउनुपर्छ। जहाँ प्रेम र विश्वास हुन्छ, त्यहाँ रमाइलो र शान्त वातावरण हुन्छ। कसैप्रति नराम्रो व्यवहार नगरौं। यसले आफू स्वयम्लाई आनन्द हुन्छ नै, साथै समाजको पनि भलो हुन्छ र सबैको कल्याण हुन्छ। कसैले नराम्रो विचार मनमा राख्तछ भने उसले आफूलाई कुकर्मको बाटोतिर लैजान्छ। प्रत्येक मानिसले अभ्यासद्वारा आफ्नो विचार र वाणीमा सुधार गर्नं अत्यन्त आवश्यक छ।

चित्तगाउँमा तीन दिन बसेर फेरि कक्सबजारतिर घुम्न गयौं, जुन ठाउँमा नुन बनाउने र माछा मार्ने काम गरिन्छ। जताततै माछा पालेर राखेको देखें र नुन पनि धानको थुप्रै राखेको जस्तो देखिन्थ्यो। त्यहाँबाट बर्मा बोर्डरसम्म आयौं। त्यहाँको समुद्रमा खेलेर कक्सबजारतिर दुई रात बस्यौं। त्यसपछि फेरि ढाकातिर रातभरि वसमा बसेर आयौं। त्यसपछि ढाकाको विहारमा फर्कियौं। त्यस विहार मा पनि १८०० बालबालिकाहरूलाई अध्ययन-अध्यापन गराउँदा रहेछन्। त्यहाँबाट रङ्गपुर हुँदै कलेजमा कृस्टिना र श्रीपुरलाई भेटेर दुईजना बसबाट काठमाडौं फर्केर आयौं।



Downloaded from http://dhamma.digital/

# बोधिसत्व सिद्धार्थ गौतम

संसारमा तीनवटा कोलाहल उत्पन्न हुने गर्दछन्। ती कोलाहलहरू हुन् - कल्प कोलाहल, बुद्ध कोलाहल र चक्रवर्ती कोलाहल। बोधिसत्व तुषित भूमिमा बस्नुभएको बेला बुद्ध कोलाहल भएको थियो। कामधातुबाट व्यूह नाम गरेको देव चक्रवाल छाडेर, टाउकोमा हात राखी, आँखाबाट आँसु खसाली, रातो वस्त्र धारण गरी, अति नै कुरूप रूप लिएर मनुष्यलोकमा घुम्दै यसरी चिच्याएर कराउन थाल्यो – 'लाख वर्ष बितेपछि यो लोक नष्ट भएर जानेछ, महासमुद्रको पानी पनि सुकेर जानेछ, पहाडपर्वत नाश हुनेछ। यो ब्रह्मण्ड अनि मनुष्यलोक नाश हुनेछ। त्यसैले हे मनुष्यहरू हो ! मैत्री, करूणा मुदिता र उपेक्षाको भावना गर, आमाबुबाको सेवा गर, आदर गर, पूजा गर्न योग्य व्यक्तिहरूको मानसम्मान गर, आफूभन्दा सानालाई सधैं माया र प्रेम गर।' यसैलाई कल्प कोलाहल भनिन्छ।

यो संसार नै बाँकी रहने छैन अनि हामी पनि यो संसारमा रहने छैनौं भनेर टी० भी० मा बारम्बार प्रसारण भइरहेको हामीले सुन्दै आइरहेका छौं। भारतका विभिन्न Television Channel बाट अब आउने ४ वर्षपछि सबै नाश हुनेछ भनेर खबर प्रसारण गरेको, अमेरिकाका महान् विद्वान् एवम् महान् ज्योतिषविद्, जसले १० वर्षअगाडिको पात्रो लेखेका थिए, २०७० सालको Calender लेख्नुपर्ने छैन भनेका थिए। विद्वान् ज्योतिषीहरूको भविष्यवाणीलाई मान्नु या नमान्नु आफ्नो ठाउँमा छँदैछ। अर्कोतर्फ अतीतका कुरालाई पनि कसरी नमान्ने !

जुन युगमा लोकपाल देवले संसारमा सर्वज्ञ बुद्ध उत्पन्न हुन्छ भनेर घोषणा गरेका थिए, त्यस युगलाई बुद्ध कोलाहल भनिन्छ। एक सय वर्षपछि चक्रवर्ती राजा उत्पन्न हुनेछ भनेर एकजना देव सबै ठाउँमा घुमेर कराउन थाल्नुभयो। यसैलाई चक्रवर्ती कोलाहल भनिन्छ।

माथि उल्लिखित तीन लोकलाई महान् लोक पनि भन्ने गर्दछन्। सयौं वर्ष यसरी बित्दै गयो, कसैले पनि याद गरेन। त्यस समय बुद्ध कोलाहल शब्द सुनेर दस सहस्र चक्रवालहरूका देवताहरू जम्मा भएर सल्लाह गरेका थिए। अनि



Downloaded from http://dhamma.digital/

उनीहरूले एक देवलाई लक्षित गरेर भनेका थिए – 'उहाँ नै देव बोधिसत्व हुनुहुन्छ जसले दसपारमी, दसउपपारमी र दसपरमत्थपारमी पूरा गरि सक्नुभएको छ। उहाँले अवश्य पनि बुद्धत्व प्राप्त गर्न सक्नुहुनेछ। त्यसपछि चतुर्महाराज भूमिबाट एक देव शक्तदेव (इन्द्र), सूयाभूमिबाट एकदेव, तुषित भूमिबाट एकदेव र रिनिमित्तवरावर्ती भूमिबाट एक देव गरी जम्मा ५ जना देवहरू तुपित भूमिमा रहनुभएका बोधिसत्वकहाँ गएर मनुष्यलोकमा जन्म लिनका लागि प्रार्थना गरेका थिए। उहाँ मात्र एक त्यस्ता महापुरूप हुनुहुन्थ्यो, जसले मानवहरूको उपकार गर्न सक्नुहुन्थ्यो। अनि बोधिसत्व तुपित देव पुत्रले पाँचवटा आफ्नो जन्मका विपयमा विचार गर्नुभयो। समय, द्वीप, देश, कुल अनि माताको आयु, यी पाँचवटा जन्मसम्बन्धी उपयुक्तताबारे विचार गर्नुभयो। एक लाख वर्प आयु भएको बेला जन्म लिँदा समय, जन्म, जरा, मरणसम्बन्धी कसैले पनि वास्ता गर्ने छैन। तिनीहरूले धर्मको उपदेश सुन्ने छैनन्। अनित्य, दुःख र अनात्मा विपयमा प्रवचन गर्दा उनीहरूले बुझ्ने छैनन्। तर अब मनुष्यलोकमा मनुष्यहरूको आयु मात्र १०० वर्पसम्म छ। समय ठीक छ। यस समय मानिसहरू राग, द्वेप, मोहमा भुलिरहेका छन्, क्लेशरूपी आगोले जलिरहेको समयमा धर्मको उपदेश दिँदा उनीहरूले ध्यानपूर्वक सुन्नेछन् र धर्मलाई पालन पनि गर्नेछन्। यही समय जन्म लिनु ठीक हो भनेर उहाँ बोधिसत्वले मनुष्यलोकमा उत्पन्न हुने निश्चित गर्नुभयो।

त्यसपछि उहाँले चारवटा द्वीपहरूसम्बन्धी विचार गर्नुभयो। ती चारवटा द्वीपहरूमध्ये तीनवटामा कुनै पनि बुद्धहरूले जन्म लिनुभएको थिएन। त्यसैले बाँकी जम्बुद्वीपमा नै जन्म लिने निश्चित गर्नुभयो। तर जम्बुद्वीप त दस हजार योजन ठूलो छ, कुनचाहिँ स्थानमा जन्म लिने भनेर हेर्दा मध्यप्रदेश देख्नुभयो। यो देश हिमालको सेरोफेरोमा अवस्थित छ, जहाँ साना जङ्गलहरू छन्, पर्वत छ। मध्यप्रदेश तीन योजन लम्बाइ एक सय योजन चौडाइ अनि घेरामा नौ सय योजनको छ।

सम्यक् सम्बुद्ध, प्रत्येक बुद्ध र श्रावक बुद्धहरू सबैले यही मध्यप्रदेशमा जन्म लिने हुँदा उहाँ बोधिसत्वगले पनि त्यहीँ जन्म लिने निश्चित गर्नुभयो। त्यसपछि बोधिसत्वले कुलसम्बन्धी विचार गर्नुभयो। त्यस बेलाको समाजमा उच र नीचको सामाजिक विभेद प्रशस्त मात्रामा रहेकाले नीच कुलमा जन्म लिन छाडेर उच्च कुलमा जन्म लिने विचार गर्नुभयो ताकि उहाँका कुरालाई सबैले सुनुन्। त्यसैले उहाँले क्षत्रीय कुलमा जन्म लिनु ठीक ठान्नुभयो र मानिसहरूलाई



Downloaded from http://dhamma.digital/

सुमार्गमा लैजान क्षत्रीय कुलमा नै जन्म लिनुपर्ने आवश्यकता ठान्नुभयो । यसका लागि कपिलवस्तु नगरका शुद्धोदन महाराज र महारानी महामायादेवीको कोखमा जन्म लिने भनेर निश्चित गर्नुभयो । जुन माताको गर्भमा प्रवेश गर्ने हो, ती माता पूर्ण रूपले पञ्चशीलको पालनामा शुद्ध हुनुपर्दछ । महामायादेवीले जन्मौंजन्मसम्म दानपुण्य सञ्चय गरेर आएकी थिइन् । बोधिसत्व जन्म भएको सातौं दिनमा देहत्याग गर्नुपर्ने जस्ता विभिन्न लक्षणहरू महामायादेवीमा पूर्ण भएकाले महामायादेवीको कोखमा जन्म लिने निश्चित गर्नुभयो । बोधिसत्व जन्म भएको सातौं दिनमा माताको देहावसान भयो । कारण, बोधिसत्वजस्ता महापुरूष बसेको गर्भमा फेरि अरू कोही बस्नु हुँदैन ।

हालसालै चोभारस्थित हाम्रो सुलक्षण कीर्तिविहारमा ३८ फिट सिद्धार्थ कुमारको मूर्ति निर्माणकार्य सम्पन्न भइसकेको छ, जुन त्जबपबिलम को एजचब द्ययलकयल को पहलमा जन्मभूमि नेपालमा नै भयो । त्यसका लागि उहाँ एवम् उहाँको निकट सहयोगीहरूप्रति हामी कृतज्ञता र आभार व्यक्त गर्दछौं । हामी गौर वान्वित छौं कि सम्भवत: ३८ फिटको सिद्धार्थ कुमारको मूर्ति विश्वको पहिलो मूर्ति होला । चाइनाको उस्यो भन्ने ठाउँमा ८८ फिटको भगवान् बुद्धको मूर्ति छ । त्यस्तै ताइवानमा ६० फिटको छ । बर्मालगायत थाइल्यान्ड, कम्बोडिया, श्रीलङ्का, भारतका विभिन्न ठाउँहरूमा ठूलाठूला भगवान् बुद्धका मूर्तिहरू रहेका छन् । हामी बौद्धमार्गीलगायत सम्पूर्ण नेपालीहरू भाग्यमानी भएका छौं र यसमा हामी गौरव गर्दछौं ।

भवतु सब्ब मङ्गलम् ।



Downloaded from http://dhamma.digital/

# विगतको दुःख सम्झिंदा

२०५३ साल फागुन १७ गते देखि यो विहार शुरू भयो। यो सुलक्षण कीर्ति विहार बनाउँदा कतिको संघर्ष गर्नु प-यो भने यहाँ र पाठक वर्गहरूलाई प्रोत्साहन र उत्साह गर्नको लागि लेख्दैछु। यो विहार बनाउँदा नन्दसिद्धि गुभाजुले बनाउनुभएको पाटीमा जम्मा १५ महिना सुतेको थिएँ। यो सुन्दरीघाट भ्राजंगल भन्दा नचिन्ने कमै होलान्। चोभार आदिनाथ मन्दिरको तल सुन्दरीघाट सुलक्षण तीर्थ भनेर धेरैजसोले थाहा पाएको ठाँउ हो। यहाँ कसैको परिवारमा मृत्यु भयो भने ११ पटक श्राद्ध गर्ने ठाउँ पनि हो। २०५२ साल तिर यो एकदम डरलाग्दो ठाँउ थियो। अलि माथितिर मात्र घरहरू थियो। पाटीमा सुत्दा कहिलेकाँहि म एक्लै हुन्थे। कहिले चार पाँचजना जम्मा हुने। बेलुकी चार पाँच बजेतिर खेताला, डकर्मीहरू, ज्यामीहरू फर्केर जाँदा म एक्लै हुन्थे। राति एक्लै सुत्दा ६ बजेसम्म त डराउनु पर्दैन किनभने एक दुईजना बटुवाहरू हिड्थे। एक दुइवटा मोटरहरू चल्थे। अहिले जस्तो होइन। एक्लै सुत्दा पाठपूजा, परित्राण गरेर एक दुई घण्टा ध्यान बस्दा भुसुक्क निदाउँथे। एकैचोटी भोलिपल्ट चार बजे व्युँझिने। डर भनेको पटक्कै थिएन। पाटीमा कहिले जड्याहाहरू आएर गाली गर्ने, कहिले भूत हो की प्रेत हो धोका घच्घच्याउने र ढुंगाले हिर्काउने। तर बाहिर हेर्दा कोहि पनि हुँदैनथ्यो। यस्तै गर्दै विहार विस्तारै बनाउन थाले। राति जड्याहाहरू आउथ्यो र विहार बनाउन दिदैनौ भन्थ्यो। यो त मन्दिर हो, मन्दिर भनेको सबैलाई आवश्यक छ भनि सम्झाउँथे। त्यसपछि हो भनेर रातको १२ बजे आएर फर्कन्थ्यो। यस्तै गर्दै जगबाट माथि उठ्यो। सिमेन्ट कारखानाबाट माटो ल्याई जमिनलाई सम्याउदै लगे। माटो खसाल्दै जाँदा जमिन राम्रो तथा ठूलो देखिदै आयो। राम्रो देख्न थाले पछि १००/२०० जना मसानघाट वालाहरू आएर दुःख दिन थाले। यस्तै दश विस जना त सधै जसो रक्सी खाएर झगडा गर्न आउन थाल्यो। मलाई सानैदेखि नै झैं-झगडा भनेको मनै पर्दैन र गरेको पनि छैन। पछि तिनीहरू हतियार नै लिएर आउन थाले। एक चोटि त मलाई मार्छु भन्दै पेटमा छुराले पनि घोच्यो। मेरो लुगा बाक्लो भएकोले चोट लागेन। बरावर झगडा गर्न आउने म छक्क परेर बस्ने। यस्तैगरी पाटीमा १५ महिना बित्यो।

 डा. अनोजा

Downloaded from http://dhamma.digital/

माथिको तल्ला सक्यो तर बाथरूम तयार भएको थिएन । जसले गर्दा तलको चर्पिमा आउनु पर्थ्यो । त्यो समयमा माणिकराज बज्राचार्य र मैले रातको अन्दाजी १२:३० बजे तिर एउटा आईमाई जस्तो मान्छे देख्यौं । ऊ तल पाटीमा थियो । हामी चाहिँ माथि बार्दलीबाट हेरिरहेका थियौं । हामीले हेर्दा त्यो भित्र पस्ने, त्यो बाहिर आँउदा हामी भित्र पस्ने यस्तै क्रम कमसेकम २० मिनेट जति चल्यो । मनमा डर त थियो नै । शरिर पनि फुल्न थाल्यो । माणिक बज्राचार्य पहिला श्रामणेर थियो । वहाँ पढनको लागि बर्मा गएको थियो । तिन वर्ष बसेर फर्केर आउँदा म बस्ने पाटिमा नै बस्नु भयो । उक्त दृश्य हामी दुवैजनाले देखेका थियौं । विहारनिर वागमति नदी थियो । २०५८ सालतिर पानी पर्दा विहार माथिसम्म खोला आएको थियो । त्यो भन्दा पहिला २०५३ सालमा नै मेरो भाईले जालि हालेर माटो राखेको थियो । पछि यो ठाउँ राम्रो गर्नको लागि कसलाई के भनेर हुन्छ, जहाँसम्म जानु परेतापनि गएर मागेर ठाउँ बनाएँ । पहिला पहिला त्यहाँको ठाउँ खोलाले खाएको देखिंदैन । जब मैले खोलाबाट बचाएर ठाउँ ठूलो गरें त्यसपछि त्यो ठाउँ हाम्रो भनेर झगडा गर्न आउन थाले । कहिलेकाहिँ अरूलाई जाँड रक्सी खुवाएर झगडा गर्न पठाउने, कहिले झ्यालको शिशा फुटाउने, जथाभावी गाली गर्न लगाउने गर्न थाले । धेरै नै दुःखी भयो जीवन । यो त्यागी जीवन लिएर केहि बनाउन भनि हिंड्डा यहि ठाउँमा आएर बस्नु पर्ने। यो पनि एउटा कर्म नै होला । मेरो आमा-बुवाले तीन तीन ठाउँमा जग्गा किनी दिनुभयो । अरू ठाउँ कोटेश्वर र न्यागमणीमा पनि जग्गा दान दिनुभएको थियो । आफ्नो कर्मको कुरा हुनुपर्छ यस्तो झगडा गर्नुपर्ने ठाउँमा आएर बस्नु पर्ने । पहिला भूत आउँछ भनेर डराउनु पर्ने पछि मान्छेले मार्ला भन्ने डर । भूत आए पनि डर त छैन त्यो बेला देखेको आइमाइ जस्तो भूत माथितिर आयो । त्यसपछि माणिक र म दुबैजनाले पाठ गर्दै हेरेर बस्यौं । एकछिन पछि उतातिर गएर लोप भयो । मैले मात्र देखेको होइन दुवैजनाले देखेको । अव के भनौं सत्य हो की असत्य । अथवा भ्रम मात्र हो कि भने पनि कसरी भनौं । आवाज त धेरै पटक सुनें तर हेर्न जाँदा कोहि पनि नहुने । यस्तो अवस्थामा भगवानको उपदेश सम्झेर बस्ने । घरमा गुच्चा खेलेर बिताएकों । आमा-बुवाबाट एकचोटि पनि गाली नखाएको । कहाँबाट कहाँ पुगेछ । मान्छे भएर जन्म लिएर केहि गर्नुपर्छ भनेर मानवता भावना बोकेर आएको थिएँ । मान्छे भएर जन्म लिई मान्छे नै बनौं पशु भएर होइन भनेर कामना गरेको थिएँ । यसको मतलव मान्छे पनि पशु जस्तो हुनसक्छ । पशुलाई पाली भाषामा त्रिन्छान भन्दछ । त्रिन्छानको मतलव तीनवटा मात्र काम जान्ने लाई त्रिन्छान पशु भनिन्छ । ती तीन कामहरू :



Downloaded from http://dhamma.digital/

१) खाना खानु -पशुले पनि खान जान्दछ। भोक लागेपछि जताततै खोजेर भए पनि पेट भर्छ। त्यस्तै हामी मान्छेले पनि जसरी भए पनि खानु पर्छ। खानको लागि कोहि काम गर्छन त कोहि चोर, लुटेरा बन्छन्, फटाहा कुरा गर्छन। पेट भर्नको लागि खानै पर्छ।

२) सुत्नु - पशु पनि सुत्छन्। निन्द्रा लागेपछि जताततै सुत्ने गर्दछ। ओढ्ने ओछ्याउने केहि पनि चाहिंदैन। त्यस्तै मान्छेलाई पनि सुत्नु पर्छ। निन्द्रा आए पछि ओढ्ने ओछ्याउने केहि चाहिंदैन। हामीले देखेका छौं मान्छे पनि कुकुर सुतेको जस्तै सुतिरहेको। जंगलमा पाटी पौवामा जताततै सुतेको देखेका छौं। त्यस्तै हामी पनि सुत्ने गर्छौं। सुतेको अवस्थामा पशु र मान्छेमा केहि फरक छ त ? त्यसैले पशु पनि सुत्छन् र हामीहरू पनि सुत्छौ।

३) बच्चा पाउनु - पशुले जताततै बच्चा पाइरहेको हुन्छ। त्यस अवस्थामा ओढ्ने ओछ्याउने केहि चाहिंदैन। त्यस्तै महिलाहरूले पनि बच्चा पाउने समय आएमा जहाँ पनि पाउन सक्छन्। बसमा, खेतमा, बाटोमा पाउन सक्छन्। भगवान बुद्ध पनि सालको रूखमुनी जन्मनुभएको थियो। मैले नै एकचोटी लामोसाँगुबाट बस चढेर बनेपा आउँदा म बसेको बसमा एक महिलाले बस भित्र नै बच्चा पाएको देखेको थिँए। वच्चा पाउनको लागि बनेपाको अस्पताल ल्याउँदै थियो तर बसमा नै पायो। एक छिन पनि कुर्न सकेन। यो तीन वटा कुराहरू बरावर भयो। यदि मान्छे बन्ने हो भने त्यो भन्दा बढि एउटा कुरा हो ज्ञान। सत्य असत्य, के गर्नु हुन्छ के हुँदैन, एक दिन मर्नुपर्छ भनेर मर नानुस्मृतलाई याद गर्नु क्षमता भए त्यो मान्छे हो। आफुले खाइ पिइ अरूलाई पनि केहि मद्धत गर्नु पर्छ भन्ने भावना हुनुपर्छ। समाजसेवा गर्ने, अरूलाई माया दया गर्ने, मैत्री, करूणा, मुदिता र उपेक्षा व्यक्ति हुनु पर्छ। अरूलाई मद्धत गर्ने बानी भएको व्यक्तिलाई मानव भनिन्छ। मान्छे बन्न धेरै गाह्रो छ। सत्य असत्य थाहा पाउनु पर्छ। त्यस्तो थाहा नपाएको व्यक्तिलाई पशु भन्दछ। म त यहाँ मान्छे नभएको व्यक्तिहरूसंग संघर्ष गर्नुपर्छ। शान्ति भनेको धेरै नै कम। उनीहरूले मलाई छुरा रोप्ने, गालि गर्ने, मैले दु:ख गरेर बनाएको ठाउँ लिने। फेरि हामीलाई नै नचाहिँदो आरोप लगाउने। यो कतिको न्याय भएको छ। नेपालमा तेतिसकोटी देवताहरू छन् भन्दछन्। त्यस्तो अन्याय अत्याचार गर्ने व्यक्तिहरूलाई सहि मार्गमा ल्याउने कोहि पनि छैन क्यारे। मलाई त दु:ख लाग्छ, कहिलेकाँहि रातमा निन्द्रा लाग्दैन। अनि आफुले नै मनलाई सान्त्वना दिन्छु। उनीहरूले र क्सी खाएर गाली गरेर के भो त पहिलाको जन्ममा मैले त्यसो गरें होला भनेर। पूर्व जन्ममा आफुले गरेको कर्म फल होला भनि याद गरेर मनलाई सान्त्वना



Downloaded from http://dhamma.digital/

दिन्छु। मार्न आए पनि डर छैन एक दिन मर्नु पर्छ। बरू सास्ती चाहिँ नगरोस च्वाट्ट मारिदिए हुन्छ भन्छु। एक दिन होइन दुई दिन होइन १० वर्ष भइसक्यो यस्तो चलेको। आखिर यो विहार मेरो मात्र पनि होइन सबैको नै हो। कहिलेकाँहि छोडेर जान मन लाग्छ। फेरि लाग्छ, दाताहरूलाई खुशी बनाएर दान लिएर विहार बनाएँ। चेलीहरू पनि परिपक्क भएका छैनन्। विहार खालि पाटी जस्तो हुन्छ त्यस्तो गर्नु हुँदैन सहन्छु भन्ने विचार आउँछ। सहेको नै राम्रो अव के गर्ने त ?

आनन्द भन्ते र भगवान बुद्धको छलफल याद आउँछ। एउटा गाउँमा भगवान बुद्धसहित भिक्षा माग्न गएको थियो। त्यो गाउँ धेरै नै अशिक्षित मानिस, पशु बरावरको, पशु पनि बहुला पशु जस्तो। भिक्षु माग्न जाँदा मुर्खहरूले खुव गाली गर्थ्यो। आफुले पनि दिँदैन र दिएको मानिसहरूलाई पनि दिन लगाउँदैन। भगवान बुद्धसहित भिक्षु संघलाई भन्न हुने नहुने सबै तरिकाले गाली ग-यो। भिक्षुहरूलाई सहनै गा-ह्रो भयो। अनि आनन्द भन्तेले भगवान बुद्धलाई प्रार्थना गर्नुभयो कि हे भगवान शास्ता यो गाउँमा बस्न गा-हो भयो। यस्तो बचन सुनेर बस्नु भन्दा अरू गाँउमा भिक्षा माग्न जाँउ भन्नुभयो। अनि भगवान बुद्धले आनन्द भिक्षुलाई भन्नुभयो - हे आनन्द। यो गाउँमा बस्न र भिक्षा माग्न गा-हो भए अरू गाउँमा पनि मुर्खहरू होला अनि के गर्ने ? आनन्द भन्तेले भगवान शास्ता त्यहाँ पनि छोडेर जाने भन्नु भयो। फेरि अर्को ठाउँमा पनि त्यस्तै भयो भने के गर्ने ? त्यसैले आनन्द एउटा ठाउँमा दिक्क लाग्यो, मुर्खहरू छन् भनेर जति जति ठाउँ छोडेता पनि पुग्दैन। त्यसैकारण यो ठाउँमा नै मुर्खहरूलाई बुद्धिमान गरौं। त्यसपछि जहाँ गए पनि हुन्छ। यो ठाउँमा दुःख दियो भनेर छोडेर जानु हुँदैन। यहि ठाउँमा बस्नु पर्छ भनेर उपदेश दिनु भयो।

यहि उपदेशलाई याद गरेर बसें। पहिला विहार शुरू गर्दा चर्पि थिएन। पंचदाईले घैंटोको चर्पि र ध्रुव मानन्धर कहाँबाट बोरा ल्याई पर्खाल जस्तै बनाइदिनुभयो। खोलानिरको चर्पिमा जाँदा खुट्टामाथि सर्प स्वार्र गरेर जान्थ्यो। हेरेर बसें तर केहि गरेन। त्यस्तो ३ चोटि भयो। डराएर नगए अरू ठाउँ छैन। खाना खान रोक्न सकिन्छ तर दिशापिसाव रोक्न सक्दैन। त्यस्तै भात पकाउने भाँडोमा पनि सर्पले बेरेर बस्यो। यो ठाउँमा विभिन्न रङ्ग रातो, निलो,कालो, पहेंलो, खैरो रङ्गको सर्पहरू छन्। त्यसैकारण अहिले यहाँ नागपोखरी बनाएको छु। यसरी दुःख गरेर यो सुलक्षण कीर्ति विहार तयार भएको हो।



Downloaded from http://dhamma.digital/

# दाताका बुबामुमा





**सानुकाजी स्थापित (पिता)**
ने.सं. १०२८ - चिल्लाथ्व चतुर्दसी
ने. सम्बत - ११२६ - जलाथ्व १४ बुधबार

**सानुमाया स्थापित (माता)**
ने.सं. १०२९ - थिल्लाथ्व ८
ने. सम्बत - ११११ - गुलागा १५

## छोरा-बुहारीहरु

| | |
|---|---|
| श्री प्रेमकाजी स्थापित | - श्रीमती सुवर्णलक्ष्मी स्थापित |
| श्री सानुबाबु स्थापित | - श्रीमती माणिकलक्ष्मी स्थापित |
| श्री निलकाजी स्थापित | - श्रीमती रत्नकमल स्थापित |
| श्री अमिरकाजी स्थापित | - श्रीमती शशीप्रभा स्थापित |

## छोरी-जुवाँईहरु

| | |
|---|---|
| श्रीमती हेरलानी तुलाधर | - स्व. सप्तरत्न तुलाधर |
| श्रीमती न्हुछेंमाया स्थापित | - स्व. सूर्यमान स्थापित |
| श्रीमती लक्ष्मीशोभा कंसाकार | - स्व. जुजुरत्न कंसाकार |
| स्व. रेहेना ताम्राकार | - श्री राजेन्द्र ताम्राकार |

Downloaded from Dhamma.Digital





Sil Sandesh

शील सन्देश

## डा. अनोजा गुरुमाँ

| | | |
|---|---|---|
| नाम | : | शारदा मानन्धर |
| जन्मस्थान | : | बनेपा-५, वांख्योटोल |
| जन्ममिति | : | ई.सं. १९६० जुलाई ७ |
| राष्ट्रियता | : | नेपाली |
| गृहत्याग | : | ११ वर्षकी छँदा |
| शिक्षा | : | एस.एल.सी. (२०३४)<br>आई.ए. (२०४५)<br>बी.ए. (२०४८)<br>एम.ए. (२०५०)<br>विद्यावारिधि (२०५४ बौद्ध दर्शन) |
| अन्य शिक्षा | : | प्राथमिक सेवा तालिम, एक्युप्रेसर तालिम, सिलाई, बुनाई, रफ्फु भर्ने तालिम, ध्यानयोग तालिम । |
| विशेष संलग्नता | : | सुलक्षणकीर्ति विहार, चोभारका संस्थापक, बौद्ध ज्योति अन्तर्राष्ट्रिय संघ नेपाल शाखाको अध्यक्ष, सुगत सन्देश, बौद्ध पत्रिकाका प्रकाशिका तथा सल्लाहकार । |
| संलग्न संघ-संस्था | : | धर्मोदय सभा, बौद्ध परियत्ति शिक्षा केन्द्र, शाक्यसिंह विहार, ध्यानकुटी विहार, अन्तर्राष्ट्रिय बौद्ध योग केन्द्र, भिक्षुणी संघ, नेपाल रसियन सांस्कृतिक केन्द्र, लुम्बिनी गौतमी विहार, धर्मकीर्ति विहार, जनमत प्रकाशन । |
| भ्रमण | : | इटाली, फ्रान्स, जर्मनी, बेलायत, स्वीजरल्याण्ड, अमेरिका, क्यानाडा, अस्ट्रेलिया, इजरायल, टर्की, कोरिया, हङकङ, ताइवान, थाइल्याण्ड, बर्मा, सिंगापुर, भारत, जापान, श्रीलङ्का, पाकिस्तान, चीन आदि । |
| धर्म दृष्टि | : | राम्रो गर्नु नै धर्म हो । राम्रो कर्म र राम्रो विचार गर्ने सोच बनाएर अरुको उपचार गर्नु नै धर्म हो । प्राणी हिंसा गरेर अरुलाई ढाँटेर, अर्कालाई छलेर, अर्काको चोरेर, चाकडी-चुक्ली गरेर धर्म पाइँदैन । बौद्ध भनेको बुद्धि वा ज्ञान हो । धर्म भनेको धरायतीति धर्म हो अर्थात् जे धारणा गरिन्छ, त्यसलाई धर्म भनिन्छ । यस आधारमा हेर्दा ज्ञानलाई अङ्गाल्नु नै बौद्ध धर्म हो । |

9789937831307

Downloaded from http://dhamma.digital/